“उद्यमशीलता र पारदर्शिता:सहकारीको प्राथमिकता”

दर्ता नं.: ५१(१४२)०५५/०५६/०५५/४/४
पान नं.: ३०११२०१६६

सम्पर्क नं.: ०२१-५७०५१३
०२१-५१६९५९

coop

# राष्ट्रसेवक
## बचत तथा ऋण सहकारी संस्था लि.
विराटनगर-९, मोरङ

# २८औं वार्षिक साधारण सभा
२०८३ असोज ०३ गते, शनिबार



## प्रस्तुत वार्षिक प्रतिवेदन



# शेयर सदस्यज्यूहरूमा हाम्रो अपिल !

- ☑ संस्थाको साधारण सभामा उपस्थित हुनु शेयर सदस्यको अधिकार र कर्तब्य दुवै हो कतै बेवास्ता गरिरहनु भएको छ कि ?
- ☑ तपाइँको मासिक जम्मा गर्नुपर्ने बचत जम्मा गर्न छुटिरहेको छ कि ?
- ☑ तपाइँले लिनु भएको ऋणको मासिक रुपमा किस्ता र ब्याज बुझाउने दायित्व तपाइँकै हो । कतै छुटिरहेको छ कि ?
- ☑ संस्थाले आमन्त्रण गरेका विभिन्न कार्यक्रमहरुमा उपस्थित हुन छुटिरहनु भएको छ कि ?
- ☑ तपाइँको जानकारीमा कुनै संचालक, शेयर सदस्य वा कर्मचारीले संस्थालाई हानिनोक्सानी पु¥याउने काम भएको छ कि ?
- ☑ तपाइँले संस्थाबाट बुझ्नु पर्ने कुरा संस्थामा नबुझि बाहिर बाहिरैका कुरा सुनेर धारणा बनाइरहनु भएको छ कि ?
- ☑ शेयर सदस्यको कर्तब्य वा संस्था प्रति आफुले गर्नुपर्ने दायित्व विर्सेर आफ्नो अधिकारलाई मात्र अघि सारिरहनु भएको पो छ कि ?
- ☑ संस्थाबाट तपाइँले लिने सेवामा कुनै ढिलासुस्ती भएको छ कि ?
- ☑ संस्था कसरी संचालन भईरहेको छ, जानकारी लिन विर्सिरहनु भएको छ कि ?
- ☑ संस्थालाई अझै व्यवस्थित र सदस्य मैत्री बनाउन सुझावहरु दिन भुलिरहनु भएको छ कि ?
- ☑ मोवाइलमा आउने OTP अरु कसैलाई शेयर नगरौं ।
- ☑ मोवाइल बैङ्किङ, Gmail जस्ता कुराहरु चलाउँदा ह्याकिङमा परिने डर हुन्छ त्यसैले फ्रि वाइफाइको प्रयोग नगरौं ।
- ☑ संस्थाको एप्लिकेशन संचालनमा समस्या भए संस्थामा सम्पर्क गरी समस्या समाधान गरौं ।
- ☑ अनलाइन भुक्तानी गर्दा QR Verify गरेर मात्र भुक्तानी गरौं ।

तपाईंको सानो खबरदारी, सुझाव र अनुभव आदानप्रदानले नै संस्था समृद्धितर्फ अघि बढ्न सक्दछ । त्यसैले आउनुहोस् हातेमालो गर्दै अघि बढौं ।

## राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.

### विराटनगर-९, मोरङ

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.

**विराटनगर-९, मोरङ**

## २८औं वार्षिक साधारण सभा हुने सूचना

**मिति: २०८३/०५/०१**

**आदरणीय शेयर सदस्यज्यूहरु (सवै),**
**राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर ।**

**संस्थाको सञ्चालक समितिको २०८३ श्रावण २९ गतेको बैठकको निर्णयअनुसार २८औं वार्षिक साधारणसभा तपशिल बमोजिमको कार्यक्रम अनुसार सम्पन्न गरिने भएको व्यहोरा सबै शेयर सदस्यज्यूहरुको जानकारीका लागि अनुरोध छ ।**

**वार्षिक साधारण सभाको कार्यक्रम**

मिति : २०८३ असोज ०३ गते शनिवार,
स्थान : कन्चनजङ्घा पार्टी प्यालेस, पाञ्चाली, विराटनगर
समय : बिहान १०:०० बजे ।

**साधारण सभामा प्रस्तुत हुने विषयहरु**

१. आ.व. ०८२/८३ को समीक्षा ।
२. आ.व. ०८२/८३ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल सहित अनुमोदन ।
३. आ.व. ०८२/८३ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन छलफल सहित अनुमोदन ।
४. आ.व. ०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तथा आ.व.०८४/८५ को अनुमानित वार्षिक बजेट पारीत गर्ने ।
५. आ.व. ०८३/८४ को लागि लेखापरीक्षक नियुक्ति सम्बन्धमा ।
६. निर्देशिका/कार्यविधिहरु संशोधन तथा पारित गर्ने ।
७. विविध ।

**संस्थाको संक्षिप्त वित्तिय झलक**

| वित्तिय स्थिति विवरण (वासलात) | | | आम्दानी खर्च विवरण | | |
|---|---|---|---|---|---|
| **विवरण** | **आ.व. ०८२/८३** | **आ.व. ०८१/८२** | **विवरण** | **आ.व. ०८२/८३** | **आ.व. ०८१/८२** |
| शेयरपूँजी | ७५९६०९००.०० | ७२३९१९००.०० | ऋण कारोबारबाट | ३९८७७३६४.०० | ४४८२५६५७.०० |
| कोष हिसाव | ४९८७३२११.९२ | ४९९७२०४३.३१ | आम्दानी | ६१९१६९३.२७ | ६५७४४७३.३६ |
| निक्षेप हिसाव | ४८६३२५२७०.७४ | ४४४३११७०८.७३ | सञ्चालन आम्दानी(बैक | ९९४१.१६ | ३५४३९.२० |
| ऋण लिएको | ०.०० | ०.०० | व्याज समेत) | | |
| भुक्तानी दिनुपर्ने | ३६४२८३४.०२ | ३४९०२५१.०२ | अन्य आम्दानी | | |
| अन्य दायित्व | ३७३३१०७.७९ | ३६६३१९९.७७ | | | |
| स्थगन कर दायित्व | ०.०० | २८३५१.३६ | | | |
| **जम्मा पुँजी तथा दायित्व** | **६१९५३५३२४.४७** | **५७३८५७४५४.१९** | **जम्मा आम्दानी** | **४६०७८९९८.४३** | **५१४३५५६९.४६** |
| नगद | ८६५५०३.०० | ८९४८२०.०० | प्रशा. तथा उपभोग खर्च | ३०२२८८५.६० | ३१३१७७२.०० |
| बैंक | १६३७६६१२९.२८ | ११०९१८१८६.४८ | कार्यालय सञ्चालन खर्च | ४३६५२०४.३० | ४४४७८४३.१५ |
| लगानी/लगानी सम्पती | ८४५५२०२३.१४ | ६४७१६५५३.८२ | वित्तीय खर्च | ३६०९७४३७.६६ | ३९२७४११२.४१ |
| ऋण लगानी | ३२६७८७४६२.०० | ३५८८७२९९४.०० | संस्था विकास प्रवर्द्धन खर्च | ४३०३८८.०० | ६३९६२९.०० |
| पाउनुपर्ने | ३९८५२७२.३५ | २०४९०१८.९९ | कोष व्यवस्थापन खर्च | ३०४६५४.०० | १६९५१६९.०० |
| जायजेथा तथा उपकरण | ३८८७८८१०.७० | ३५६७३००१.७० | स्थगन कर खर्च | ०.०० | ३५४३९.२० |
| अमुर्त/अन्य सम्पत्ति | ६८३०९५.०० | ६९७४४०.०० | | | |
| स्थगन कर सम्पत्ति | १७०२९.०० | ३५४३९.२० | | | |
| **जम्मा सम्पत्ति तथा जायजेथा** | **६१९५३५३२४.४७** | **५७३८५७४५४.१९** | **जम्मा खर्च** | ४४२२०५६९.५६ | ४९२२३९६४.७६ |
| **कुल सदस्य : १९१२** | **महिला : ८५५, पुरुष : १०५२, अन्य : ७** | | **सञ्चालन बचत** | १८५८४२८.८७ | २२११६०४.७० |

**द्रष्टब्य:-*साधारण सभामा आउँदा आफ्नो शेयर सदस्यता (सदस्य) नम्बर अनिवार्य रुपमा नोट गरेर वा थाहा पाएर मात्र आउनु हुन ।***

**जीवन काफ्ले**
**अध्यक्ष**

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.

**विराटनगर-९, मोरङ**

**विषय : २८औं वार्षिक साधारण सभाको निमन्त्रणा ।**

**मिति: २०८३/०५/०२**

आदरणीय शेयर सदस्यज्यूहरु (सवै),
राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर ।

संस्थाको सञ्चालक समितिको २०८३ श्रावण २९ गतेको बैठकको निर्णयअनुसार २८औं वार्षिक साधारणसभा तपशिल बमोजिमको कार्यक्रम अनुसार सम्पन्न गरिने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई निमन्त्रणा गर्दछु ।

कार्यक्रममा अनिवार्य रुपमा उपस्थित भई सदस्यको अधिकार र दायित्व निर्वाह गरिदिनु हुन अनुरोध छ ।

वार्षिक साधारण सभाको कार्यक्रम

मिति: २०८३ असोज ०३ गते शनिवार,
स्थानः कन्चनजङ्घा पार्टी प्यालेस, पाञ्चाली, विराटनगर
समयः बिहान १०:०० बजे ।

साधारण सभामा प्रस्तुत हुने विषयहरु

१.आ.व. ०८२/८३ को समीक्षा ।
२. आ.व. ०८२/८३ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल सहित अनुमोदन ।
३. आ.व. ०८२/८३ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन छलफल सहित अनुमोदन ।
४. आ.व. ०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पारित गर्ने ।
५. आ.व. ०८३/८४ को लागि लेखापरीक्षक नियुक्ति सम्बन्धमा ।
६. निर्देशिका/कार्यविधिहरु संशोधन तथा पारित गर्ने ।
७. विविध ।

.....................
जीवन काफ्ले
अध्यक्ष

राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.
बिराटनगर ९, मोरंग
२०८३ असार मसान्तको
संस्थाको लङ फर्म विवरण

| सि.नं. | विवरण | कैफियत |
|---|---|---|
| १ | संस्थाको बिबरण | |
| | संस्थाको नाम : राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. | |
| | संस्थाको ठेगाना : बिराटनगर ९, मोरंग | |
| | दर्ता नं. र मिति : द.नं. ५१(१४२)०५५/५६ मिति: २०५५/०४/०४ | |
| | कार्य क्षेत्र : मोरंग जिल्ला । | |
| | सम्पर्क नम्बर : ०२१५७०५१३, ५१६९५९ | |
| | स्थायी लेखा नम्बर : ३०१९२०१६६ | |
| २ | सदस्य बिबरण | |
| | संस्था स्थापनाका सदस्य संख्या : ३७ जना | |
| | महिला : .६ जना | |
| | पुरूष : ३१ जना | |
| | अन्य : ० जना | |
| | गत आ.व. को सदस्य संख्या : १८९३ जना | |
| | हाल सम्मको सदस्य संख्या : १९०५ जना | |
| | महिला : ८५२ जना | |
| | पुरूष : १०४६ जना | |
| | अन्य : ७ जना | |
| | सदस्यता बृद्धि अनुपात : १।०६ % | |
| ३ | शेयर | |
| | चुक्ता शेयर पुजी : रू ७५९६०९००।०० | |
| | प्रति कित्ता शेयर रकम : रू १००।०० | |
| | अधिकतम शेयर सिमा (एकजनालाई) : रू १५१९२१८०।०० | |
| | एकजनाको अधिकतम शेयर रकम : रू ५००००।०० | |
| ४ | कोष | |
| | जम्मा कोष : रू ४९८७३२११।९२ | |
| | जगेडा कोष : रू ३८०१०१९५।११ | |
| | ऋण नोक्सानी कोष : रू ३२६७८७४।६२ | |
| | अन्य कोष : रू ८५९५१४२।१९ | |
| ५ | निक्षेप (बचत) | |
| | निक्षेप जम्मा गर्ने सदस्य संख्या : १९०५ जना | |
| | निक्षेप (बचत) का प्रकार : क्रमागत बचत, बचत, बालबचत, अक्षयकोष, पेन्सन योजना बचत र आवधिक बचतहरू | |
| | ब्याजदर : ४, ५, ६, ७, ८, ९, १० औसत ७ % | |
| | अधिकतम बचत सिमा : कुल पुंजीकोषको १५ प्र. भन्दा कम | |
| | गत आ.व. को निक्षेप बाकी : रू ४४४३११७०८।७३ | |
| | यस आ.व. मा संकलन : रू ३०२२७३२९२।४४ | |
| | यस आ.व. मा फिर्ता : रू २६०२५९७३०।४३ | |
| | कूल बाँकी निक्षेप : रू ४८६३२५२७०।७४ | |
| ६ | बाह्य ऋण लिएको | |
| | बाह्य ऋण रकम : रू ०।०० | |
| | तिर्नुपर्ने ब्याज बाकी : रू छैन । | |
| | ऋण लिएको निकाय : छैन । | |

Page 1

## २०८३ असार मसान्तको
## संस्थाको लड फर्म विवरण

| सि.नं. | विवरण | कैफियत |
|---|---|---|
| ७ | **लागत रहित दायित्व** | |
| | कूल लागत रहित दायित्व : रू ५७२४९१५३।७३<br>कोष हिसाब : रू ४९८७३२११।९२<br>भुक्तानी दिनुपर्ने हिसाब : रू ३६४२८३४।०२<br>अन्य दायित्व हिसाब : रू ३७३३१०७।७९<br>स्थगन कर दायित्व हिसाब : रू ०।०० | |
| ८ | **नगद** | |
| | नगद जिम्मा रहने व्यक्ति : श्री कृष्ण भट्टराई (प्रबन्धक)<br>नगद मौज्दात : रू ८६५५०३।०० | |
| ९ | **संस्थाको नाममा खाता रहेको बैंक** | |
| | कृषि बिकास बैंक लि. : सिटिजन्स बैंक लि.<br>सहकारी बैंक नियमित : ग्लोबल आई एम ई बैंक लि.<br>कुमारी बैंक लि. : सहकारी बैंक क्रमागत<br>राष्ट्रिय सहकारी बैंक लि. :<br>व्याजदर : २ देखि १३.५ प्रतिशत सम्म । | |
| १० | **छाता संघमा आवद्धता** | |
| | जिल्ला सहकारी संघ मोरंग : राष्ट्रिय सहकारी बैंक लि.<br>कोशी प्रदेश बचत संघ : नेफ्स्कून केन्द्रिय बचत संघ<br>कोशी प्रदेश सहकारी संघ | |
| ११ | **सदस्यलाई ऋण लगानी** | |
| | ऋणी सदस्य संख्या : ३२८ जना<br>महिला : १४९ जना<br>पुरूष : १७९ जना<br>अधिकतम भाखा नाघ्ने अवधि : ५ वर्ष<br>ऋण लगानीमा लिने व्याजदर : ११ %<br>एक जनालाई अधिकतम ऋण लगानी : रू १००००००।००<br>कर्जा नोक्सानी व्यवस्था : रू ३९४०८२९।३४<br>गत आ.व. को ऋण लगानी बाकी : रू ३५८८७२९९४।००<br>यस आ.व. को लगानी : रू २२१८२२८१५।००<br>यस आ.व. को असुली : रू २५३९०८३४७।००<br>यस आ.व. को बाकी ऋण : रू ३२६७८७४६२।००<br><u>ऋण लगानीका शिर्षक</u> : <u>ऋण लगानी रकम</u><br>शेयर बचत जमानी ऋण : रू ८१५१६२६।००<br>आवधिक धितो ऋण : रू ४१९१७९३।००<br>धितो ऋण : रू ६४२७९६७५।००<br>हायरपर्चेज ऋण : रू १२३३९७४।००<br>क्रमागत बचत जमानी ऋण : रू ०।००<br>विशेष धितो ऋण : रू १२९५२६८५५।००<br>शैक्षिक ऋण : रू १७९४०००।००<br>व्यवसायिक ऋण : रू ९३०४९५३९।००<br>कर्मचारी ऋण : रू ७६५०००।००<br>कृषि ऋण : रू ११००००००।००<br>व्यवसायिक परियोजना ऋण : रू १२७९५०००।००<br>जम्मा : रू ३२६७८७४६२।०० | |

Page 2

२०८३ असार मसान्तको
संस्थाको लङ फर्म विवरण

| सि.नं. | विवरण | कैफियत |
|---|---|---|
| १२ | सञ्चालक समिति | |
| | सञ्चालक समिति संख्या : ११ जना (महिला २, पुरूष ९)<br>पदावधि : ४ बर्ष<br>निर्वाचन मिति : २०८१/०५/२९<br>अध्यक्षको नाम : श्री जीवन काफ्ले<br>सम्पर्क नम्बर : ९८५२०२६४६९<br>यस आ.व. को बैठक संख्या : १३ वटा | |
| १३ | लेखा समिति | |
| | लेखासुपरीबेक्षण समिति संख्या : ३ जना (महिला ०, पुरूष ३)<br>पदावधि : ४ बर्ष<br>निर्वाचन मिति : २०८१/०५/२९<br>लेखासुपरीबेक्षण समिति संयोजकको नाम : श्री अन्तिमकुमार आचार्य<br>सम्पर्क नम्बर : ९८५२०३४१३४<br>यस आ.व. को बैठक संख्या : ४ वटा | |
| १४ | साधारण सभा | |
| | प्रारम्भिक साधारणसभा भएको मिति : २०५५/०३/२७<br>सहभागी कूल सदस्य संख्या : ३७ जना<br>प्रथम साधारणसभा भएको मिति : २०५५/०६/३१<br>कूल सदस्य संख्या : ६२ जना<br>उपस्थित सदस्य संख्या : ५४ जना<br>पछिल्लो साधारणसभा भएको मिति : २०८२ असोज २५ गते<br>कूल सदस्य संख्या : १८९६ जना<br>उपस्थित सदस्य संख्या : १११८ जना<br>उपस्थित सदस्य प्रतिशत : ५८।९७ % | |
| १५ | कर्मचारी | |
| | कर्मचारी संख्या : ६ जना<br>महिला : २ जना<br>पुरूष : ४ जना | |
| १६ | जायजेथा उपकरणको घर जग्गा | |
| | जग्गा क्षेत्रफल : ०-१-१५ (एक कठ्ठा पन्ध्र धुर)<br>मुल्य : रू १३१४५८९९।००<br>भवन : एक नया निर्माणाधिन रहेको<br>मुल्य : रू २४७७३१४८।७० | |
| १७ | लगानी सम्पतिको घर जग्गा | |
| | जग्गा क्षेत्रफल : ०-१-९-२ (एक कठ्ठा साढे नौ धुर)<br>मुल्य : रू १०९६७४३६।००<br>भवन : एक पुरानो भवन र टहराहरू रहेको<br>मुल्य : रू ३७०४३६९।०० | |
| १८ | संस्थामा रहेका नियम कार्यबिधिहरू | |
| | बचत तथा ऋण कार्यबिधि — कर्मचारी प्रशासन निर्देशिका<br>निर्वाचन निर्देशिका — परिवार राहत कार्यक्रम निर्देशिका<br>आन्तरिक नियन्त्रण कार्यबिधि — सम्पति शुद्धिकरण निर्देशिका | |

Page 3

## २०८३ असार मसान्तको
## संस्थाको लड फर्म विवरण

| सि.नं. | विवरण | | कैफियत |
|---|---|---|---|
| १९ | **कूल बार्षिक आम्दानी** | | |
| | आम्दानीको लक्ष्य :<br>कूल प्रगति : | रू ५,४८२२०००।००<br>रू ४६०७८११,८।४३ | |
| २० | **कूल बार्षिक खर्च बजेट** | | |
| | बार्षिक खर्चको बजेट :<br>कूल खर्च : | रू ४८१६२३००।००<br>रू ४४२२०५६१।५६ | |
| २१ | **आन्तरिक नियन्त्रणको व्यवस्था** | | |
| | सफ्टवेयर मार्फत कारोबारको लेखा राखिएको<br>दैनिक क्यास चेक गर्ने गरिएको<br>दैनिक खाताबन्दी गर्ने गरिएको | : सुरक्षित नगद काउण्टरको व्यवस्था भएको<br>: सि.सि. क्यामराको व्यवस्था गरिएको<br>: फलामे सेफको व्यवस्था गरिएको | |
| २२ | **मासिक रूपमा ढिकुटीमा रहेको नगद बिबरण** | | |
| | २०८२ श्रावण रू २०,७३,९६२।<br>२०८२ भाद्र रू १५,७२,६५५।<br>२०८२ असोज रू १८,५४,८५९।<br>२०८२ कार्तिक रू ३२,८७,५७२।<br>२०८२ मंसिर रू २३,४५,४५०।<br>२०८२ पौष रू २१,०३,५७६। | : २०८२ माघ रू २९,६७,२७८।<br>: २०८२ फाल्गुण रू २३,४१,४८८।<br>: २०८२ चैत्र रू १५,५१,११५।<br>: २०८३ बैशाख रू २९,८३,२४९।<br>: २०८३ जेष्ठ रू २६,४७,४३३।<br>: २०८३ असार रू ८६५५०३। | |
| २३ | **संस्थाले गरेको रकम बिमा** | | |
| | संस्थामा रहने नगद बीमा रकम रू :<br>नयाँ पुरानो भवनको बीमा रकम रू :<br>अवधि सम्म :<br>बीमा कम्पनीको नाम : | ५०,००,०००।००<br>२६७३४१०२।००<br>३०/१२/२०२६<br>राष्ट्रिय बिमा कम्पनी लि. | |
| २४ | **संस्थाले कारोबारको अतिरिक्त गरेका मुख्य कार्यहरू** | | |
| | ज्यंष्ठ नागरिक सम्वन्धि कार्यक्रम सञ्चालन<br>रमाईलो तीज र बनभोज कार्यक्रम<br>जेष्ठ नागरिक र बिद्यार्थी सम्मान | : सदस्य शिक्षा र तालिमहरू<br>: वित्तीय बिश्लेषण कार्यक्रम<br>: अध्ययन अवलोकन भ्रमण | |
| २५ | **संस्थाले गरेका मुख्य मुख्य कारोबारहरू** | | |
| | बचत तथा ऋण कारोबार | : ग्यास व्यवसाय कारोबार । | |
| २६ | संस्थाले यस आ.व. मा बितरण गरेको शेयर लगानीमा प्रतिफल | : रू ७११७३२४।०० | |
| २७ | सञ्चालक, लेखा समिति र प्रबन्धकमा नाता गोता भित्रका व्यक्ति भए/नभएको | : नभएको । | |
| २८ | ऋण लगानीमा कुनै सेवा शुल्क लिने गरेको/नगरेको | : स्वीकृत ऋणमा लिमिट शूल्क १ बर्षको लागी ०.२० प्रतिशत लिने गरिएको छ । | |
| २९ | संचालक, लेखा समितिका सदस्यले पारिश्रमीक भत्ता र अन्य सुविधा वापत खाजा खर्च लिने गरेको नगरेको | : व्यवस्थापन खर्च, बैठक भत्ता उपलब्ध गराईएको | |
| ३० | कार्यक्षेत्र बाहिरका व्यक्ति तथा निकायसंग बचत तथा ऋण कारोबार गरे/नगरेको | : नगरेको । | |
| ३१ | विनियम अनुसार शेयर पूंजीको १५% भन्दा बढी हुने गरी अन्य कुनै शिर्षकबाट शेयर धनीलाई रकम बाढेको/नबाढेको | : नबाढेको । | |

२०८३ असार मसान्तको
संस्थाको लङ फर्म विवरण

| सि.नं. | विवरण | | कैफियत |
|---|---|---|---|
| ३२ | संचालक, लेखा सुपरीबेक्षण समिति र उपसमितिका सदस्यहरू अन्य समान प्रकृतिको समान कार्य गर्ने संस्थामा रहे/नरहेको | : नरहेको । | |
| ३३ | लेखा सुपरीबेक्षण समिति प्रभावकारी भए नभएको | : सन्तोषजनक रहेको । | |
| ३४ | संस्थाले प्राकृतिक व्यक्ति बाहेक अन्य निकायहरूमा ऋण वा शेयर लगानी गरेको विवरण देहाय बमोजिम रहेकोछ । | | |
| | लगानीका शिर्षक : | लगानी रकम | |
| | सहकारी बैंक शेयर : | रू १०१००००।०० | |
| | कोशी प्रदेश सहकारी संघ शेयर : | रू १००००।०० | |
| | नेफ्स्कुन बचत संघ शेयर : | रू १५०००।०० | |
| | दुग्ध प्रसोधन केन्द्र शेयर : | रू १२५००।०० | |
| | जिल्ला सहकारी संघ शेयर : | रू १६७००।०० | |
| | ग्याँस व्यवसाय लगानी : | रू ७०००००।०० | |
| | सहकारी बैंक मुद्धती : | रू ६००००००००।०० | |
| | जिल्ला सहकारी संघ बचत : | रू ६३१५०१।१४ | |
| | कृषि उ.तथा ब.बि.स.सं.लि. शेयर : | रू १६००००।०० | |
| | नेफ्स्कुन बचत संघ बचत : | रू ३८०००।०० | |
| | कोशी प्रदेश बचत संघ शेयर : | रू ५०००।०० | |
| | जम्मा : | रू ६२५९८७०१।१४ | |
| ३५ | ऋण र शेयर बापत लगानी गरेको निकायमा संचालकको संलग्नताको अवस्था | : कोशी प्रदेश बचत संघको सञ्चालक समितिमा अध्यक्ष जीवन काफ्लेको प्रतिनिधित्व रहेकोछ । | |
| ३६ | संचालकहरू अन्य वित्तीय वा व्यवसायीक निकायको संचालक पदमा रहेको भए उक्त निकायको नाम र पद | : छैन । | |
| ३७ | संचालकहरू वित्तीय निकाय, सहकारी जस्ता निकायको संचालक रहे नरहेको, रहेको भए बिभागीय स्वीकृत लिए नलिएको | : छैन । | |
| ३८ | संस्थाले सदस्यहरूलाई संस्थाको गतिबिधिको जानकारी गराउने संयन्त्र | : सुचना बोर्ड, प्रतिवेदन, फोन सम्पर्क, पत्राचार, फेसबुक, ईमेल, एस.एम.एस, वेभसाईट, एप्स । | |
| ३९ | प्रभावकारी वित्तीय संरचना | | |

| पुजी तथा दायित्व तर्फ | % | सम्पति तथा जायजेथा तर्फ | % |
|---|---|---|---|
| शेयर पुजी : | १२।२६ | नगद : | ०।१४ |
| जगेडा कोष : | ६।१४ | बैक जम्मा : | २६।४३ |
| अन्य कोष : | १।९१ | लगानी : | १३।६५ |
| निक्षेप : | ७८।५० | ऋण लगानी : | ५२।७५ |
| बाह्य ऋण : | ०।०० | अनुत्पादक सम्पति : | ७।०३ |
| लागत रहित चालु दायित्व : | १।१९ | नोक्सान : | ०।०० |
| जम्मा : | १०० | जम्मा : | १०० |

| | | |
|---|---|---|
| ४० | कूल निक्षेपमा शेयरपुंजी | : १५।६२ % |
| ४१ | यसबर्ष ऋण लगानीको अनुपातमा असुली | : ८७।३६ % |

Page 5

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर

## २८औं वार्षिक साधारण सभामा

## सञ्चालक समितिको तर्फबाट अध्यक्षद्धारा प्रस्तुत

## वार्षिक प्रतिवेदन २०८३

राष्ट्रले अंगिकार गरेको सार्वजनिक, निजी र सहकारी तीनखम्बे आर्थिक नीतिको एउटा खम्बाको रुपमा रहेको सहकारी आन्दोलनलाई मुलुकको राष्ट्रसेवकको हैसियतले आ-आफ्नो क्षेत्रबाट योगदान पुर्याउन,

सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरुप आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनस्तरलाई उकास्न,

स्वावलम्वी र स्वाभिमानी राष्ट्रसेवक मार्फत मुलुकी प्रशासन र सुशासनको दिगो विकास हासिल गर्न,

सहकारीताको साझा चौतारीमा सामूहिकता, इमान्दारिता, पारदर्शिता र त्यसबाट प्राप्त उर्जालाई सम्बृद्धिमा परिणत गर्दै अगाडि बढिरहेको यो राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगरको २८औं बार्षिक साधारणसभाका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरु, आमन्त्रित महानुभावहरु, पत्रकारज्यूहरु तथा उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरुमा म संस्थाको सञ्चालक समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन गर्दछु साथै यस सभामा उपस्थित भै कार्यक्रमको शोभा बढाईदिनु भएकोमा स्वागत, सम्मान र आभार प्रकट गर्दछु ।

संस्थाको २८औं बर्षिक साधारण सभाको यो महत्वपूर्ण घडीमा संस्थाको स्थापना र विकासमा नेतृत्वप्रदान गरी दिवंगतहुनु भएका अग्रजहरु स्व. मुरारी भट्टराई, स्व. शंकर प्रसाद पोखरेल र स्व. दधिराम दाहाललाई सम्झदै उहाँहरु प्रतिश्रद्धासुमन अर्पण गर्दछु । यो अभियानको शुरुवात गरी राष्ट्रसेवक सहकारीलाई देशभर फैलाउन महत्वपूर्ण योगदान गर्नुहुने सबै अग्रजहरु प्रति यो पुनीत अवसरमा सम्मान गर्न चाहान्छु ।

संस्थाको स्थापना र संचालन गर्न महत्पूर्ण योगदान पुऱ्याई गत साधारणसभा पश्चात असामयिक निधन भई हाम्रो सहकार्यबाट छुट्टिनु भएका शेयर सदस्यहरु प्रेमदेवी खतिवडा, शुशिला श्रेष्ठ, कान्ता श्रेष्ठ, अमृतकुमार गिरी र अशोक काफ्लेप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आफ्ना परिवारका सदस्य गुमाई पिडामा रहनु हुने शेयर सदस्य र परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु ।

भोटेकोशीमा आएको बाढीबाट रसुवा, नुवाकोट र धादिङमा भएको अकल्पनीय धनजनको क्षतीप्रति दु:ख व्यक्त गर्दै बाढीका कारण निधन हुनु भएका राष्ट्रसेवक लगायत सम्पूर्णमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै हालसम्म पनि बेखबर रहनु भएकाहरुको सकुशल भेटिने आशाका साथ घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । यस दैवि विपत्तिमा यस संस्थाबाट मानवीय सहयोगका लागि रु. एकाउन्न हजार एक सय एघार रकम प्रधानमन्त्री दैवि प्रकोप उद्दार कोषमा जम्मा गरिएको व्यहोरा अनुरोध गर्दछु ।

संस्थालाई यहाँसम्म ल्याई पुर्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने अग्रजहरु, शेयर सदस्यज्यूहरु, शुभेच्छुक र संघसंस्थाहरु सबैप्रति आभार प्रकट गर्दछु ।

संस्थाले २९ वर्षको यो अवधिमा गौरवशाली इतिहास निर्माण गर्दै इमान्दारिता, पारदर्शिता, लगनशिलता र सामूहिकताको संयोजनबाट विश्वासको धरोहर निर्माण गर्न सफल भएको छ । तपाईं हामी सवैको सामूहिक प्रयास भयो भने आगामी दिनमा यसलाई अझ उचाईमा पुऱ्याउन सकिन्छ । हामीले प्राप्त गरेको आर्थिक, सामाजिक र सांस्कृतिक सुरक्षालाई अझै बढोत्तरी गर्न सकिन्छ । यहि विश्वासका साथ संस्थाको श्रीबृद्धिमा योगदान पुऱ्याउनु हुने तपाईं सम्पूर्ण शेयर सदस्यज्यूहरुमा बधाई र शुभकामना ब्यक्त गर्दछु ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

२०४८ सालमा भएको कर्मचारी आन्दोलनबाट शिक्षा लिंदै आज भन्दा ३० बर्ष अगाडि नेपाल निजामती कर्मचारी संगठन मोरङले प्रारम्भ गरेको कल्याण कोषको सार्थकता आज राष्ट्रसेवक सहकारी संस्था लि.को यो विस्तार र सुदृढताले पुष्टि गरेको छ ।

पेशागत क्षेत्रबाट सहकारी आन्दोलनलाई निरन्तरतादिन नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा मोरङबाट शुरु भएको यो अभियान आज मुलुकका ६९ जिल्लामा राष्ट्रसेवक सहकारी स्थापना गर्दै हाल करिव २५ हजार सदस्य र ३ अर्ब भन्दा बढी पूँजीनिर्माण र परिचालन गर्न सक्षम भएको छ ।

यसरी स-साना बचतलाई उचित संयोजन गर्न सके धेरै मनहरु जोड्न र उल्लेखनीय पुँजीको निर्माण गर्न सकिने रहेछ भन्ने विश्वासको वातावरण निर्माण भएको छ । यसले गर्विलो इतिहास निर्माण गरेको छ । विगतका सफलता र वर्तमानलाई उचित व्यवस्थापन गर्दै सुन्दर भविश्य निर्माणको खाका तयार गर्दै अगाडि बढ्नु हामी सबैको जिम्मेवारी रहेको व्यहोरा अनुरोध गर्दछु ।

राष्ट्रसेवक सहकारी आन्दोलनको अगुवा र सहयात्री संस्थाको रुपमा २८ बर्ष व्यतित गरीरहँदा संस्थाले अनुकूलता मात्र होइन धेरै प्रतिकूलता र समस्याहरुबाट समेत गुज्रनु परेको छ तथापि समस्याबाटै समाधान अनि प्रतिकूलता विचबाटै अनुकूलता पहिल्याउन तपाई हाम्रो ऐक्यवद्धता सामूहिकता हार्दिकताले सम्भव तुल्याएको छ । यसलाई सर्वाधिक खुसीको अवसरको रुपमा लिएको छु ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

संस्थाको जीवनको असाध्यै महत्वपूर्ण यस २८औं वार्षिक साधारणसभालाई हामीले विगत बर्षमा के-के गर्यौ, अब के गर्नुपर्ला भनेर छलफल गर्ने, एक आपसमा भेटघाट गर्ने, सौहार्द्धता साटासाट गर्ने, विगतलाई सम्झने र आत्मसात गर्ने, गम्भीरतापूर्वक समीक्षा, चिन्तनमनन र अठोट गर्ने अवसरको रुपमा लिएका छौं । साधारण सभा हाम्रो आर्थिक, सामाजिक, सांस्कृतिकअनि सांगठनिक जीवनलाई सरलताका साथ सम्बृद्धितर्फ डोर्याउने सुनौलो भविष्य प्राप्तीको लागि थप एक खुड्किलो उक्लने दिन पनि हो । यसर्थ यस अवसरमा प्रमुखअतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु तथा शेयर सदस्यज्यूहरुबाट यस अभियानलाई अझै उचाइमा पुर्याउन रचनात्मक सुझाव, सल्लाह र शुभेक्षाको अपेक्षा गरेको छु ।

यस बेला विश्व नैं आर्थिक मन्दीको चपेटामा परेको छ । नेपालको अर्थ व्यवस्था समेत यसबाट अछुतो छैन । बैंङ्किङ क्षेत्रको अस्वस्थ प्रतिस्पर्धा र वित्तीय बजारमा देखिएको आर्थिक सङ्कट तथा केहि सहकारीहरुले सरकारी मूल्य मान्यता र सिद्धान्तलाई अवलम्बन नगरी सहकारीलाई ब्यापार गर्ने संस्था बनाउने, सर्वसाधारणलाई अनावश्यक आर्कषण दिने, सर्वसाधारणबाट बचत संकलन गर्ने र भाग्ने प्रवृत्ति तथा कतिपय अवस्थामा सञ्चालन व्यवस्थापनको कमी कमजोरी जस्ता कारणबाट सहकारी प्रति विकसित भएको नकारात्मक धाराणाबाट सहकारी क्षेत्र अप्ठ्यारो परिस्थितिमा रहेको छ । यस्तो परिस्थितिमा पनि सहकारी सिद्धान्त मूल्य मान्यतालाई अवलम्बन गर्दै हामी आम शेयर सदस्यहरुको विश्वासमा सहजतापूर्वक संस्था सञ्चालन गर्न सकेका छौं आगामी दिनमा समेत हाम्रो यो यात्रा सहजतापूर्वक अगाडि बढीरहने छ भन्ने विश्वास लिएको छु ।

सहकारी ऐनमा संशोधन भई राष्ट्रिय सहकारी नियमन प्राधिकरण, कर्जा सूचना केन्द्र, कर्जा असुली न्याधिकरण जस्ता संरचनाहरु निर्माण भएका छन् । राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड तथा सहकारी विभागबाट जारी भएको निर्देशन अनुरुप संस्था संचालन गर्न हामीले संचालन गरिरहेका विधि र प्रकृयाहरुलाई परिमार्जन गर्न गत साधारणसभा मार्फत आवश्यक कार्यविधिहरु निर्माण तथा संशोधन गरी सकिएको छ । समग्र सहकारी क्षेत्रलाई संकुचन गर्ने खालका प्रावधानहरुको संशोधन, सहकारीमैत्री बनाउन करको व्यवस्थालाई सहकारी ऐनअनुरुप बनाउने जस्ता साझा सवालहरुमा सिङ्गो सहकारी आन्दोलन एकजुट भएर अगाडि बढ्नु आवश्यक छ ।

**१) राष्ट्रसेवक सहकारी मोरङको परिकल्पना (Vision)**

संस्थाले सहकारीका अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरुबाट निर्देशित हुँदै आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षको संस्थागत र दिगो विकास सहित शोषण रहित समुदायको विकास तथा समाज रुपान्तरणको पुनीत कार्यमा योगदान पुर्याउने ।

**२) राष्ट्रसेवक सहकारी मोरङको ध्येय (Mission)**

संस्थालाई आफ्ना सदस्यहरुको सम्पूर्ण आर्थिक, सामाजिक क्रियाकलापहरुको केन्द्रको रुपमा विकसित गर्नु ।

**३) राष्ट्रसेवक सहकारी मोरङको उद्देश्य (Goal)**

संस्थाको परिकल्पना र ध्येयमा आधारित रही शेयर सदस्यहरुको अधिकतम् आर्थिक, सामाजिक, सांस्कृतिक र पेशागत विकासका लागि रणनीतिक योजना निर्माण गरी कार्यक्रमहरु संचालन गर्ने ।

**यस संस्थाले २९ वर्षको दौरानमा प्राप्त गरेका नीतिगत उपलब्धिहरुलाई समेत यहाँ उल्लेख गर्न चाहन्छु ।**

१. देश भरिका राष्ट्रसेवक सहकारीहरुमा पहिलो स्थापना भएको यस संस्थाले पुँजी, प्रविधि तथा गतिविधिमा श्रेष्ठता कायम राख्न सकेको ।

२. देश भरीका राष्ट्रसेवक सहकारीहरुको सहभागितामा अनुभव साटासाट सहित अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

३. करिव ६२ करोडभन्दा माथि पूंजी निर्माण ।

४. विराटनगरको मुख्य बजारमा आफ्नै सुविधा सम्पन्न भवन निर्माण गरी कार्य संचालन ।

५. सामूहिकताको विकास ।

६. आम शेयर सदस्यको विश्वास आर्जन तथा सदस्य बन्ने आकर्षण ।

७. तीज, बनभोज जस्ता कार्यक्रमबाट आत्मियता साटासाट र सम्बन्धलाई प्रगाढ बनाउन सकिएको ।

८. तालिमहरुको माध्यमबाट सञ्चालक समिति र शेयर सदस्यहरुको क्षमता विकासमा सहयोगी हुन सकिएको ।

९. राष्ट्रसेवक ज्येष्ठ नागरिक समाज संस्था स्थापना गरी अवकाश प्राप्त राष्ट्रसेवक कर्मचारीहरुलाई समेत क्रियाशिल बनाइ राख्न प्रयत्न गरिएको ।

१०. शेयर सदस्यलाई आर्थिक, सामाजिक र साँस्कृतिक सुरक्षा प्रदान गर्न सकिएको ।

११. समय सापेक्ष सूचना प्रविधि र उपकरणमार्फत कारोबारहरु व्यवस्थित गरिएको ।

१२. साहित्यिक कार्यक्रममार्फत भाषा, साहित्य, कला र संस्कृतिको उन्नयन गर्दै समाजलाई सृजनशिल बनाउन र राष्ट्रिय भावधारामा जोड्न सहयोगी भूमिका निर्वाह गरिएकै कारण संस्थाको पहिचान स्थापित गर्न सकिएको ।

१३. श्रष्टा सम्मान तथा अक्षयकोष मार्फत विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान गरिएको ।

१४. सहुलियत दरमा ऋण लगानी गरेर अधिकांश शेयर सदस्यले घडेरी खरिद, घर निर्माण, छोराछोरीको उच्च शिक्षा अध्ययन, स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउन सकिएको ।

१५. शेयर सदस्यहरुलाई उत्पादनमूलक कार्यहरुमा अग्रसर हुन प्रेरित गरिएको ।

१६. समुदाय प्रतिको चासो अन्तर्गत साहित्यिकि कार्यक्रम, श्रष्ठा सम्मान, ज्येष्ठ नागरिक सपोट, बृक्षारोपण, रक्तदान, असहाय सहयोग, विद्यार्थी सम्मान, बालबालिकाको क्षमता विकास, विभिन्न अक्षयकोषहरु मार्फत समाजमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान तथा पुरस्कृत गरिएको ।

१७. शेयर सदस्य, शेयर सदस्यका सन्ततिहरुलाई हौसला प्रदान गर्न शैक्षिक सम्मानका कार्यहरु गरिएको ।

१८. सहकारी अध्ययन तथा सूचना केन्द्र मार्फत तालिम, शिक्षा र सूचनाका कार्यक्रम संचालन गरिएको ।

१९. संस्था संचालनमा देखिएका साझा सवालका विषयमा अन्य सहकारी संस्थाहरु, अभियान र सरोकारवालासँग छलफल तथा अन्तरकृया गरी निकालिएका निष्कर्षहरु नीति निर्माण तहसम्म पुऱ्याई समस्या समाधानको प्रयास गरिएको ।

२०. आफ्नो क्षमता अनुरुप राजश्वमा योगदान रहेको ।

**हालसम्मका प्रमुख उपलब्धिहरु**

क) सदस्यहरुको विश्वास

ख) जोखिम व्यवस्थापन

ग) अनुभवी नेतृत्व र दक्ष कर्मचारी

घ) सुरक्षित ऋण लगानी

ङ) बचतमा आकर्षण
च) समन्वय श्रोतकेन्द्रको भूमिका
छ) संस्थागत सुशासन तथा वित्तीय सुदृढिकरण
ज) डिजिटल प्रणालीमा रुपान्तरण

**यस संस्थाका प्राथमिकताहरु**

क) सदस्य सेवा विस्तार
ख) उत्पादनशिल क्षेत्रमा सुरक्षित लगानी
ग) प्रचलित नियम कानून र नियामकीय अनुपालन
घ) सुचना प्रविधिमैत्री सेवा प्रवाह
ङ) जनशक्ति व्यवस्थापन र क्षमता विकास
च) आन्तरिक नियन्त्रण प्रणालीको सुदृढिकरण
छ) आर्थिक र सामाजिक सुरक्षाको प्रत्याभूती

**आदरणीय शेयर सदस्यज्यूहरु,**

अब म संस्थाको आ.व. ०८२/०८३ को बार्षिक नीति, कार्यक्रम र बजेटको कार्यान्वयनको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१. आ.व. ०८२/०८३ मा संस्थाको सञ्चालक समितिको १३ वटा बैठक सञ्चालन गरी कार्य योजना निर्माण, प्रगति समीक्षा एवं नीतिगत सुधारका विषयमा छलफल तथा निर्णय गरी कार्यान्वयन गरिएको छ ।
२. यस संस्थाको लेखा सुपरिवेक्षण समितिको बैठक चौमासिक रुपमा बसी संस्थाको सम्पूर्ण हिसाव किताव तथा गतिविधि निरीक्षण गरी महत्वपूर्ण सुझावप्राप्त गरी सञ्चालक समितिले कार्यान्वयन गर्ने गरेको छ ।
३. ऋण माँग भई धितो मूल्याङ्कन उप-समितिको निरीक्षणपछि प्राप्त प्रतिवेदनअनुसार ऋण लगानी उप-समितिको बैठक बसी कर्जा स्वीकृतिको लागि सिफारिस गर्ने गरिएको छ । अचल धितो सुरक्षणमा लगानी भएका सबै ऋणलाई सञ्चालक समितिबाट स्वीकृत तथा अनुमोदन गरी सुरक्षित लगानी गरिएका छन् ।
४. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारहरुका अतिरिक्त नौ वटा उप-समितिहरु (शिक्षा, ऋण लगानी तथा अनुगमन, बचत परिचालन, धितो मूल्याङ्कन, सामाजिक साँस्कृतिक तथा साहित्यिक, ज्येष्ठ नागरिक समन्वय, महिला शेयर सदस्य तथा बालबालिका समन्वय तथा परिचालन, व्यवसाय प्रवर्द्धन र नीति अनुसन्धान तथा व्यवस्थापन) गठन गरी कार्यविवरण सहितको जिम्मेवारी दिईएको छ । आवश्यकता अनुसार सवै समिति, उपसमितिका बैठक बसी संस्था संचालनमा सहयोग पुग्ने महत्वपूर्ण निर्णयहरु भएका छन् ।
५. संस्थाको कारोवार सिनर्जी टेक सफ्टवेयर प्रा.लि. ललितपुरको अनलाईन सफ्टवेयरमार्फत गरी दैनिक, मासिक, अर्धवार्षिक र वार्षिक खाताबन्दी गर्ने व्यवस्था गरिएको छ । शेयर सदस्यले संस्थामा गरेको कारोबारको सूचना सफ्टवेयरबाटै अटो एस.एम.एस. मार्फत तत्कालै जानकारी गराउने कार्य गरिएको छ ।
६. संस्थाको नयाँ घर, सेफ, ग्याँस गोदाम र मार्गस्थ नगदको बीमा गरिएको छ ।
७. संस्थाको निर्माणाधिन नयाँ भवनको चौथो तलामा प्लाष्टर र शौचालय कोठा निर्माण, सिसा लगाउने काम, झ्यालढोका लगाउने काम, विद्युत वाइरिङ्को काम सम्पन्न भएको छ ।
८. संस्थाको वेभसाईटमा सूचनाहरुलाई अध्यावधिक गर्ने, एस.एम.एस. सेवाद्वारा सूचनाहरु शेयर सदस्य सम्म पुर्‍याउने, ईमेल, इन्टरनेट सेवा उपलव्ध गराउने र मासिक खाताबन्दीको वित्तीय विवरण संस्थाको सूचना पाटी, डिजिटल डिस्प्ले बोर्ड, फेसबुक पेज र वेबसाइटमा प्रकाशित गर्ने गरिएको छ ।
९. संस्थाको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन CCTV को व्यवस्था, नोट काउन्टिङ मेशिनको व्यवस्था गरिएको छ ।
१०. मोवाइल एप्लीकेशनबाट आफ्नो खाताको विवरणहरु हेर्ने, संस्थाको आफ्नो खाताबाट अन्य शेयर सदस्यको सहकारीको खाता तथा विभिन्न बैंक खातामा रकम ट्रान्सफर, स्क्यान पे, युटिलिटी पेमेन्ट, मोवाईल टपअप लगायत विभिन्न सेवाहरु उपयोग गर्न सकिने व्यवस्था मिलाईएको छ ।

११. नियामक निकायमा पठाउनु पर्ने विवरणहरु समय मै पठाउने गरिएको छ ।

१२. प्रत्येक महिनाको वित्तिय विवरण तोकिएको ढाँचामा सार्वजनिक गर्ने तथा संस्थाको सूचना पार्टीमा टाँस गर्ने गरिएको छ ।

१३. सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका कार्यान्वयनको सन्दर्भमा कम्प्लाइन अफिसर तोकि GoAML मा दर्ता भई रिपोटिङको शुरुवात गरिएको ।

१४. डिजिटल बोर्डमार्फत वित्तिय विवरण, सदस्य वडापत्र, संस्थाका गतिविधि, सदस्य शिक्षाका विषयहरु प्रशारण गर्ने गरिएको छ ।

१५. गुनासो र सूचना व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी तोकी जिम्मेवारी दिईएको छ ।

१६. सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन २०७४ (संशोधन सहित) अनुसार निर्देशिका निर्माण गरी सोको कार्यान्वयनको प्रकृयालाई अगाडि बढाइएको छ ।

१७. मोवाईल बैंकिङ सेवा, इ-सेवा, कनेक्ट आइपिएस जस्ता अनलाईन माध्यम तथा भौतिक रुपमा उपस्थित भई शेयर सदस्यले संस्थाको नाममा रहेका बैंक खातामा कार्यालय समयमा रकम जम्मा गरेमा उक्त रकम सोही दिन संस्थामा शेयर सदस्यले चाहेको कारोबार गरी सोको जानकारी एस.एम.एस.मार्फत गराउने व्यवस्था मिलाईएको छ । यो कार्यले सदस्यहरुलाई निकै सहजता प्रदान गरेको छ भने सेवा प्रभावकारी रुपमा सञ्चालन भइरहेको महशुस गरेका छौं ।

१८. संस्थाको पछिल्ला तीन आर्थिक वर्षको उपलब्धिलाई निम्नअनुसार प्रस्तुत गरेको छु । वित्तिय बजारमा आएको संकुचन तथा यस संस्था प्रतिको शेयर सदस्यहरुको विश्वासका कारण अनुमान गरे भन्दा बढी निक्षेप प्राप्त भएको र अपेक्षित लगानी हुन नसक्दा संचालन बचतमा कमी हुन आएको व्यहोरा अनुरोध गर्दछु ।

| सि.नं | विवरण | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ |
|---|---|---|---|---|
| १ | सदस्य संख्या | १८४७ | १८९३ | १९०५ |
| २ | कूल सम्पत्ति दायित्व | ४८०४८५१५७.४१ | ५७३८५७४५४.१९ | ६१९५३५३२४.४७ |
| ३ | शेयर पूँजी | ६६९४२८००.०० | ७२३९१९००.०० | ७५९६०९००.०० |
| ४ | कोष हिसाव | ४८७८९०१८.४२ | ४९९७२०४३.३१ | ४९८७३२११.९२ |
| ५ | निक्षेप हिसाव | ३४९४६८३७०.९४ | ४४४३११७०८.७३ | ४८६३२५२७०.७४ |
| ६ | ऋण लगानी | ३३४४८१५१२.०० | ३५८८७२९९४.०० | ३२६७८७४६२.०० |
| ७ | परिवार राहत कार्यक्रम | २२४०२६९.०० | २२९९२६९.०० | २३४७२६९.०० |
| ८ | जायजेथा तथा उपकरण | ३२२६०३८७.५२ | ३५६७३००१.७० | ३८८७८८१०.७० |
| ९ | कूल आम्दानी | ४८२०४५८६.५६ | ५१४३५५६९.४६ | ४६०७८९९८.४३ |
| ११ | कूल खर्च | ४१८५२७४१.९३ | ४९२२३९६७.७६ | ४४२२०५६९.५६ |
| १२ | सञ्चालन बचत | ६३५१८४४.६३ | २२११६०१.७० | १८५८४२८.८७ |

यस संस्थाले आ.व. ०८२/८३ मा निम्मानुसारका शीर्षकगत राजश्व बुझाएको छ ।

| क्र.सं. | विवरण | बुझाएको रकम | कैफियत |
|---|---|---|---|
| १ | कर व्यवस्था<br>(पुँजीमा प्रतिफल २०%, घरभाडा बहाल १०%, साधारणसभा परिवहन १५%, पदाधिकारी व्यवस्थापन १५%, बैठकभत्ता १५%) | ३३०८०६७.०० | |
| २ | निक्षेपको ब्याज कर ६% | १९५८४५९.०० | |
| ३ | सामाजिक सुरक्षा कर १% | ६४८०.०० | |
| ४ | टि.डि.एस. १.५% | ३९४०.०० | |
| | **जम्मा** | **५२७६९४६.००** | |

**आदरणीय शेयर सदस्यज्यूहरु,**

**अब आ.व. २०८२/८३ मा संस्थाले गरेका कारोवार तथा गतिविधिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु,**

१. **सदस्यता:** आ.व. ०८२/८३ मा ५२ जना शेयर सदस्य थप र ४० जनाको राजिनामा स्वीकृत भई कुल शेयर सदस्य संख्या १९०५ कामय रहेको छ ।

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला शेयर सदस्य | ८५२ जना | ४४.७२ |
| २ | पूरुष शेयर सदस्य | १०४६ जना | ५४.९१ |
| ३ | अन्य (संस्थाहरु) | ७ वटा | ०.३७ |
| | **कुल शेयर सदस्य** | **१९०५** | **१००** |

२. **शेयरपुँजी:** संस्थाको शेयरपुँजी अघिल्लो आ.व.मा रु.७,२३,९१,९००.०० रहेकोमा रु.३५,६९,०००.०० थप भई आ.व. ०८२/८३ मा रु.७,५९,६०,९००.०० रहेको छ । कुल सम्पत्तिमा शेयर पुँजीको अंश १२.२६ प्रतिशत रहेको छ ।

३. **कोष हिसाव:** आ.व. ०८२/८३ मा कुल कोष हिसाव रु.४,९८,७३,२११.९२ रहेको छ । कूल पूँजी तथा दायित्वमा कुल कोष हिसावको अंश ७.६९ प्रतिशत रहेको छ ।

| क्र.सं. | शीर्षक | रकम | कुल कोष अनुपात |
|---|---|---|---|
| १ | जगेडा कोष | ३,८०,१०,१९५.११ | ७६.२१ |
| २ | शेयर बोनस कोष | ५,८१,५०२.४४ | १.१७ |
| ३ | संरक्षित पूँजि फिर्ता कोष | २,७८,७६४.३३ | ०.५६ |
| ४ | सहकारी शिक्षा र तालिम कोष | ७,५८,२६२.३९ | १.५२ |
| ५ | संस्था विकास कोष | ७,५२,९९०.७४ | १.५१ |
| ६ | घाटापूर्ती कोष | १६,३३,९२८.९७ | ३.२८ |
| ७ | कर्मचारी बोनस कोस | १,५९,७४६.३३ | ०.३२ |
| ८ | ऋण नोक्सानी कोष | ३२,६७,८७४.६२ | ६.५५ |
| ९ | सहकारी प्रवर्द्धन कोष | १,२४,८५७.२० | ०.२५ |
| १० | सामुदायिक विकास कोष | १,६४,२३९.१२ | ०.३३ |
| ११ | अन्य जोखिम कोष | ३,४६,६४८.१२ | ०.७० |
| १२ | अन्य कोषहरु | ३७,९४,२०२.५५ | ७.६१ |
| | **जम्मा** | ४,९८,७३,२११.९२ | १००.०० |

४. **निक्षेप हिसाव:** संस्थामा नियमित, ऐच्छिक र आबधिक गरी तीन प्रकृतिका विभिन्न शीर्षकका बचत कार्यक्रम सञ्चालित छन् । आ.व. ०८२/८३ मा कुल निक्षेप हिसाव ४८,६३,२५,२७०.७४ रहेको छ । कुल दायित्वमा निक्षेपको अंश ७९.४९ प्रतिशत रहेको छ ।

| क्र.सं. | शीर्षक | रकम | कुल निक्षेप अनुपात |
|---|---|---|---|
| १ | नियमित बचत | १३३,२२४,२४१.०० | २७.३९ |
| २ | ऐच्छिक बचत | १६७,४१२,७६०.७४ | ३४.४२ |
| २.१ | बाल बचत | १२,१५२,०२६.०० | २.५० |
| ३ | आबधिक बचत | १८५,६८८,२६९.०० | ३८.१८ |
| | कुल निक्षेप | ४८६,३२५,२७०.७४ | १००.०० |

५. **सदस्य सुरक्षा कार्यक्रम कोष :** आ.व. ०८२/८३ यस सदस्य सुरक्षा कोषमा रु.२३,४७,२६९.०० रकम रहेको छ। यस कोषबाट आ.व. ०८२/८३ मा निम्न कार्यक्रमहरु संचालन गरियो।

**क) परिवार राहत :** शेयर सदस्यको मृत्यु भएमा राहत स्वरुप रु.१५०००.०० प्रदान गर्ने नीति रहेको छ। गत आ.व.मा राहत उपलब्ध गराईएका शेयर सदस्यहरुको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | सदस्य नं. | शेयर सदस्यको नाम | मृत्यू भएको मिति | भुक्तानी दिइएको रकम |
|---|---|---|---|---|
| १ | १०२७ | उमादेवी रिसाल पोखरेल | २०८२.०४.०५ | १५०००.०० |
| २ | ६२७ | कृष्णदेव गिरी | २०८२.०४.३० | १५०००.०० |
| ३ | १०९२ | प्रेमदेवी खतिवडा | २०८२.०६.२५ | १५०००.०० |
| ४ | ६८६ | शुशिला श्रेष्ठ | २०८२.०९.०५ | १५०००.०० |
| ५ | १५५२ | अमृतकुमार गिरी | २०८३.०२.१७ | १५०००.०० |

**ख) शिशु पोषण खर्च :** नियमित संस्थाको कारोबार गर्ने महिला शेयर सदस्य सुत्केरी भएमा शिशु पोषण खर्च स्वरुप रु.५०००.०० प्रदान गर्ने नीति रहेको छ। गत आ.व.मा पोषण खर्च उपलब्ध गराईएका शेयर सदस्यहरुको विवरण निम्मानुसार रहेको छ।

| क्र.सं. | सदस्य नं. | शेयर सदस्यको नाम | भुक्तानी दिइएको रकम |
|---|---|---|---|
| १ | १३२६ | निष्मा श्रेष्ठ | ५०००.०० |
| २ | २०४५ | बन्दना बानिया | ५०००.०० |
| ३ | २५५ | प्रतिभा पाण्डे | ५०००.०० |
| ४ | १८४० | कोपिला श्रेष्ठ | ५०००.०० |

**ग) फलफूल खर्चः** २७औं वार्षिक साधारण सभाले पारीत गरे अनुसार असाध्य रोग लागी विरामी हुनुभएका शेयर सदस्यलाई रु.७०००.०० फलफूल खर्च स्वरुप प्रदान गरी विरामीलाई भेट गर्न जाने नीति अनुसार गत आ.व.मा निम्नानुसार विरामीलाई फलफूल खर्च दिई भेटघाट गरिएको थियो।

| क्र.सं. | सदस्य नं. | शेयर सदस्यको नाम | भुक्तानी दिइएको रकम |
|---|---|---|---|
| १ | १५५२ | अमृतकुमार गिरी | ५०००.०० |
| २ | १४१६ | रामकुमार राई | ७०००.०० |
| ३ | १३४९ | गोपाल प्रसाद पाण्डे | ७०००.०० |
| ४ | ४७२ | प्रेमकुमारी पाण्डे | ७०००.०० |
| ५ | १८२२ | अशोक काफ्ले | ७०००.०० |

**घ) ज्येष्ठ शेयर सदस्य औषधि खर्च :** सदस्य बनेको तीन वर्ष पुरा भई नियमित कारोबार गर्ने ७५ वर्ष उमेर पुरा भएका ज्येष्ठ सदस्यहरुलाई सम्मान तथा औषधि खर्च स्वरुप वार्षिक रु.२०००.००, प्रदान गर्ने संस्थाको नीति अनुरुप गत वर्ष सम्मान सहित औषधि खर्च प्रदान गरिएका शेयर सदस्यको विवरण निम्नानुसार रहेको थियो।

| क्र.सं. | स.नं. | नाम, थर | जन्ममिति | औषधि खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २८९ | श्री उमानाथ अधिकारी | २००२-११-२७ | ५०००.०० | सम्मानित |
| २ | ५५ | श्री महेन्द्रनाथ अधिकारी | २००४-०१-१७ | २०००.०० | |
| ३ | ५७ | श्री नगेन्द्रमणी न्यौपाने | २००४-०३-१७ | २०००.०० | |
| ४ | ५९ | श्री सूर्यकुमारी श्रेष्ठ | २००६-०५-१५ | २०००.०० | |
| ५ | ९७ | श्री कृष्णकुमार अधिकारी | १९९८-०९-११ | २०००.०० | |
| ६ | १४८ | श्री गोविन्दबहादुर बानिया | २००७.०३.१९ | २०००.०० | |
| ७ | १९१ | श्री शेरबहादुर खत्री | २००७-०३-०९ | २०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | २४८ | श्री कृष्णप्रसाद न्यौपाने | २००१-०१-०२ | २०००.०० | |
| ९ | ३४३ | श्री नरकुमारी श्रेष्ठ | १९९५-०४-०२ | २०००.०० | |
| १० | ३८८ | श्री पूर्णानन्द अधिकारी | २००२-०१-१७ | २०००.०० | |
| ११ | ४२६ | श्री बिष्णुमाया अधिकारी | २००५-०१-२९ | २०००.०० | |
| १२ | ४७२ | श्री प्रेमकुमारी पाण्डे | १९९६-०६-१५ | २०००.०० | |
| १३ | ४८५ | श्री ईन्द्रप्रसाद सापकोटा | २००४-०२-१४ | २०००.०० | |
| १४ | ५९६ | श्री सूर्यप्रसाद अधिकारी | २००७-०६-०१ | २०००.०० | |
| १५ | ६३० | श्री नूर जहां | २००३-०४-०७ | २०००.०० | |
| १६ | ६५८ | श्री कृष्णकुमार मास्के | १९८९-०४-०३ | २०००.०० | |
| १७ | ६५९ | श्री चुनु मास्के | २००५-०४-०३ | २०००.०० | |
| १८ | ७९५ | श्री बिष्णुदेवी भुजेल | २००६-०२-३१ | २०००.०० | |
| १९ | ८०६ | श्री श्यामप्रसाद भण्डारी | २००५-०१-१९ | २०००.०० | |
| २० | ११११९ | श्री जानुका घिमिरे | २००४-१०-२५ | २०००.०० | |
| २१ | ११२४ | श्री ठमनाथ गौतम | २००४-०८-१९ | २०००.०० | |
| २२ | १२३२ | श्री बिश्वराज कोईराला | २००६-१०-०२ | २०००.०० | |
| २३ | १२६२ | श्री नारायणप्रसाद काफ्ले | २००७-०४-०१ | २०००.०० | |
| २४ | १३२४ | श्री कमलप्रसाद पराजुली | १९९९-११-२८ | २०००.०० | |
| २५ | १४७९ | श्री बलराम बराल | २००६-०९-०४ | २०००.०० | |
| २६ | १५०७ | श्री कृष्णप्रसाद भट्टराई | २००२-१०-०२ | २०००.०० | |
| २७ | १५३६ | श्री झषनाथ दाहाल | २००५-११-१५ | २०००.०० | |
| २८ | १५३९ | श्री नमिता राय | २००१-०१-२८ | २०००.०० | |
| २९ | १५७८ | श्री रुक्मीणि श्रेष्ठ | २००६-०५-०१ | २०००.०० | |
| ३० | १८४७ | श्री कृष्णप्रसाद पराजुली | २००७-०२-१६ | २०००.०० | |
| ३१ | १८५९ | श्री चेतकुमारी अधिकारी | २००७-०४-२० | २०००.०० | |
| ३२ | १८९८ | श्री दुन माझी | २०००-०७-१८ | २०००.०० | |
| ३३ | २१५३ | श्री पशुपतिनाथ रेग्मी | २००७-०५-०८ | २०००.०० | |

६. **अन्य दायित्वः** आ.व.०८२/८३ को अन्त्यमा अन्य दायित्व रु.३७,३३,१०७.७९ रहेको छ। यस अन्तर्गत कर व्यवस्था, लेखापरीक्षण शुल्क, कर्मचारी संचित बिदा जस्ता दायित्वहरु रहेका छन्।

७. **लगानी हिसावः** आ.व.०८२/८३ मा लगानी हिसाव रु.६,२५,९८,७०१.१४ रहेको छ। यसमा बैंकमा राखेको मुद्धती बचत, ग्याँस व्यवसायको लगानी, सहकारी बैंक एवम् विभिन्न संघमा गरिएको शेयर बचत लगानीका हिसाव रहेका छन्।

८. **लगानी सम्पत्तिः** आ.व.०८२/८३ को अन्त्यमा लगानी सम्पत्ति हिसाव रु.२,१९,५३,३२२.०० रहेको छ। यसमा विराटनगर १९ को जग्गा र विराटनगर ९ मा रहेको साविकको पुरानो घर र घरले चर्चेको जग्गा रहेको छ।

९. **ऋण लगानीः** आ.व.०८१/८२ मा ऋण लगानी रु. ३५,८८,७२,९९४.०० रहेकोमा आ.व. ०८२/८३ को अन्त्यमा रु. ३,२०,८५,५३२.०० कमी भई ऋण लगानी रकम रु.३२,६७,८७,४६२.०० रहेको छ। शीर्षकगत ऋण विवरण निम्नानुसार रहेको छ। कुल सम्पत्तिमा ऋण लगानी ५२.७४ प्रतिशत रहेको छ।

| क्र.सं. | ऋणको शीर्षक | लगानी रकम | प्रतिशत |
|---|---|---|---|
| क. | बचत सुरक्षण अन्तर्गत | १३,१०८,४१९.०० | ४.०१ |
| १ | साधारण ऋण | ८,१५१,६२६.०० | २.४९ |
| २ | आबधिक धितो ऋण | ४,१९१,७९३.०० | १.२८ |
| ३ | कर्मचारी ऋण | ७६५,०००.०० | ०.२३ |
| ख. | अचल धितो सुरक्षण ऋण अन्तर्गत | ३१२,४४५,०६९.०० | ९५.६१ |
| १ | धितो ऋण | ६४,२७९,६७५.०० | १९.६७ |
| २ | विशेष धितो ऋण | १२९,५२६,८५५.०० | ३९.६४ |
| ३ | शैक्षिक ऋण | १,७९४,०००.०० | ०.५५ |
| ४ | व्यवसायिक ऋण | ९३,०४९,५३९.०० | २८.४७ |
| ५ | कृषि ऋण | ११,०००,०००.०० | ३.३७ |
| ६ | व्यवसायिक परियोजना ऋण | १२,७९५,०००.०० | ३.९२ |
| ग. | चल धितो (स्कुटर/मोटरसाइकल) अन्तर्गत | १,२३३,९७४.०० | ०.३८ |
| १ | हायरपर्चेज ऋण | १,२३३,९७४.०० | ०.३८ |
| | **जम्मा** | **३२६,७८७,४६२.००** | **१००.००** |

१०. **पाउनुपर्ने हिसावः** पाउनुपर्ने हिसावमा धरौटी, अग्रीमकर र अन्य पाउनु पर्ने हिसाव जस्ता शीर्षकहरु समावेश छन् । आ.व. ०८२/८३ को अन्त्यमा पाउनुपर्ने हिसाव रु. ३९,८५,२७२.३५ रहेको छ ।

११. **जायजेथा तथा उपकरणः** यस शीर्षक भित्र फर्निचर, कम्प्यूटर,नयाँ भवन र सो भवनले चर्चेको जग्गा र कार्यालय सामान रहेको छ । आ.व.०८२/८३ मा जायजेथा तथा उपकरण हिसाव रु. ३,८८,७८,८१०.७० रहेको छ ।

१२. **अमूर्त सम्पत्तिः** यस शीर्षक भित्र अनलाईन सफ्टवेयर, मोवाइल एप्लिकेशन सफ्टवेयर रहेको छ । आ.व.०८२/८३ मा ह्रासकट्टी पछि अमूर्त सम्पत्ति हिसाव रु.१,२९,०९५.०० रहेको छ ।

१३. **अन्य सम्पत्तिः** ग्याँस व्यवसायमा गत वर्ष कायम सिलिण्डरको धरौटी वापतको रकम नै आ.व. ०८२/८३ को अन्त्यमा अन्य सम्पत्ति हिसाव रु.५,५४,०००.०० रहेको छ ।

१४. **कूल आम्दानीः** संस्थाको २७औं वार्षिक साधारण सभाले रु.५,१५,०५,०००.०० आम्दानी गर्ने लक्ष्य पारित गरेकोमा संस्थाले आ.व.०८२/८३ मा रु.४,६०,७८,९९८.४३ आम्दानी गरी लक्ष्यको ८९.४७ प्रतिशत प्रगति गरेको छ । शीर्षकगत आम्दानी देहायबमोजिम रहेको छ ।

| क.सं. | विवरण | वार्षिक लक्ष्य रु. | आम्दानी रकम रु. | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | ऋण कारोबारबाट आम्दानी | ४५७८००००.०० | ३९८७७३६४.०० | ८७.११ |
| २ | संचालन आम्दानी | ५७२५०००.०० | ६१९१६९३.२७ | १०८.१५ |
| ३ | अन्य आम्दानी | ० | ९९४१.१६ | ० |
| | **जम्मा** | **५१५०५०००.००** | **४६०७८९९८.४३** | **८९.४७** |

१५. **कूल खर्चः** संस्थाको गत साधारण सभाले पारित गरेको वार्षिक बजेट र आ.व.०८२/८३ मा भएको खर्च देहाय बमोजिम उल्लेख गरेको छु ।

| क.सं. | विवरण | वार्षिक लक्ष्य रु. | खर्च रकम रु. | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रशासनिक तथा उपभोग खर्च | ३४७४५००.०० | ३०२२८८५.६० | ८७.०० |
| २ | कार्यालय सञ्चालन | ५२०७२००.०० | ४३६५२०४.३० | ८३.८३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | वित्तीय खर्च | ३७३४९०००.०० | ३६०९७४३७.६६ | ९६.६५ |
| ४ | संस्था प्रवर्द्धन तथा विकास खर्च | ११९००००.०० | ४३०३८८.०० | ३६.१७ |
| ५ | कोष व्यवस्थापन खर्च | १९०००००.०० | ३०४६५४.०० | १६.०३ |
| ६ | स्थगन कर खर्च | ०.०० | ३५४३६.२० | ०.०० |
| | **जम्मा** | **४९१२०७००.००** | **४४२२०५६९.५६** | **९०.०२** |
| | **संचालन बचत** | **२३८४३००.००** | **१८५८४२८.८७** | **७७.९४** |

१६. **व्यवसायः** संस्थाले सदस्यहरुको आवश्यकतालाई पुरा गर्न एल.पि. ग्याँसको व्यवसाय सञ्चालन गरिरहेको छ। व्यवसायको चालु पूँजीको रुपमा रु.सात लाख उपलब्ध गराइएको छ। शेयर सदस्यहरुको सुविधा र अप्ठ्यारो परिस्थितिमा पनि हाम्रो राष्ट्रसेवक सहकारी मार्फत ग्याँस पाउन सकिन्छ भन्ने स्थापित मान्यतालाई कायम राख्न यो व्यवसाय सञ्चालनलाई निरन्तरता दिइएको छ । आ.व. ०८२/८३ मा प्रतिमहिना सरदर ३०० थान भन्दा माथि रिफिल ग्याँस विक्री भएको व्यहोरा जानकारी गराउँदछु।

१७. **सम्पत्ति दायित्वः** आ.व. ०८२/८३ को अन्त्यमा सम्पत्ति दायित्व रु.६३,८९,९३,४८५७.४१ पुऱ्याउने लक्ष्य लिएकोमा रु.६१,९५,३५,३२४.४७ पुगी लक्ष्यको ९६.९५ प्रतिशत प्रगति भएको छ।

१८. **कारोबारः** संस्थाले आ.व.०८२/८३ मा रु.६६,०४,५३,४४५.७० कारोबार गर्ने लक्ष्य लिएकोमा रु.८०,१७,८५,५६०.७३ को कारोबार बृद्धि भई लक्ष्यको १२१.४० प्रतिशत प्रगति भएको छ।
उपरोक्त तथ्यहरुबाट संस्था प्रतिको विश्वासमा बृद्धि भई कारोबारमा निरन्तर बृद्धि भईरहेको व्यहोरा प्रस्तुत गर्दछु।

**संस्था सञ्चालनका चुनौतीहरु**

१. सदस्यहरुबाटऋण माग घट्दै गएकोले लक्ष्य बमोजिम ऋण लगानी गर्न नसकिएको अवस्था छ। शेयर सदस्यहरुमा उद्यमशीलताको विकास गरी लगानीका अन्य क्षेत्र विस्तार गर्नुपर्ने अवस्था रहेको छ।
२. संस्थाको सुरक्षाको व्यवस्थालाई अझै प्रभावकारी बनाउनु पर्ने छ।
३. निजामती क्षेत्रका युवा पुस्तालाई शेयर सदस्य बनाउन थप आकर्षित बनाउनु पर्नेछ।
४. शेयर सदस्यहरुको विश्वास जित्दै **सम्पूर्ण आर्थिक कारोबारहरु संस्थामार्फत** भन्ने नारालाई सार्थकता दिनु पर्नेछ।
५. ग्याँस व्यवसायमा विराटनगरमा बसोबास गर्ने सवै शेयर सदस्यहरुलाई सहभागी गराउन सकिएको छैन।
६. उत्पादनमूलक क्षेत्रमा पर्याप्त लगानी गर्न सकिएको छैन।
७. सवै शेयर सदस्यलाई सहकारी शिक्षा प्रदान गर्न सकिएको छैन।
८. सहकारी शिक्षा र चेतनाको बृद्धि गरी सहकारी अभियान प्रतिको नकारात्मक धारणा न्यूनिकरण गर्नुपर्नेछ।
९. बचतमा आकर्षण बढेकोले निक्षेपमा प्राप्त रकमलाई उचित परिचालन गर्नुपर्नेछ।

**आ.व.०८२/८३ मा सम्पन्न भएका कार्यक्रमहरु**

१. आ.व. ०८२/८३ मा तोकिए बमोजिम ब्याज तथा पुँजीको प्रतिफल बापत शेयर सदस्यहरुलाई शेयरको १० प्रतिशत (कर समेत) नीजको बचत खातामा जम्मा गरिएको र कर वापतको रकम कट्टा गरी आवश्यक समयमा दाखिला गर्ने गरी कर व्यवस्था शीर्षकमा राखिएको छ।
२. नियमित बचत कुल बचतको २५ प्रतिशत भन्दा माथि हुनुपर्ने व्यवस्था अनुसार क्रमागत बचत जम्मा गर्न नियमित अनुगमन गरिएको छ। गत वर्ष २०७९ आषाढ मसान्त अर्थात विगत तीन वर्षदेखि संस्थामा कुनै पनि कारोबार नगरेका शेयर सदस्य १०९ गरी जम्मा २१० शेयर सदस्यका खाता निष्कृय गरिएको थियो। सदस्य पहिचान विवरण भरी कारोबार गर्ने २८ शेयर सदस्यको खाता पुनः सक्रिय गरियो भने निष्कृय मध्ये ८ जना शेयर सदस्यले सदस्यता फिर्ता लिएकाले खाता बन्द गरियो। आ.व. ०८२/८३ को अन्त्यमा १७४ जना शेयर सदस्यको खाता निष्कृय रहेका छन्।
३. सुत्केरी हुनुभएका महिला शेयर सदस्यलाई शिशु पोषण खर्च स्वरुप प्रति सदस्य रु.५०००.०० उपलब्ध गराईएको।

४. मृत्यु हुने शेयर सदस्यको परिवारलाई राहत स्वरुप रु.१५०००.०० आर्थिक सहयोग सहित समवेदना प्रकट गर्ने गरिएको ।

५. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत सदस्य बनेको तीनवर्ष पुरा भई ७५ वर्ष नाघेका संस्थाको कारोबारमा नियमित सदस्यलाई सम्मान स्वरुप उपचार खर्च वापत वार्षिक जनही रु.२०००.०० उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएको । अन्य ज्येष्ठ नागरिक सपोटका कार्यक्रमहरु संचालन गरिएको ।

६. कडा रोग लागेर उपचार गराई रहेका विरामी शेयर सदस्यलाई भेटगरी संस्थाले सहयोग स्वरुप रु.७०००.०० सहित शिघ्र स्वास्थ लाभको कामना गर्ने गरिएको ।

७. नयाँ सदस्यलाई नियमित आधारभूत सहकारी शिक्षा प्रदान गर्ने गरिएको ।

८. वित्तीय विश्लेषणलाई निरन्तरता दिईएको ।

९. संयुक्त रुपमा सहकारी दिवस मनाइएको ।

१०. खुला प्रतियोगितात्मक कवतिा गोष्टी, तीन जना श्रष्टालाई सम्मान गरिएको ।
खुला प्रतियोगितात्मक कवितामा देशभरीका रचनाकारहरुका निम्न रचनाहरु पुरस्कृत भएका थिए ।

| सि.नं. | दर्ता नं. | रचनाकारको नाम थर | ठेगाना | रचनाको प्रकार | शीर्षक | नतिजा | प्रदान गरिएको पुरस्कार रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ४५ | सदाशय गौतम | जाजरकोट | कविता | नयाँ युग रच्ने हामी नेपाली | प्रथम | १००००.०० |
| २ | ६ | नानुमैया दाहाल | विराटनगर | कविता | म विर्खे कामी हुँ | द्वितीय | ७०००.०० |
| ३ | ३६ | सुशील पौडेल | कपिलवस्तु | कविता | मातृभूमिको आह्वान | तृतीय | ५०००.०० |
| ४ | ४८ | निकेश डाँगी विक्षिप्त | झापा | कविता | भान्सा युद्ध | सान्त्वना | २०००.०० |

**वाचन भएका अन्य प्रतियोगी रचनाहरु**

| सि.नं. | दर्ता नं. | रचनाकारको नाम थर | ठेगाना | रचनाको प्रकार | शीर्षक |
|---|---|---|---|---|---|
| १ | ८ | उमानाथ घिमिरे | विराटनगर | कविता | वितण्डा |
| २ | ३९ | ओमप्रकाश सिंह ठकुरी | गाइघाट उदयपुर | कविता | सडक, सपना र सरकार |
| ३ | ५२ | कविता केशरी | विराटनगर | गजल | |
| ४ | ४४ | नरोत्तम श्रेष्ठ | भानु ९ तनहुँ | कविता | भित्ताभित्र उम्रिएको जून |
| ५ | ४ | नारायण दाहाल | विराटनगर | कविता | मलाई उठ्न देउ |
| ६ | १० | निर्मला नेपाल | विराटनगर | कविता | पानी |
| ७ | ५० | नेत्र खतिवडा | ग्रामथान मोरङ | कविता | कालापानी |
| ८ | २७ | प्रकाशचन्द्र खतिवडा | दुलारी मोरङ | कविता | काठमाडौं ठट्टा नसम्झनु |
| ९ | ३५ | मदनराज थापा | स्वयंभु काठमाडौं | कविता | अस्तित्वको अवशेष |
| १० | ५ | योगी नारायणनाथ | इटहरी | कविता | उज्यालोको यात्रा |
| ११ | २१ | सरिता पौडेल | त्रियुगा उदयपुर | कविता | परदेशिका टुक्रिएका सपना |

११. देशभरीका राष्ट्रसेवक सहकारीहरुबीच अन्तरक्रिया गरी समन्वय, परामर्श तथा सहजिकरण समिति गठन गरी राष्ट्रसेवक सहकारीको प्रवर्द्धन र सुदृढीकरणका लागि कामहरु गर्न शुरुवात गरिएको ।

१२. राष्ट्रिय सहकारी नियमन प्राधिकरण, सहकारी विभागबाट जारी निर्देशन र कानूनी विषयहरुमा केन्द्रित भई मोरङ जिल्लाभरीका ३० भन्दा बढी सहकारीहरुका बीच बाह्य सहजकर्ताबाट कार्यपत्र प्रस्तुति र अन्तरक्रिया गरिएको ।

१३. प्रत्येक महिना सञ्चालन हुने साहित्य सिर्जना र सम्बाद मासिक कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस कार्यक्रमको ८०औं श्रृङ्खला पुरा भएको छ । संगठनका पूर्वकेन्द्रिय अध्यक्ष श्री नगेन्द्रमणि नेउपानेले

स्थापना गर्नु भएको अक्षयकोषबाट प्रत्येक महिना रचना वाचन गर्ने एक जनालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईएको ।

१४. विशेष कार्यक्रम आयोजना गरी यस संस्थामा राखिएको अक्षयकोषहरुबाट विभिन्न क्षेत्रका व्यक्तित्वहरुलाई संस्थाका विभिन्न कार्यक्रमहरुमा सम्मान तथा पुरस्कार वितरण निरन्तर गरिएको छ । आ.व. ०८२/८३ मा शेयर सदस्यहरुबाट दुई वटा अक्षयकोष थप भएका छन् ।

| सि.नं. | अक्षयकोषको नाम | स्थापना कर्ता | स्थापना मिति | कोष रकम |
|---|---|---|---|---|
| १ | मायादेवी न्यौपाने स्मृति अक्षयकोष | इश्वरी प्रसाद पोखरेल | २०६७/१२/०३ | १०१०००/- |
| २ | गणेश बहादुर/चेतन राई स्मृति अक्षयकोष | कुमारी राई | २०६८/१२/१३ | ५००००/- |
| ३ | नगेन्द्रमणी न्यौपाने ज्येष्ठ नागरीक सम्मान अक्षयकोष | नगेन्द्रमणी न्यौपाने | २०७०/१०/१२ | १०१०००/- |
| ४ | किशोरी खतिवडा स्मृति अक्षयकोष | तुलसी प्र. खतिवडा र छोरीहरु | २०७१/०३/२० | २५००००/- |
| ५ | दधिराम दाहाल स्मृति अक्षयकोष | सहकारी संस्था र सरिता दाहाल | २०७४/०२/२४ | २०००००/- |
| ६ | नगेन्द्रमणी न्यौपाने श्रष्ठासम्मान अक्षयकोष | नगेन्द्रमणी र विन्ध्या नेउपाने | २०७४/०८/२८ | १०००००/- |
| ७ | मान बहादुर राई स्मृति अक्षयकोष | ने.नि.क.संगठन/सहकारी मोरङ | २०६५/१०/०१ | ५००००/- |
| ८ | डमरुबल्लभ बसन्तकुमारी स्मृति अक्षयकोष | गोविन्दवल्लभ र कविता चापागाई | २०७४/१०/०१ | १०१०००/- |
| ९ | राष्ट्रसेवक ज्येष्ठ नागरीक अक्षयकोष | राष्ट्रसेवक ज्येष्ठ नागरीक समाज | २०७१/०९/०१ | १०१०००/- |
| १० | हिरणकुमार थापा स्मृति अक्षयकोष | कृष्णकुमारी थापा र छोराछोरी | २०७४/११/२० | १०००००/- |
| ११ | नारदमुनी हरीमाया स्मृति अक्षयकोष | तुलसी प्र. खतिवडा र परिवार | २०७४/१२/१३ | ५१०००/- |
| १२ | गोविन्दबल्लभ कविता चापागाई अक्षयकोष | गोविन्दबल्लभ तथा कविता चापागाइ | २०७८/१०/०७ | १०५०००/- |
| १३ | विराटमहेन्द्र रात्री किरणप्रभा चन्द्रकान्त स्मृति प्रतिभा पुरस्कार | नमिता राय | २०८०/१२/१३ | १०००००/- |
| १४ | हेमराज लुइटेल “हेरालु” स्मृति अक्षयकोष | पवित्रा लुईटेल र परिवार | २०८१/०६/०७ | १०००००/- |
| १५ | मार्सेली उपभोक्ता सचेतना पुरस्कार | कृष्णप्रसाद भण्डारी मार्सेली | २०८१/०८/११ | २५१०००/- |
| १६ | पं डमरुबल्लभ पार्वता अधिकारी स्मृति अक्षयकोष | ज्ञानेन्द्र अधिकारी र परिवार | २०८१/१०/०२ | ५६१११/- |
| १७ | नगेन्द्रमणी न्यौपाने अक्षयकोष | नगेन्द्रमणी र विन्ध्या नेउपाने | २०८१/१२/०७ | ५०००००/- |
| १८ | लक्ष्मीदेवी यादव स्मृति पिआरपि अक्षयकोष | शिवनारायण यादव | २०८१/१२/२१ | २०००००/- |
| १९ | स्व. ललित श्रेष्ठ स्मृति अक्षयकोष | ज्ञानी श्रेष्ठ लगायत परिवार | २०८२/०९/०२ | १२५१११/- |
| २० | बद्री अधिकारी स्मृति अक्षयकोष | तुलसीनारायण/दमयन्ता अधकिारी | २०८३/०३/२४ | २५००००/- |

**संस्थामा स्थापित अक्षयकोषबाट गत वर्ष सम्मान तथा पुरस्कृत हुनेहरुको विवरण निम्न रहेका छन् ।**

| क्र.सं. | नाम थर | ठेगाना/अभिभावक | अक्षयकोषको नाम | पुरस्कार राशी |
|---|---|---|---|---|
| १ | श्री इन्दिरा रिजाल | काठमाडौं | किशोरी खतिवडा स्मृति अक्षयकोष | १५५५५.०० |
| २ | विराट साहित्य संगम | विराटनगर | मार्सेली उपभोक्ता सचेतना पुरस्कार | १५००१.०० |
| ३ | श्री भवनाथ पौड्याल | ग्रामथान मोरङ | दधिराम दाहाल स्मृति अक्षयकोष | १५५५५.०० |
| ४ | श्री सुमन सुस्केरा | बुढिगंगा मोरङ | हिरणकुमार थापा स्मृति अक्षयकोष | ११११११.०० |
| ५ | क्लेशारानी खतिवडा | नितेश/निलमणी खतिवडा | डमरुबल्लभ बसन्तकुमारी चापागाई स्मृति अक्षयकोष SEE | ५०५०.०० |
| ६ | ऋदम कोइराला | महेश्वर/सीता कोइराला | डमरुबल्लभ बसन्तकुमारी चापागाई स्मृति अक्षयकोष SEE | ५०५०.०० |
| ७ | नवि मेहता | रामखेलौन/विनुकुमारी मेहता | मायादेवी न्यौपाने स्मृति अक्षयकोष SEE | ५०५०.०० |
| ८ | कृष श्रेष्ठ | बद्री/गिता श्रेष्ठ | गणेशचेतन राई स्मृति अक्षयकोष SEE | ५०५०.०० |
| ९ | सारांश अधिकारी | संजय/राधिका अधिकारी | गणेशचेतन राई स्मृति अक्षयकोष SEE | ५०५०.०० |
| १० | ज्ञानी श्रेष्ठ | विराटनगर ११ | नगेन्द्रमणी नेउपाने ज्येष्ठ नागरिक सम्मान अक्षयकोष | ८००१.०० |
| ११ | प्र.म.दैवि प्रकोप उद्दारकोष | काठमाडौं | हेमराज लुइटेल हेरालु स्मृति अक्षयकोष | ८०००.०० |
| १२ | तुलसीराम श्रेष्ठ | विराटनगर | राष्ट्रसेवक ज्येष्ठ नागरिक अक्षयकोष | २५०१.०० |
| १३ | दिनेशराज सुवेदी | विराटनगर | गोविन्दबल्लभ कविता चापागाई सम्मान अक्षयकोष | ११११०१.०० |

| | | | | |
|---|---|---|---|---|
| १४ | सावित्रा लामिछाने | विराटनगर १० | नारदमुनी हरीयामा स्मृति अक्षयकोष | ३१०१.०० |
| १५. | विभिन्न कविहरु | विराटनगर | नेउपाने श्रष्टा सम्मान | मासिक ११००.०० |
| १५ | श्री उमानाथ अधिकारी | दमक | ज्येष्ठ सदस्य | ५०००.०० |
| १६ | प्रेक्षा ढकाल | चिरन्जिवी/उषा ढकाल | +2 व्यवस्थापनतर्फ उत्कृष्ट | ५१००.०० |
| १७ | रजतरमण दवाडी | रोहिणीरमण/शोभा दवाडी | +2 विज्ञानतर्फ उत्कृष्ट | ५१००.०० |

अक्षयकोष स्थापनाकर्ताको परिचय, अक्षयकोष स्थापना गर्नुको उद्देश्य, सम्मान तथा पुरस्कारको क्षेत्र लगायतका विषयहरु समेटी संस्थामा स्थापना भएका २१ वटा अक्षयकोष संचालन निर्देशिका बमोजिम एकिकृत गरी संयुक्त संगालोको रुपमा **"राष्ट्रसेवक स्मृतियात्रा"** संस्थाको स्थापना दिवस २०८३/४/४ मा प्रकाशन गरिएको साथै अक्षयकोष स्थापनाकर्तालाई सम्मान गरिएको ।

**अन्य सम्मान**

सहकारी संस्थाबाट ऋण लिएर संस्थाको सपोटमा उच्च शिक्षाको उपाधि हासिल गर्ने शेयर सदस्य वा शेयर सदस्यका सन्ततिलाई सम्मान गर्ने नीति अनुरुप स्नातक, स्नातकोत्तर र विद्यावारिधि गर्ने निम्न व्यक्तिहरुलाई गत आ.व.मा उच्च शिक्षा सम्मान प्रदान गरियो ।

| क्र.सं. | उपाधि हासिल गर्ने | सदस्य/सन्तती | अभिभावक/शेयर सदस्य | उपाधी | विषय | विश्व विध्यालय |
|---|---|---|---|---|---|---|
| १ | चन्दा पोखरेल | शेयर सदस्य सन्तती | हरिप्रसाद पोखरेल | स्नातकोत्तर | शिक्षा | पूर्वाञ्चाचल विश्वविद्यालय |
| २ | उशल कोइराला | शेयर सदस्य सन्तति | महेश्वर/सीता कोइराला | स्नातक | मानविकी | त्रिभुवन विश्वविद्यालय |
| ३ | एलिशा पोखरेल | शेयर सदस्य २१८० | डिल्लीप्रसाद/गीता पोखरेल | स्नातक | व्यवस्थापन | त्रिभुवन विश्वविद्यालय |
| ४ | क्षितिज दाहाल | शेयर सदस्य सन्तति | गुरुप्रसाद/भावना दाहाल | स्नातक | इन्जिनीयरिङ | चित्कारा विश्वविश्वालय भारत |
| ५ | आदित्य पौडेल | शेयर सदस्य सन्तति | गोविन्द/विन्दुकुमारी पौडयाल | स्नातकोत्तर | व्यवस्थापन | वेस्टक्लीफ विश्वविधद्यालय |

**१५.** विभिन्न सहकारीका साधारण सभा, जिल्ला संघ, राष्ट्रिय सहकारी बैंक र सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय इनरुवा, सुनसरीबाट आयोजना भएका कार्यक्रमहरुमा सहभागिता जनाइएको ।

**१६.** सदस्य तथा सदस्य परिवारका सुखद् कार्यक्रम र दुःखद् घटनाहरुमा सम्भव भएसम्म संस्थागत रुपमा उपस्थित भई सहभागिता जनाउने गरिएको ।

**१७.** ऋणको साँवा ब्याज बुझाउन २ देखि ७ दिन अगाडि एस.एम.एस. सूचना प्रणालीलाई निरन्तरता दिइएको ।

**१८.** संस्थाको मासिक तथा वार्षिक विवरणहरु कोपोमिसमा समावेश तथा अन्य सम्बन्धित निकायमा पठाउने गरिएको ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

हामीसँग रहेको बचत रकममा दिइने ब्याज र ऋण लगानीमा लिइने ब्याजको अन्तर अत्यन्तै न्यून रहेको छ । सञ्चालन खर्च न्यून रहेकै कारण थोरै मार्जिनबाट समेत व्यवस्थापन गर्न सकिएको छ । हाम्रो सञ्चालन खर्च औसत कूल सम्पत्ति दायित्वको १.१९ प्रतिशत रहेको छ ।

न्यून सञ्चालन लागतमा अधिकतम पूँजी परिचालनको सम्भावनाहरुको खोजी गर्नु पर्ने आवश्यकता छ । हामी विस्तारै प्रविधिमार्फत संस्था सञ्चालन गर्ने अवस्थामा आइपुगेका छौं ।

आ.व. ०८२/८३ मा छुट्याइएको शेयर बोनसको रकम रु.५,८१,५०२.४४ शेयरको आधारमा र संरक्षित पूँजी फिर्ता कोषको रकम रु. २,७८,७६४.३३ कारोबारका आधारमा वितरण गर्न बाँकी रहेको छ । नीति, कार्यक्रम र बजेट निर्माण गर्दा उपरोक्त तथ्यहरुलाई समेत विश्लेषण गरिएको छ ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

अब म आ.व. ०८३/८४ मा संस्थाले अबलम्बन गर्ने नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । यो निर्माण गरि रहँदा माथि उल्लेख भएका तथ्य तथ्याङ्कहरु, साधारण सभा पूर्व भएको बिस्तारित मञ्च र विभिन्न चरणमा भएका छलफलमा अग्रजहरुबाट प्राप्त सुझावहरुलाई समेत मार्ग दर्शनको रुपमा लिएको छु ।

## १. शेयर सदस्यता नीति

१. सदस्य हुन बाँकी निजामती कर्मचारी र सदस्य परिवारलाई सदस्यता प्रदान गर्ने नीतिलाई यथावत राख्ने ।
२. शेयर खरिद नियमित वचत गर्ने र संस्थाको नीतिनियमहरु पूर्ण रुपमा पालन गर्ने प्रतिवद्धता हुनुपर्ने ।
३. संस्थाको कार्य क्षेत्रमा स्थायी बसोवास वा कार्यरत भएका निजामती कर्मचारी र निजको परिवारलाई सदस्यता दिन प्राथमिकता दिने ।
४. युवा सदस्य विस्तारको लागि संघ, प्रदेश र स्थानीय तहका कार्यालयसँग समन्वय गर्ने ।
५. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत निजामती कर्मचारीलाई शेयर सदस्य बनाउने गरी कार्ययोजना बनाउने ।
६. सदस्य बन्न नियमपूर्वक स्वःघोषणा सहित निवेदन दिने, निवेदन स्वीकृत भए पछि सामान्यतः एकदिने पूर्व सहकारी शिक्षा लिएपछि सदस्यता प्रदान गर्ने ।
७. राष्ट्रसेवाका क्षेत्रमा क्रियाशिल वा क्रियाशिल भई अवकाश प्राप्त राष्ट्रसेवकहरुलाई औचित्यको आधारमा सञ्चालक समितिले निर्णय गरी सदस्यता प्रदान गर्न सकिने ।
८. हालको तरलताको अवस्थालाई हेरी सुरक्षित लगानी विस्तारका लागि व्यवसायिक योजनामा लगानी बृद्धि गर्नुपर्ने भएकाले त्यस्ता व्यवसायिक व्यक्तिहरु पहिचान गरी इच्छुक व्यवसायिलाई संचालक समितिले निर्णय गरी सदस्यता प्रदान गर्न सक्ने ।
९. अठार वर्ष पुरा भएका बालबचत कर्तालाई स्वतः शेयर सदस्यता प्रदान गर्ने ।
१०. सोह्र देखि सत्तरी वर्षसम्मका सदस्यताका लागि योग्य व्यक्तिहरुलाई संचालक समितिले निर्णय गरी सदस्य बनाउने ।
११. युवा आकर्षण गर्न शेयर सदस्यताका लागि आवेदन दिई स्वीकृत भएका (बाल बचतकर्ता बाहेक) तीस वर्ष मुनीका युवा सदस्य बन्दा रु. एक हजार नगद सहित स्वागत गर्ने ।
१२. शेयर सदस्यले विवाह गरी आफ्नो जोडीलाई शेयर सदस्य बनाउन चाहेमा शेयर सदस्य बन्दा रु.५०००.०० बराबरको रकम संस्थाको तर्फबाट खर्च गरी नीजको शेयर खातामा जम्मा गर्ने ।
१३. शेयर सदस्य बनाउँदा उक्त व्यक्तिको आफ्नै नाममा दर्ता भएको मोवाइल नम्बर हुनुपर्ने, राष्ट्रिय परिचय पत्र नम्बर र स्थायी लेखा नम्बर समेत लिने । सदस्य पहिचान विवरण अध्याबधिक गर्दा सबै विवरणहरु अध्याबधिक गर्दै जाने ।

## २. शेयर नीति

कूल सम्पत्तिको आकारको आधारमा शेयर पूँजी सम्बन्धी नीति निर्माण गर्नुपर्ने भएको र हाल कूल सम्पत्तिको १२.२६ प्रतिशत रहेको छ । शेयर पूँजीको लागि निम्न नीति अवलम्वन गर्ने ।

१. सामान्यतः सदस्य बन्दा कम्तिमा १०० कित्ता शेयर खरिद गर्न अनुरोध गर्ने ।
२. शेयर सदस्यलाई आफ्नो सेयर रकम ५० कित्ताले भाग जाने बनाउने गरी वृद्धि गर्न अनुरोध गर्ने, सो अनुसार शेयर वृद्धी तथा मिलान गर्न संस्थाले क्रमागत वचतवाट रकम झिकी मिलान गर्न सक्ने ।
३. १०० शेयर पुऱ्याउन १०० शेयर नपुगेका शेयर सदस्यको आ.व. २०८२/८३ मा प्राप्त हुने लाभांश र संरक्षित पूँजीकोषको रकम शेयरमा मिलान गर्ने ।
४. एक सदस्यले अधिकतम ५००० (पाँच हजार) कित्तासम्म मात्र शेयर खरिद गर्न पाउने नीति यथावत राख्ने ।

**३. जगेडाकोष**

संस्थाको आर्थिक मेरुदण्डको रुपमा रहेको जगेडा कोष आ.व. ०८२/८३ को अन्त्यमा रु. ३,८०,१०,१९५.११ रहेको छ । कुल कोष हिसावको ७६.२१ प्रतिशत र पुँजी तथा दायित्वको ६.१३ प्रतिशत जगेडा कोष रहेको छ । यसलाई वृद्धी गर्न निम्न प्रयत्नहरु गर्ने ।

१. नयाँ सदस्य (५ वर्ष कारोवार गर्ने बालबचत बाहेक)बाट रु. २,०००.०० जगेडा कोष अनुदानका लागि अनुरोध गर्ने ।
२. संस्थालाई प्राप्त हुने संस्थागत अनुदानलाई यस शीर्षकमा राख्ने ।
३. संस्थाको मेरुदण्डको रुपमा रहेको जगेडा कोषलाई बृद्धि गर्न नियमानुसार छुट्याउनु पर्ने रकमको अतिरिक्त संचालन बचतबाट संचालक समितिले निर्णय गरी थप गर्न सक्ने ।

**४. निक्षेप**

१. हाल कूल दायित्यमा बचतको अंश ७८.५० प्रतिशत रहेको छ भने कुल निक्षेपको २७.३९ प्रतिशत नियमित (क्रमागत) बचत रहेको छ ।
२. प्राधिकरणको मापदण्ड अनुसार कुल निक्षेपमा नियमित बचतको अंश २५ प्रतिशत नघट्ने गरी शेयर सदस्यको क्रमागत बचत खातामा न्यूनतम् मौज्दात रु.२५०००.०० सिमा कायम गर्ने ।
३. क्रमागत बचतमा भूक्तानी दिने ब्याजलाई शेयर सदस्यको बचत खातामा जम्मा गर्ने । क्रमागत बचतलाई सयांशमा हुने गरी नियमित गर्दै जाने ।
४. अक्षयकोष बचतमा मुल रकम छुट्याई सोमा प्राप्त भएको र अब प्राप्त हुने ब्याजलाई सोही अक्षयकोष खातामा बचत खाता शीर्षक खोली सो खातामा जम्मा गर्ने ।
५. निक्षेप लिने प्रकृया यथावत राख्ने ।
६. क्रमागत बचत खातामा मासिक न्यूनतम रु. ५००.०० देखि माथि बृद्धि गरी जम्मा गर्न प्रोत्साहित गर्ने ।
७. क्रमागत बचतलाई नियमित गर्न प्रयत्न गर्ने ।
८. क्रमागत बचतको नियमिततालाई शेयर सदस्यले पाउने अन्य सेवा तथा सुविधासँग जोड्ने ।
९. सहकारी नियमन प्राधिकरणको एकिकृत निर्देशन, २०८२ अनुसार अधिकतम् तिनबर्षे आबधिक बचत स्वीकार गर्ने ।
१०. आवधिक बचतको म्याद समाप्त भएपछि स्वतः निजको वचत खातामा जम्मा हुने व्यवस्था गर्ने, अक्षयकोष बचत खातालाई निरन्तरता दिने ।
११. बचतको ब्याजदरलाई समसामयीक बनाउने ।
१२. शेयर सदस्यका छोराछोरीहरुलाई हौसला प्रदान गर्दै बचत गर्ने बानी विकासको लागि बालबचत कार्यक्रम संचालन गरिएकोले उद्देश्य अनुसार बचत जम्मा गर्न प्रोत्साहन गर्ने साथै रु. ५० हजारभन्दा माथिको रकम जम्मा गर्दा बालबालिकाले रकम प्राप्त गरेको श्रोत खुलाउनु पर्ने र नीजको शिक्षा, स्वास्थ्य प्रयोजनका लागि निवेदन लिएर मात्र निकाल्न पाउने व्यवस्था गर्ने ।

**५. बाह्यकर्जा**

१. संस्थालाई आवश्यकता भएमा मात्र अन्य निकायबाट ऋण लिने नीतिलाई यथावत राख्ने ।
२. संस्थासँग तरलता भई अन्य संस्थाको माग अनुसार ऋण दिँदा ऋण माग गर्ने संस्थाको कारोबारको आधार र विश्वसनीयतालाई समेत हेरी पूँजीकोषको २० प्रतिशतमा नबढ्ने गरी ऋण उपलब्ध गराउन सकिने ।
३. संस्थालाई ऋण दिँदा बचतको लागतमा नघट्ने गरी आपसी सम्झौता, अवधि र उद्देश्यअनुसार ब्याजदर निर्धारण गर्न सकिने ।

**६. सदस्य सुरक्षा कोष**

१. संस्थाले वार्षिक रुपमा भएको नाफाबाट निर्णय बमोजिम रकम कोषमा छुट्याउने,
२. नयाँ सदस्य बन्दा लिने रकम रु.५००.०० यथावत लिने ।

३. शेयर सदस्यको मृत्यू भएमा परिवार राहत स्वरुप रु.१५०००.०० दिने ।
४. सदस्य बनेको एक वर्ष पुरा भएका संस्थामा नियमित कारोबार गर्ने शेयर सदस्यका दुई बच्चासम्म रु.५०००.०० पोषण खर्च दिने सोको लागि जन्म भएको तीन महिनाभित्र जन्मदर्ता सहित निवेदन दिनु पर्ने ।
५. कडा रोग लागि उपचार गराई रहेका विरामी शेयर सदस्यलाई भेट गरी संस्थाले फलफूल खर्च सहयोग स्वरुप रु.७०००/- सहित शिघ्र स्वास्थ लाभको कामना गर्ने ।
६. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत सदस्य बनेको तीन वर्ष पुरा भएका ७५ वर्ष नाघेका कम्तीमा एक वर्ष अघिसम्म संस्थाको आर्थिक कारोबारमा नियमित संलग्न भएका शेयर सदस्यहरुलाई ज्येष्ठ सदस्य सम्मान अन्तर्गत औषधी उपचार खर्च वापत वार्षिक २०००.०० दिने कार्यलाई यथावत राख्ने ।

**७. व्यवसाय**

१. ग्याँस कारोबार सदस्यहरुको आवश्यकतासँग जोडिएको कारोबार भएको, संस्थाले नाफाको निश्चित रकम ग्याँस कारोबार गर्ने सदस्यलाई दिने नीति अवलम्बन गरेको, बजारमा ग्याँसको अभाव भएको समयमा समेत संस्थाले ग्याँस उपलब्ध गराउने गरेको र संस्थाले सञ्चालन गरेको कारोबारलाई प्रवर्द्धन गर्नु सदस्यको दायित्व र जिम्मेवारी भएको हुँदा विराटनगर र आसपासका क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण शेयर सदस्यहरुलाई यस संस्थाबाट ग्याँस कारोबार गर्न अनुरोध गर्ने ।
२. कारोबारका आधारमा एलपी ग्याँस प्रयोग गर्ने सदस्यलाई पुँजी फिर्ता गर्ने व्यवस्थालाई यथावत राखी उक्त व्यवसायकै नाफालाई सदस्यले खरिद गरेको संख्याका आधारमा दामासायीले वितरण गर्ने । सो रकम सदस्यको बचत खातामा जम्मा गर्ने ।
३. ग्यास ढुवानी वापत भुक्तानी हुने रकम ग्यास कारोवारको आम्दानीबाट एक सय सिलिण्डर मासिक न्यूनतम् ९०००.०० एक सय सिलिण्डर भन्दा माथिको प्रति सिलिण्डर रु.६५.०० खर्च गर्ने प्रस्ताव गरेको छु ।
४. ग्यास कारोवारको विवरण, आम्दानी खर्चको विवरण अनुसूचीमा पेस गरेको छु । यस वर्ष कम्तीमा ४००० थान ग्याँस विक्री गर्ने लक्ष्य प्रस्तुत गर्दछु ।
५. स्वदेशी विद्युत उत्पादनको खपतलाई प्रोत्साहन गर्न इन्डक्सन प्रयोग गरौँ भन्ने अभियान स्वरुप शेयर सदस्यले साधारण सभापछि आफ्नो नाममा खरिद गरेको इन्डक्सन चुलोको भ्याट विल संस्थामा पेश गरेमा रु.एक हजार अनुदान दिन प्रस्ताव गरेको छु ।
६. अन्य कारोबार गर्न सम्भाव्यता अध्ययन गर्ने ।

**८. लगानी हिसाव**

१. संयुक्त लगानीको क्षेत्र पहिचान भई लगानीको आव्हान भएमा छलफल गरी शेयर पुँजीको १०% सम्म लगानी गर्न सकिने ।
२. प्रतिफल योग्य सुरक्षित लगानीका प्रयत्नहरु गर्ने ।
३. अनुत्पादक लगानीमा रहेका केहि लगानीहरु फिर्ता ल्याउन प्रयत्न गर्ने ।

**९. ऋण लगानी तथा असुली**

**क) ऋण लगानी**

कुल सम्पत्तिमा सम्पूर्ण किसिमका ऋण लगानीको अंश ५२.७५ प्रतिशत रहेको छ । गत वर्षको ऋण लगानी नीतिलाई यथावत राखी लगानी बृद्धिका लागि आवश्यकता अनुसार नीति लिन अधिकार संचालक समितिलाई प्रदान गर्ने ।

**अ.बचत धितो सुरक्षण ऋण**

१. शेयर सदस्यले संस्थामा जम्मा गरेको ऋमागत बचत, आबधिक बचतलाई सुरक्षण राखी अधिकतम ९० प्रतिशत ऋण लगानी गर्न सक्ने ।
२. यसरी प्रवाह हुने ऋणको ब्याजदर सुरक्षणका लागि सदस्यले राखेको बचतमा प्राप्त गर्ने ब्याजदर भन्दा थप दुई प्रतिशत हुने ।

३. बचत धितो सुरक्षण वा साधारण ऋण लगानीको सुरक्षार्थ आवश्यकता अनुसार सुरक्षण राखेका बाहेकका अन्य बचत, शेयर खाता रोक्का राख्न सकिनेछ ।

**आ. अचल धितो सुरक्षण ऋण**

१. साधारणतया सदस्यले संस्थामा गरेको कारोवारको अवस्था, धितोको अवस्था, ऋण फिर्ता गर्न सक्ने क्षमता, फिर्ताको अवस्था र संस्थामा तरलताको स्थिति समेत हेरी प्रति शेयर सदस्य रु. ५० लाख लगानी गर्ने । एक परिवारमा एक करोड ऋण प्रदान गर्न सकिने ।

२. शेयर सदस्यको स्वामित्वमा संचालित परियोजनाको विस्तार गर्न पुँजीको अपर्याप्तता भई ऋण माग भएमा परियोजनाको अवस्थाको अध्ययन, धितोको अवस्था, ऋण फिर्ता गर्न सक्ने सामर्थ्य, संस्थामा तरलताको अवस्था समेत विश्लेषण गरी संचालक समितिले विशेष निर्णय गरी पुँजीकोषको १५ प्रतिशतमा नबढ्ने गरी एकजना शेयर सदस्यलाई रु. १ करोड परियोजना ऋण लगानी गर्न सक्ने ।

३. ऋण लगानी गर्दा 5C (क्षमता, पुँजी, धितो, अवस्था र व्यक्तित्व)लाई आधार बनाइने छ ।

४. स्थायी सम्पत्तिको मूल्याङ्कन गरी संस्थाको नियमानुसार मार्जिन कट्टा गरी सम्बन्धित भूमि प्रशासन कार्यालयबाट जग्गा रोक्का राखी लगानी गरिने ।

५. राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड अनुसार कुल लगानीको कम्तीमा ५० प्रतिशत लगानी गर्नुपर्ने क्षेत्र कृषि, उद्योग, व्यापार, व्यवसाय जस्ता उत्पादनमूलक क्षेत्र संचालन गर्न शेयर सदस्यले फर्म/संस्था दर्ता गरी संचालनमा रहेका व्यवसायिक शेयर सदस्यले ऋणको माग गरेमा प्राथमिकता दिई सञ्चालक समितिले अध्ययन गरी आ.व. ०८३/८४ मा एकजनालाई बढीमा एक करोडसम्म ऋण लगानी गर्ने । उक्त ऋणमा अन्य ऋणमा भन्दा १.५ प्रतिशतसम्म ब्याज कम लिने ।

६. शैक्षिक तथा बैदेशिक प्रयोजन लागि लिने ऋणमा प्रमाण पेश गरेमा एक जनालाई बढीमा ३० लाख र यी शीर्षकमा कुल ऋण लगानीको बढीमा दश प्रतिशत लगानी गर्ने । उक्त ऋणमा अन्य ऋणमा भन्दा १.५ प्रतिशत ब्याज कम लिने । शिक्षा र बैदेशिक कर्जाको लागि आवश्यक कागजात राखी ऋण माग गर्नुपर्ने, विद्यार्थीको भर्ना गर्ने तथा फि तिर्ने किस्ता कायम गरी भूक्तानी दिने, धितोको हकमा जायजेथा राख्ने, जायजेथा संस्थामा नै राखी ऋण लिइ रहेको भए सोलाई नै धितोको आधार मानी प्रमाणका आधारमा शिक्षा ऋणमा सार्न सकिने ।

७. शेयर सदस्य र नीजको परिवारका लागि स्वास्थ्य उपचारका लागि लिने ऋण एक जनालाई बढीमा १५ लाख प्रमाण लिई ऋण लगानी गर्ने र यस ऋणमा अन्य संस्थाको आधार ब्याजदर ९.५ प्रतिशतमा दुई प्रतिशत कम ब्याज लिने ।

८. घर समेत धितो राखी ऋण लिंदा दशलाख भन्दा बढी घरतर्फको मूल्यांकन भएमा घरको बिमा गर्ने व्यवस्थालाई निरन्तरता दिने ।

९. धितो मूल्याङ्कन तथा कर्जा अनुगमन उप-समितिले सिफारिस गरेको ऋण लगानी योग्य रकमलाई सम्बन्धित मालपोतमा धितोबन्धक रोक्का राख्ने, सञ्चालक समितिको वैठकबाट निर्णय तथा अनुमोदन गरी/गराई लगानी गर्ने कर्जाको २ वर्ष देखि ५ वर्ष सम्म म्याद कायम गरी संस्थामा छुट्टै तमसुक गरी प्रतिवर्ष ०.२० प्रतिशत ऋण सिमा शुल्क लिई ऋण सिमा कायम गर्ने र शेयर सदस्यको आवश्यकता बमोजिम ऋण सिमा भित्र एकै पटक वा पटक पटक गरी ऋण लगानी गर्ने । शेयर सदस्यको आवश्यकता, नीजले गरेको कारोबारको अवस्था र उदेश्यअनुसारको कार्यमा लगानी गरेको देखिएमा बढीमा ५ वर्ष नियमानुसारको लिमिट शुल्क लिई नयाँ तमशुक गरी सोही ऋण फाइलबाट पुनः ऋण लगानी गर्न सकिने । शेयर सदस्यले स्विकृत सिमा र अवधि भित्र ऋण लिएर फिर्ता गरेको रकम पूनः आवश्यक भई माग गरेमा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिने प्रस्ताव गरेको छु ।

१०. धितो ऋण लगानी गर्दा अधिकतम मूल्याङ्कित रकमको धितो बन्धक पास वा रोक्का मात्र गरी सोको अधिकतम् ६० प्रतिशतसम्म लगानी गर्न सकिने र शेयर सदस्यले थप ऋण माग गरेमा भाखा अवधिभित्र पुनःमूल्याङ्कन गरी ऋण सिमा थप गर्न सकिने ।

११. पर्याप्त अचल धितोमा ऋण कारोबार गरिरहेका शेयर सदस्यले तत्काल जरुरी भएको भनी थप ऋण माग गरेमा शुरु मूल्यांकनको दुई वर्ष व्यतित गरेको भएमा धितोको अवस्था र शेयर सदस्यको संस्थासँगको कारोबार हेरी ऋण लगानी तथा अनुगमन समितिको संयोजकको सिफारिसका आधारमा नियमानुसार लिमिट शुल्क लिई पाँच लाखसम्म ऋण लगानी गर्न सकिने ।

१२. दश लाखभन्दा बढि ऋण लगानी गर्दा सदस्यले ऋण फिर्ता कार्ययोजना पेश गर्ने व्यवस्थालाई यथावत राख्ने,

१३. तीस लाख भन्दा बढी ऋण लगानी गर्दा संस्थामा सूचिकृत बाह्य मूल्यांकन कर्तासमेतको मूल्यांकनका आधारमा लगानी गर्ने ।

१४. संस्थाबाट कृषि, उद्योग, परियोजना तथा व्यवसायमा लगानी भएका ऋण लामो अबधि रहन सक्ने भएकाले उक्त ऋणहरुको भाखा अबधि लिमिट शुल्क लिई आवश्यकता अनुसार थप गर्न सकिनेछ ।

१५. संस्थाले लगानी गरेका ऋणहरुबाट कति उद्यमशिलता, उत्पादन र रोजगारीको विकास भएको छ, अध्ययन गरी थप योजना निर्माण गर्ने प्रस्ताव गरेको छु ।

**इ. हायरपर्चेज ऋण लगानी**

१. हायरपर्चेज ऋण अन्तर्गत मोटरसाइकल, स्कुटर र तीन चक्के सवारी साधन खरिद गर्न अग्रिम भुक्तानी हुने रकम बाहेक अधिकतम पाँच लाखसम्म लगानी गरिने ।

२. चार चक्के सवारी साधन खरिद गर्न अग्रिम भुक्तानी हुने रकम बाहेक अधिकतम् २५ लाखसम्म ऋण लगानी गर्ने ।

३. हायरपर्चेज ऋण लगानी गर्दा मोटरसाइकल, स्कुटर र तीन चक्के सवारीमा परलमूल्यको कम्तीमा तीस प्रतिशत र चार चक्के सवारीमा ४५ प्रतिशत अग्रिम भुक्तानी (डाउनपेमेन्ट) अनिवार्य लिने, सवारी साधन संस्थाको नाममा नामसारी गर्ने, सवारी साधन पास गर्न वा नामसारीका लागि जाने आउने खर्च रकम रु. एक हजार लिई अन्य सेवा शुल्क नलिने तर नामसारी गर्दा यातायात कार्यालयमा हुने विविध खर्च सदस्यले गर्नुपर्ने ।

४. चार चक्के सवारी साधन खरिद गर्न लिने ऋणमा आधार दरमा एक प्रतिशत छुट दिने ।

५. लगानी भएको सवारी साधनको तुरुन्तै पूरा बिमा गर्ने । ऋण अबधिभर सवारी साधनको पूरा बिमा नविकरण गर्ने ।

६. प्रत्येक वर्ष बिमा गरी संस्थामा कागजात राख्ने, यदि कुनै ऋणी सदस्यले बिमा नगरेमा संस्थाले आफैं बिमा गरी ऋणमा जोड्ने गरी सम्झौता गर्ने ।

७. अन्य नीतिहरु यथावत रहने ।

**ई. घरायसी उपकरण (Home Appliances) ऋण**

१. यस ऋण अन्तर्गत मोवाइल, ल्यापटप, आइप्याड, एसी, फ्रिज, जस्ता घारायसी उपकरणहरु खरिद गर्न यो शीर्षकमा ऋण लगानी गर्ने ।

२. आफ्नो वा एकाघरका परिवारका बचतहरु सुरक्षण राखी वा अचल धितो सुरक्षण राखी सदस्यले यस शीर्षकमा ऋण लिन सक्ने ।

३. उपकरण खरिद गरेको बिल पेश गर्नुपर्ने । विल पेश नगरेसम्म आधार ब्याजदर लिने ।

४. यस ऋणको ब्याजदर ६ प्रतिशत लिने ।

**उ) ऋण लगानी सम्बन्धि अन्य नीतिहरु**

१. ऋण कारोबार गर्ने शेयर सदस्यलाई ब्याज बुझाउने समयको सूचनाका लागि सफ्टवेयरबाट अटो एस.एम.एस. जाने व्यवस्था गर्ने ।

२. वित्तीय बजारमा हुने उतारचढाव र परिस्थितिलाई हेरी संस्थाले लिनुपर्ने नीतिका सम्बन्धमा निरन्तर अध्ययन गरी प्राप्त सुझावका आधारमा नीति निर्माण गरिने ।

३. लगानीको क्षेत्र खोजी अन्य क्षेत्रमा समेत लगानी गर्न प्रयत्न गर्ने ।

४. संस्थाको मुख्य आयश्रोतको रुपमा रहेको ऋण लगानीलाई सदस्यको आयआर्जन कार्यक्रममा जोडी उपयोग तथा सम्पत्ति खरिद भन्दा उत्पादनमूलक कार्यमा लगानी गर्न प्राथमिकता दिने ।
५. बिना धितो ऋण लगानीलाई पूर्णतः निरुत्साहित गर्ने ।
६. ऋण लगानीको क्षेत्र बर्गीकरण गरी लगानी गर्ने नीति लिने तर हाल पर्याप्त लगानी हुन नसकेको अवस्था रहेकोले क्षेत्रगत लगानीको सिमा कायम नगर्ने ।
७. हालको वित्तिय बजारको अवस्थामा तरलता बढ्ने र ऋण लगानी कम हुने अवस्था रहेको छ । स्वभावैले ऋण लगानी कम भएपछि सदस्यलाई दिने प्रतिफल समेत कम हुने अवस्था रहन सक्छ । सुरक्षित ऋण लगानी गर्दै शेयर सदस्यहरुको लगानी तथा बचतलाई उचित प्रतिफल दिन अधिकतम् प्रयत्न गरिने छ ।

**ख) ऋण फिर्ता वा असुली नीति**

१. सदस्यले लिएको ऋणको साँवा तथा ब्याज लिँदा मौज्दात ऋणको दिन गन्तीको हिसाबले मासिक रुपमा नियमित साँवा र ब्याज लिने ।
२. ऋण लिएको वा किस्ता बुझाएको दिनदेखि ४५ दिनसम्म साँवा ब्याज नियमित हुन आएमा कुनै किसिमको अतिरिक्त ब्याज र विलम्ब शुल्क नलिने तर ४६ दिनदेखि तालिका अनुसार ब्याज तथा बिलम्ब शुल्क लिने ।

| समय | ब्याज | विलम्ब |
|---|---|---|
| १-४५ दिन | ९.५% | नलाग्ने |
| ४६-९० दिन | १०.५% | नलाग्ने |
| ९१-१३५ दिन | ११.५ % | नलाग्ने |
| १३६-१८० दिन | १२.५ % | नलाग्ने |
| १८१-२२५ दिन | १३.५ % | नलाग्ने |
| २२६-२६० दिन | १४.५ % | पाकेको ब्याजको ५% |
| २६१-३०५ दिन | १४.५ % | पाकेको ब्याजको ५% |
| ३०६-३६५ दिन | १४.५ % | पाकेको ब्याजको ५% |
| ३६६ देखि माथि | १४.५ % | पाकेको ब्याजको ५% |

३. ऋण लगानी गर्दा फिर्ता गर्न सक्ने क्षमता, ऋण रकम, ऋण सिमा समेतको आधारमा निश्चित अवधि (ग्रेस पिरियड) तत्काल कामय रहेको ऋण रकमको न्यूनतम् ०.२५ प्रतिशत किस्ता बुझाउनु पर्ने व्यवस्था गर्ने ।
४. ब्याज बुझाउँदा क्रमागत बचत अनिवार्य लिने व्यवस्था गर्ने ।
५. ऋण नियमित गर्न विलम्ब गर्ने ऋणी सदस्यलाई नियमित गर्न निरन्तर ताकेता गर्ने ।
६. एक वर्षसम्म साँवा तथा ब्याज नियमित नगर्ने सदस्यको प्रचलित कानून अनुसार असुली प्रकृया अपनाई ऋण असुल गर्ने ।
७. हायरपर्चेज ऋणको मासिक ब्याज तथा तोकिएको किस्ता अनिवार्य गर्ने ।
८. हायरपर्चेज ऋणको तोकिएको किस्ता र ब्याज लगातार तीन महिनासम्म नबुझाएमा गाडी संस्थाले लिई अन्यत्र विक्री वितरण गरी ऋण असुल गर्न सक्ने ।
९. नियमित ऋण कारोबार गर्ने शेयर सदस्यहरुका लागि प्रोत्साहनका कार्यहरु गरिनेछ ।
१०. ऋण लगानी गर्दा तोकिएको भाखा अवधिमा ऋण चुक्ता नभएको अवस्थामा कार्यविधि बमोजिम भाखा थप वा ऋण सिमा शुल्क लिई ऋण कारोबार नियमित गरिनेछ । भाखा थप वा ऋण सिमा शुल्क नबुझाएमा माथि उल्लेखित तालिका सेडुलमा थप १ प्रतिशत ब्याज लिने र असुलीका थप कार्यहरु गर्ने व्यवस्था हुन प्रस्ताव गरेको छु ।

११. ऋण लगानी तथा असुली सम्बन्धी अन्य व्यवस्था ऋण लगानी तथा असुली कार्यविधि २०८२ बमोजिम हुनेछ ।

**१०. लिने दिने ब्याजदर**

१. हालको वित्तिय बजारको अवस्था, संस्थाको ऋण लगानीको अवस्था र तरलताको अवस्थालाई समेत दृष्टिगत गरी ९.५० प्रतिशतलाई ऋणमा लिने आधार ब्याजदर मानी हाललाई सोही अनुसार ब्याजदर निर्धारण गरिएको छ । अर्धवार्षिक समीक्षा गरी ब्याजदरमा पुनरावलोकन गर्न सकिनेछ ।

२. संस्थाले दिने भारीत औषत ब्याजदर ४.९९ र लिने ब्याजदर ९.३१ रहेको छ । यस हिसावले औसत ब्याजदर अन्तर ४.३२ प्रतिशत रहेको छ ।

३. निक्षेपमा दिने र ऋणमा लिने ब्याजदर अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

**११. बोनस तथा संरक्षित पुँजीफिर्ता कोषको रकम वितरण**

१. शेयर बोनस कोषमा रहेको रु.५,८१,५०२.४४ रकम शेयर सदस्यहरुको शेयर लगानीको आधारमा बोनस उपलब्ध गराउने,

२. संरक्षित पुँजी फिर्ता कोषमा रहेको रु.२,७८,७६४.३३ लाई ४० प्रतिशत बचतमा सदस्यले प्राप्त गरेको ब्याज र ६० प्रतिशत भाखा ननघाई सदस्यले तिरेको असल कर्जाको ब्याजलाई आधार मानी सदस्यको बचत खातामा जम्मा गर्ने ।

३. कर्मचारी बोनस कोषमा रहेको रकम कर्मचारीहरुलाई भूक्तानी गर्ने ।

**१२. सहकारी अध्ययन तथा सूचना केन्द्र सञ्चालन**

१. सहकारी अध्ययन तथा सूचना केन्द्र सञ्चालन निर्देशिका बमोजिम कार्यक्रमहरु संचालन गर्ने ।

२. प्रदेश भरीका सहकारीहरुका तथ्यांक संकलन गरी रेकर्ड व्यवस्थित गर्ने ।

३. सहकारीहरुका वार्षिक प्रतिवेदन तथा विवरणहरु संकलन गरी व्यवस्थित गर्ने ।

४. सहकारी सम्बन्धी अध्ययन सामग्रीहरु संकलन र व्यवस्थित गर्ने ।

५. देश भरीका राष्ट्रसेवक सहकारीहरुको तथ्यांक संकलन गरी व्यवस्थित गर्ने ।

६. प्रदेश र स्थानीय तहसँग समन्वय गरी सहकारी सम्बन्धी तालिम, गोष्ठी, भेलाहरुको आयोजना गर्ने ।

**१३. भवन निर्माण तथा जग्गाको उपयोग**

१. नयाँ राष्ट्रसेवक भवनको चौथो तथा अन्तिम तलासम्मको स्टक्चरको काम सम्पन्न भएको छ । चौथो तलाको भित्रि फिनिसिङ, लिफ्ट र बाह्य सौन्दर्यकरणको काम भवन निर्माण कोषमा रहेको रकम, यस आ.व.मा प्राप्त हुने भाडा आम्दानी तथा संस्थागत पुँजीबाट सम्पन्न गर्ने ।

२. भवनलाई व्यवसायिक प्रयोजनमा प्रयोग गर्ने ।

३. विराटनगर १९ को जग्गा तारजालीले घेराबेरा गरी फलफूल खेती वा अन्य कार्यको सम्भाब्यता अध्ययन गरी प्रतिफलयुक्त बनाउने ।

**१४. अनलाइन सफ्टवेयर सञ्चालन**

१. अनलाईन सफ्टवेयरको माध्यमबाट यथावत रुपमा संस्थाको सबै कारोबार गर्ने ।

२. सदस्यहरुले गरेका कारोवारहरुको सफ्टवेयरमार्फत अटो एस.एम.एस. प्रवाहको व्यवस्थापन गर्ने कार्य यथावत गर्ने ।

३. मोवाइल एप्लीकेशन संचालन गर्ने नीति यथावत गर्ने । सदस्यले संस्थामा रहेका आफ्ना सबै खाताहरुको विवरण हेर्ने, बचत खाताबाट मोवाइल टपअप, क्यु.आर. स्क्यान पे, टेलिफोन, विद्युत, खानेपानी, इन्टरनेट महशुल भुक्तानी, संस्थाको बचत खाताबाट बैंकमा फण्ड ट्रान्स्फर गर्ने जस्ता सेवा प्रदान गर्ने । राष्ट्रसेवक मोफिन मोवाइल एप्सलाई अझै व्यवस्थित र सुरक्षित गर्दै शेयर सदस्यहरुको सहजताका लागि उपलब्ध हुने सेवाहरु थप गर्दै जाने ।

४. अनलाईन कारोबार र मोवाईल एप्लिकेशनको प्रयोगलाई थप सुरक्षित र व्यवस्थित गर्न संचालन निर्देशिका निर्माण गरी लागु गर्ने ।

५. साइबर सुरक्षा सम्बन्धि सचेतनाका कार्यक्रमहरु संचालन गर्ने ।

६. सहकारी संस्थाका विभिन्न सूचना, वित्तिय विवरण, संचालक तथा कर्मचारी विवरण, शेयर सदस्य वडापत्र जस्ता कुराहरुलाई संस्थाको डिजिटल डिस्प्ले बोर्डबाट प्रवाह गर्ने, वेवसाइटमा अध्याबधिक गर्ने, फेसबुक पेजमा सम्प्रेषण गर्ने ।

७. प्रविधिमा सहकारी अन्तरगत अधिकांश शेयर सदस्यलाई संस्थाले गर्ने अनलाइन कारोबार र मोवाइल एप्स संचालनको जानकारीमूलक कार्यक्रमहरु निरन्तर गर्ने

८. सहकारीमा हुने कारोबारहरु अनलाईनमार्फत गरी पेपरलेस गर्दै जाने नीति अनुरुप ब्याकअप व्यस्थापनलाई व्यवस्थित गर्ने

९. संस्था र सदस्य बिच हुने कारोबार क्यासलेस गर्दै जाने नीति लिई क्यासलेस कारोबारमा जोड दिने ।

१०. सदस्यले गरेका कारोबारहरुको एस.एम.एस. तथा मोवाइल एप्लिकेशन सेवालाई थप व्यवस्थित गर्दै लैजाने र उपरोक्त सेवाहरु प्रदान गर्न शेयर सदस्यहरुले प्राप्त गर्ने शेयर बोनस र संरक्षित पुँजी फिर्ता कोषबाट रु.१०० का दरले जम्मा गर्ने साथै मोवाइल एप्स सञ्चालन रजिष्ट्रेशनका लागि रु.२०० लिने । नियमित एप्स सञ्चालन गर्ने शेयर सदस्यहरुले बोनस र संरक्षित पुँजी फिर्ता कोषबाट प्राप्त गर्ने रकमबाट वार्षिक रु.१५० का दरले जम्मा गरी स्वतः नविकरण हुने नीतिलाई यथावत गर्ने ।

११. सफ्टवेयर सञ्चालन सम्बन्धि अन्य नीतिहरु यथावत रुपमा लागु गर्ने ।

## १५. अन्य व्यवस्थापन

संस्थाको दैनिक नियमित कारोबार भएका प्राप्ती भूक्तानी र लगानीका भौचर तथा प्रतिवेदनहरु प्रमाणित गर्ने, नियमित संस्थामा उपस्थित भई नीति निर्माण सम्बन्धि कार्यहरु गर्नुपर्ने, धितो मूल्याङ्कन, ऋण अनुगमन, सहकारी अध्ययन तथा सूचना केन्द्रको सञ्चालन, बचत परिचालन, शेयर सदस्यहरुमा उद्यमशिलताको विकास,अनलाइन प्रणालीबाट भएका कारोबारहरुको अनुगमन गर्ने, आवश्यक निर्देशन गर्ने, चेकमा दस्तखत गर्ने लगायतका दैनिक व्यवस्थापकीय कार्यहरुमा संस्थामा उपस्थित भई नियमित काम गर्नुपर्ने हुँदा त्यस्तो कामको जिम्मेवारी प्राप्त गर्ने सञ्चालक पदाधिकारीहरुलाई दिँइदै आएको व्यवस्थापन खर्चलाई यथावत गर्ने तथा सञ्चालक समितिको वैठकमा सहभागी हुने सञ्चालक समितिका पदाधिकारी, सल्लाहकार, लेखा सुपरिवेक्षण समितिलाई प्रति वैठक दिइने वैठकभत्ता तथा अन्य समिति उपसमितिका सदस्यहरुलाई बैठकमा उपस्थित भए वापत दिईने खर्चको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

## १६. कर्मचारी प्रशासन

१. कर्मचारीहरुको क्षमता विकासका लागि अघिल्लो आ.व.मा भएको तलबभत्ता खर्चको दुई प्रतिशतले हुने रकम बजेटमा व्यवस्था गरेको छु ।

२. मासिक रुपमा दिइँदै आएको प्रोत्साहन खर्च २०८३ श्रावणदेखि यथावत गर्ने ।

३. कर्मचारीले पाइरहेको महंगीभत्तामा २०८३ श्रावण महिनादेखि रु.१०००/- थप गर्न प्रस्ताव गरेको छु ।

४. गत आ.व.को कर्मचारी बोनसकोषबाट कर्मचारीहरुलाई एक महिनाको तलब बराबर बोनस उपलब्ध गराउने ।

५. गत वर्षको साधारणसभाबाट कामको वर्गिकरण सहित कर्मचारीहरुलाई तहगत प्रणालीमा दरबन्दी समायोजन गर्ने निर्णय बमोजिम कार्यदलको प्रतिवेदन समेतको आधारमा तहगत प्रणालीमा लगी कार्यरत कर्मचारीहरुलाई तहगत पदमा समायोजन गरिएकोमा सोलाई अनुमोदन गर्ने ।

## १७. सामाजिक तथा साँस्कृतिक

१. राष्ट्रसेवक ज्येष्ठ नागरिक समाजसँग समन्वय गरी जेष्ठ नागरिकसँग सम्बन्धित कार्यक्रमहरु गर्ने ।

२. यस संस्थाका ज्येष्ठ सदस्यहरुलाई राष्ट्रसेवक ज्येष्ठ नागरिक समाजसँग समन्वय गरी नजिकको धार्मिक र पर्यटकीय स्थलको भ्रमण गराउने व्यवस्था गर्ने ।

३. तीज, बनभोज र अन्य चाडपर्वहरु मनाउने ।

४. स्थापना दिवस, सहकारी दिवस तथा अन्य उत्सवहरु मनाउने ।

५. मासिक रुपमा सञ्चालन भई रहेको साहित्य, सिर्जना र सम्बाद कार्यक्रमलाई यथावत रुपमा गर्ने ।

६. उपयुक्त समयमा विशेष कार्यक्रमको आयोजना गरी श्रष्ठा सम्मान, पुरस्कार वितरण गर्ने ।

७. मोरङ जिल्लामा बसोबास गर्नुहुने ९० वर्ष भन्दा माथिका शेयर सदस्य र शेयर सदस्यका बुवा आमालाई संस्थाको तर्फबाट भेट गरी उहाँका अनुभवहरु सुन्ने, रेकर्ड गर्ने र त्यसलाई सम्पत्तिको रुपमा व्यवस्थित गर्ने कार्यको शुरुवात गर्ने प्रस्ताव गरेको छु । यसका लागि उक्त उमेर पुग्नु भएका शेयर सदस्य वा परिवारका सदस्यहरुले संस्थामा जानकारी गराई दिनुहुन अनुरोध छ ।

८. यस संस्थाको सहयोगमा उद्योग व्यापारको क्षेत्रमा वा अन्य क्षेत्रमा उल्लेखनिय उपलब्धि हासिल गर्ने शेयर सदस्यलाई सम्मान गर्ने र उहाँका सफलताका कथाहरुलाई रेकर्ड गरी संस्थाको सम्पत्तिको रुपमा विकास गर्ने कार्यको शुरुवात गर्ने ।

## १८. तालिम, शिक्षा र सूचना

१. महिला तथा यूवा शेयर सदस्य लक्षित शशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. शेयर सदस्य, कर्मचारी तथा व्यवस्थापन पक्षका व्यक्तिहरुलाई समयानुकूल (सहकारी, लेखा, पर्ल्स विश्लेषण, कम्प्यूटर, अनलाईन सफ्टवेयर आदि) तालिम दिई दक्षता अभिबृद्धि गर्ने ।

३. २०८३ चैत्र मसान्तभित्र संस्थाको रणनीतिक योजना निर्माण गर्ने ।

४. सदस्यहरुलाई नियमित रुपमा सहकारी शिक्षा उपलब्ध गराउने ।

५. लामो समय राष्ट्रसेवामा विताएर अवकाश हुनुभएका शेयर सदस्यहरुको लागि उहाँहरुले सिकेको ज्ञानलाई समेत उपयोग गर्ने उद्देश्यले उद्यमशिलता तालिमहरु सञ्चालन गरिनेछ ।

६. महिला शेयर सदस्यहरुका लागि क्षमता विकासका कार्यक्रमहरु, उद्यमशिलता तालिमहरु सञ्चालन गर्ने प्रस्ताव गरेको छु । सोको लागि के कस्ता कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ राय, सल्लाह र सुझावको अपेक्षा गरेको छु ।

७. शेयर सदस्यका सन्ततिहरुका लागि उत्प्रेरणात्मक कार्यक्रमहरु गर्ने ।

८. निजामती सेवामा प्रवेश गरेका नवप्रवेशी कर्मचारीहरुका उत्प्रेरणात्मक कार्यक्रमहरु गर्ने ।

९. विभिन्न प्रकृतिका सहकारीहरुसँग संस्था सञ्चालनको प्रकृया, सहकारी सञ्चालनमा देखिएका साझा समस्या, चुनौती र सम्भावनाका बारेमा छलफल गर्न एकदिवसीय प्रदेश स्तरीय कार्यक्रमको आयोजना गर्ने ।

१०. उद्घोषण, ग्याँसको प्रयोग, तरकारी खेती, योग तथा ध्यान, स्वास्थ्य सचेतना, घरेलु प्रयोगका सामग्री उत्पादन गर्ने तालिमहरु सञ्चालन गर्ने ।

११. शेयर सदस्यहरुको सामूहिकता, हार्दिकतालाई अभिबृद्धि गर्दै अनुभवहरु आदानप्रदान गर्ने उद्देश्यले विगतदेखि सञ्चालन गर्दै आएको लागत सहभागितमा हुने अवलोकन भ्रमणलाई परिमार्जन सहित व्यवस्थित गर्ने ।

## १९. संस्था एकिकरण

गत साधारण सभाबाट पारीत भएको पेशागत बचत तथा ऋण सहकारी संस्था लि. इटहरी सुनसरीसँग एकिकरण (मर्जर) गर्न कार्यक्षेत्र विस्तार तथा लगानीको क्षेत्र समेत विस्तार हुने हुँदा सञ्चालक समितिबाट उक्त सहकारीका सम्बन्धमा अध्ययन गर्न कार्यदल बनाई उपयुक्त भएमा नियमानुसार एकिकरण (मर्जर)को प्रकृयालाई अगाडि बढाउने निर्णय भए अनुसार संयुक्त कार्यदल निर्माण भई प्रदेश सहकारी ऐन २०७६ को दफा ४ को उपदफा (१) अनुसार एकिकरण सर्त तथा कार्यविधि सम्बन्धी २१ बुँदे सहमती पत्रमा दुवै पक्षबाट हस्ताक्षर भई सकेको हुँदा एकिकरण प्रकृयाका लागि अनुसूचीमा उल्लेखित सहमतीपत्र अनुमोदन गरी

थप प्रकृया अगाडि बढाइ एकिकरण प्रकृया सम्पन्न गर्न संस्थाका सल्लाहकार श्री काशीराज पराजुलीलाई एकिकरण प्रतिनिधि तोक्ने प्रस्ताव गरेको छु ।

## २०. विनियम संशोधन

प्रचलित कानुनी व्यवस्था, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड अनुसार आगामी साधारणसभाबाट विनियम संशोधन गर्न नियामक निकायबाट सैद्धान्तिक सहमती लिने कार्यका लागि प्रस्ताव गरेको छु ।

## २१. विविध

१. साधारण सभाको बैठकमा उपस्थित हुने शेयर सदस्यलाई नियमानुसार कर कट्टा गरि रु.१०००.०० (कर बाहेक) बैठकभत्ता सोही दिन प्रदान गर्ने ।

२. राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड तथा सहकारी रजिट्रारको कार्यालयबाट जारी मापदण्डलाई क्रमशः लागु गर्ने ।

३. वित्तीय बजारको अध्ययन गरी बजारको अवस्था अनुसार लिनेदिने आधार ब्याजदरलाई तीन प्रतिशतसम्म तलमाथि गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने ।

४. प्लस टु मा उत्कृष्ट अङ्क ल्याउने सदस्यका छोराछोरी तथा सदस्यमध्ये विज्ञान संकायबाट एक जना र अन्य संकायबाट एक जनालाई पुरस्कृत गर्ने कार्यक्रम यथावत राख्ने ।

५. बाल बचत गर्ने बालबालिका तथा सदस्य सन्ततीका लागि उत्प्रेरणात्मक कार्यक्रमहरु संचालन गर्ने ।

६. राष्ट्रसेवक सहकारीहरु र अन्य सहकारीहरु बिचको सहकार्य तथा अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिने

७. एसइइ (१० कक्षा) मा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यका सन्ततीलाई संस्थामा स्थापना गरिएका विभिन्न अक्षयकोषबाट पुरस्कृत गर्ने ।

८. स्नातक, स्नातकोत्तर र विद्यावारिधि गर्ने सदस्य तथा नीजका छोराछोरीलाई सम्मान कार्यक्रम यथावत राख्ने,

९. संस्थाले निर्माण तथा परिमार्जन गरेका निम्न निर्देशिकाहरु स्वीकृतिका लागि पेश गरेको छु ।
   क) निर्वाचन निर्देशिका
   ख) कर्मचारी प्रशासन निर्देशिका

१०. शेयर सदस्यहरु मध्ये यस अघि ज्येष्ठ सदस्य सम्मान प्राप्त गर्ने सदस्य बाहेक मध्येबाट संस्थाको कारोबारमा नियमित सवैभन्दा ज्येष्ठ सदस्य एक जनालाई दिँइदै आएको सम्मान यथावत रुपमा गर्ने ।

११. समुदाय तथा वातावरण प्रतिको चासोलाई कार्यान्वयन गर्न स्वास्थ्य सेवा सञ्चालन, केयर गिभर तालिम, ज्येष्ठ नागरिक सम्मान, रक्तदान कार्यक्रम, फरक क्षमता भएका र बृद्धाश्रममा रहेका समुदायसँग सहकार्यका कार्यक्रम, बृक्षारोपण, खुला साहित्य कार्यक्रम, श्रष्टा सम्मान, गरिब तथा विपन्न विद्यार्थीहरुलाई विशेष शैक्षिक सपोट कार्यक्रम, पुष्पबाटिका निर्माण जस्ता कार्य गर्ने ।

१२. संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी तथा सदस्यहरुका लागि आचारसंहिता तयार गरी लागु गर्ने ।

१३. विराटनगर भन्दा बाहिरका स्थानीय तहमा कार्यरत शेयर सदस्यको सूची तयार गर्ने, त्यस्ता सदस्यहरुसँगको छलफलबाट सदस्यता विस्तार, क्रमागत बचत र ऋण फिर्ता गर्ने सम्बन्धी सहजता प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने ।

१४. नीति, कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न वार्षिक कार्ययोजना निर्माण र सोको कार्यान्वयन गर्ने व्यक्ति समेत तोकी जिम्मेवारी प्रदान गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

१५. नयाँ नियुक्ति वा सरुवा भई आउनु हुने निजामती कर्मचारीहरुसँगको सम्पर्क, सदस्यता प्रदान, संस्थाको सूचनाहरु आदानप्रदान लगायतका कार्यको लागि प्रत्येक स्थानीय तह, प्रत्येक मन्त्रालय र अन्य कार्यालयमा क्षेत्र तोकी विशेष पहल प्रयत्न गर्ने ।

१६. माथि उल्लेखित विषयसँग सम्बन्धित कार्यक्रमका लागि सहकारी शिक्षा, सहकारी प्रवर्द्धन, सामुदायिक विकास कोषको उपयोग गर्ने ।

१७. नवनिर्मित राष्ट्रसेवक भवन, सेफ, गोदामको बिमा नविकरण यथावत रुपमा गर्ने ।

१८. वित्तिय बजारको अवस्था दृष्टिगत गर्दै सबै लिने दिने ब्याजदरमा तीन प्रतिशतसम्म घटीबढी गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्न प्रस्ताव गरेको छु ।

१९. सञ्चालक समितिबाट आ.व. ०८२/८३ मा गरेका निर्णयहरु अनुमोदन गरिदिनु हुन अनुरोध गर्दछु ।

२०. यस प्रतिवेदनमा उल्लेख गरिएका विषयहरु यसै बमोजिम र अन्य नीतिगत कुराहरुसञ्चालक समितिको निर्णय, स्वीकृत विनियम तथा गत साधारण सभाबाट पारित नीति अनुसार हुने गरी प्रस्ताव गरेको छु ।

२१. संस्थाको आ.व. ०८३/८४ को अन्तिम लेखापरिक्षण रजिष्टर्ड लेखापरीक्षक श्री पि. चौधरी एण्ड कम्पनी विराटनगर १२ बाट गराउन प्रस्ताव पेश गरेको छु । प्रचलित नियमानुसार तथा अन्य कारणले नीजले अन्तिम लेखा परीक्षण गर्न नसक्ने अवस्था भएमा बि.साह एण्ड कम्पनी, विराटनगर २ र एस.एल. चौधरी एण्ड एशोसिएट्स विराटनगर ८ बाट गराउने ब्यवस्थाको लागि प्रस्ताव पेश गर्दछु ।

२२. गत आ.व. मा भएका कारोवार र संशोधित तथा प्रस्तावित वित्तीय विवरणहरु अनुसूचीमा उल्लेख गरिएको छ, उपरोक्त विवरण अनुमोदन गरिदिनु हुन अनुरोध गर्दै सोको सारांश प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सम्पत्ति दायित्व तर्फ**

सम्पत्ति दायित्वतर्फ गतबर्ष रु.६३,८९,९३,४०२.८३ पुऱ्याउने लक्ष्य रहेकोमा रु.६१,९५,३५,३२४.४७ भई लक्ष्यको ९६.९५ प्रतिशत प्रगति भएको छ । यस वर्ष रु.६६,६९,४०,४३२.४७ सम्पत्ति दायित्व पुऱ्याउने लक्ष्य पेश गरेको छु ।

**आम्दानी तर्फ**

गत आ.व.मा रु. ५१५०५०००.०० आम्दानी गर्ने लक्ष्य रहेकोमा रु.४६०७८९९८.४३ आम्दानी भई लक्ष्यको ८९.४७ प्रतिशत प्रगति भएको छ । यस बर्ष रु.४३५२८७८८.०० आम्दानी गर्ने प्रस्ताव पेश गरेको छु ।

**खर्च तर्फ**

गत आ.व.मा रु. ४९१२०७००.०० खर्च गर्ने लक्ष्य रहेकोमा रु.४४२२०५६९.५६ खर्च भई लक्ष्यको ९०.०२ प्रतिशत खर्च भएको छ । यसबर्ष रु. ४१३७९६८०.०० खर्च गर्ने प्रस्ताव पेश गरेको छु ।

**कारोबारतर्फ**

गत आ.व.मा रु. ६६०४५३४४५.६८ कारोबारगर्ने लक्ष्य रहेकोमा रु.८०२४५८५१५.४५ प्रगति भएको छ । यस वर्ष रु.९८३८७७४४९.२८ को कारोवार गर्ने लक्ष्य सहितको प्रस्ताव पेश गरेको छु ।

**संचालन बचत**

गत आ.ब.मा संचालन बचत रु. २१४९१०८.०० गर्ने लक्ष्य रहेकोमा रु.१८५८४२८.८७ भई लक्ष्यको ७७.९४ प्रतिशत प्रगति भएको उक्त रकमलाई नियमानुसार कोषमा बाँडफाँड गरिएको छ । यस वर्ष रु.२२०५१०८.०० संचालन बचत गर्ने लक्ष्य पेश गरेको छु ।

**सदस्यता तर्फ**

गत आ.व.मा १९०५ शेयर सदस्य कायम रहेकोमा यस आ.व.मा कुल शेयर सदस्य संख्या २००० भन्दा माथि पुऱ्याउने लक्ष्य सहितको प्रस्ताव पेश गरेको छु ।

**अन्त्यमा,**

आदरणीय शेयर सदस्यज्यूहरु,

अग्रजहरुको योगदान, हामी सबैको अथक परिश्रम, ऐक्यबद्धता, र सामुहिकताबाट प्राप्त गरेको उपलब्धिलाई अझै उचाईमा पुऱ्याउन विगतको परम्परालाई कायम राख्दै, संस्थाको सुदृढिकरणका लागि निरन्तर क्रियाशिल रहन हार्दिक अनुरोध गर्दछु ।

राष्ट्रिय सहकारी बैक, प्रदेश तथा जिल्ला सहकारी संघ, नेफ्कुन, संस्थाका सल्लाहकारज्यूहरु, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीज्यूहरु तथा कर्मचारी मित्रहरुको सहयोग सल्लाह र सुझाव प्रति आभार व्यक्त गर्दै भविष्यमा पनि निरन्तर सुझाव र सहयोगको अपेक्षा गर्दछु । संस्थाको सञ्चालक समितिको तर्फबाट हाम्रो आमन्त्रणलाई स्वीकार गरी आफ्नो अमूल्य समय प्रदान गर्दै हाम्रो हौसला र उत्साह बृद्धि गराई दिनुहुने सम्पूर्ण आमन्त्रित महानुभावहरु, शेयर सदस्यज्यूहरु, प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

हामीले हाम्रो लागि नीति निर्माण गरिरहेका छौं । तपाईले दिनुभएको एउटा सुझावले संस्थालाई सम्बृद्ध बनाउन सक्छ । तपाई हामीले निर्माण गरेको यो विश्वासको धरोहरलाई अझै उचाईमा पुऱ्याउन सवैको सल्लाह, सुझाव, सहयोग र खबरदारीको अपेक्षा सहित यो प्रतिवेदन प्रस्तुति अन्त्य गर्ने अनुमति चाहन्छु । धन्यवाद ।

जय सहकारी ।

३ असोज २०८३
कञ्चनजङ्घा पार्टीप्यालेस, विराटनगर

**जीवन काफ्ले**
अध्यक्ष

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर

## वित्तिय स्थिति विवरण

### लक्ष्य, प्रगति र संशोधित र अनुमानित बजेट

| क्र.सं. | विवरण | संशोधित लक्ष्य | वार्षिक प्रगति | संशोधित लक्ष्य | अनुमानित बजेट |
|---|---|---|---|---|---|
| | | आ.व. ०८२.८३ | आ.व. ०८२.८३ | आ.व. ०८३.८४ | आ.व. ०८३.८४ |
| १ | सम्पत्ति तथा जायजेथा | ६३८९९३४०२.८३ | ६१९५३५३२४.४७ | ६६६८८४४३२.४७ | ७१२९५३१०८.४७ |
| १.१ | नगद मौज्दात | १000000.00 | ८६५५०३.00 | १000000.00 | १000000.00 |
| १.२ | बैंक मौज्दात | ८२६०७३०६.४८ | १६३७६६१२९.२८ | १६०९९७७६९.२८ | १७१५५३९९९.२८ |
| १.३ | लगानी हिसाव | ८२५६८२६५.८२ | ६२५९८७०१.१४ | ७२५९८७०१.१४ | ८२५९८७०१.१४ |
| १.४ | लगानी सम्पत्ति हिसाव | २२०४८२८८.०० | २१९५३३२२.०० | २२४५३३२२.०० | २३०५३३२२.०० |
| १.५ | ऋण लगानी | ४०८८७२९९४.०० | ३२६७८७४६२.०० | ३६६७८७४६२.०० | ३९२९९९०८.०० |
| १.६ | पाउनुपर्ने हिसाव | २०४९०१८.९९ | ३९८५२७२.३५ | २९८५२७२.३५ | १७८५२७२.३५ |
| १.७ | जायजेथा तथा उपकरण | ३९१७३००१.७० | ३८८७८८१०.७० | ३९३७८८१०.७० | ३९२७८८१०.७० |
| १.८ | अमूर्त सम्पत्ति | ११३४४०.०० | १२९०९५.०० | १२९०९५.०० | १२९०९५.०० |
| १.९ | अन्य सम्पत्ति | ५६१०८७.८४ | ५५४०००.०० | ५५४०००.०० | ५५४०००.०० |
| १.१० | स्थगन कर सम्पत्ति | ३५४३९.२० | १७०२९.०० | ०.०० | ०.०० |
| २ | पुंजी तथा दायित्व | ६३८९९३४०२.८३ | ६१९५३५३२४.४७ | ६६६८८४४३२.४७ | ७१२९५३१०८.४७ |
| २.१ | निक्षेप हिसाव | ४६४३११७०८.७३ | ४८६३२५२७०.७४ | ५२६३२५२७०.७४ | ५६५९२५०५४.७४ |
| २.२ | ऋण लिएको | ०.०० | ०.०० | ०.०० | ० |
| २.३ | भुक्तानी दिनुपर्ने हिसाव | ३७७०२५१.०२ | ३६४२८३४.०२ | ३७४२८३४.०२ | ३९४२८३४.०२ |
| २.४ | अन्य दायित्व | ४०१६३१९९.७७ | ३७३३१०७.७९ | ३९३३१०७.७९ | ४९८३१०७.७९ |
| २.५ | स्थगन कर दायित्व | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २.६ | स्वामित्व पुँजी | १३०७४८२४३.३१ | १२५८३४१११.९२ | १३२८८३२१९.९२ | १३८१०२१११.९२ |
| २.५.१ | शेयर पुँजी | ७८३९१९००.०० | ७५९६०९००.०० | ८०४६०९००.०० | ८४९६०९००.०० |
| २.५.२ | कोष हिसाव | ४९९७२०४३.३१ | ४९८७३२११.९२ | ५०२७३२११.९२ | ५१०४७२११.९२ |
| २.५.३ | मोटामोटी नाफा | २३८४३००.०० | ०.०० | २१४९१०८.०० | २०९४०००.०० |



प्रबन्धक सचिव उपाध्यक्ष अध्यक्ष

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर

## आम्दानी

### लक्ष्य, प्रगति र संशोधित र अनुमानित बजेट

| क्र.सं. | विवरण | संशोधित लक्ष्य | वार्षिक प्रगति | संशोधित लक्ष्य | अनुमानित बजेट |
|---|---|---|---|---|---|
| | | आ.व. ०८२.८३ | आ.व.०८२.८३ | आ.व.०८३.८४ | आ.व.०८४.८५ |
| १ | **ऋण कारोबारबाट** | ४५७८००००.०० | ३९८७७३६४.०० | ३६९७८७८८.०० | ३७१५००००.०० |
| १.१ | ऋणबाट प्राप्त ब्याज | ४३०८००००.०० | ३७०८६७०८.०० | ३५२२८७८८.०० | ३५१०००००.०० |
| १.२ | ऋण सिमा शुल्क | १५०००००.०० | १११७६५०.०० | १२०००००.०० | १४०००००.०० |
| १.३ | धितो मूल्यांकन शुल्क | २०००००.०० | १३७९५५.०० | १५००००.०० | १५००००.०० |
| १.४ | विलम्ब शुल्क | १००००००.०० | १५३५०५१.०० | ४०००००.०० | ५०००००.०० |
| २ | **संचालन आम्दानी** | ५७२५०००.०० | ६१९१६९३.२७ | ६५५००००.०० | ७०६००००.०० |
| २.१ | प्रवेश शुल्क | ५००००.०० | २६०००.०० | ५००००.०० | ६००००.०० |
| २.२ | लगानीबाट आम्दानी | ३४५००००.०० | ३४५८७४४.२९ | २४०००००.०० | २८०००००.०० |
| २.३ | विविध/घरभाडा सहित | १५०००००.०० | १५०८५५८.०० | १५०००००.०० | १६०००००.०० |
| २.४ | बैंक ब्याज आम्दानी | ५०००००.०० | ९९१०३८.९८ | २४०००००.०० | २४०००००.०० |
| २.५ | अनलाइन तथा एसएमएस | २२५०००.०० | २०७३५२.०० | २०००००.०० | २०००००.०० |
| ३ | **अन्य आम्दानी** | ०.०० | ९९४१.१६ | ०.०० | ०.०० |
| ३.१ | स्थगन कर आम्दानी | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | **कुल आम्दानी** (१+२+३) | ५१५०५०००.०० | ४६०७८९९८.४३ | ४३५२८७८८.०० | ४४२१००००.०० |

प्रबन्धक　　सचिव　　उपाध्यक्ष　　अध्यक्ष

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर

## खर्च

### लक्ष्य, प्रगति र संशोधित र अनुमानित बजेट

| क्र.सं. | विवरण | संशोधित लक्ष्य | वार्षिक प्रगति | संशोधित लक्ष्य | अनुमानित बजेट |
|---|---|---|---|---|---|
| | | आ.व. ०८२.८३ | आ.व.०८२.८३ | आ.व. ०८३.८४ | आ.व. ०८४.८५ |
| १ | प्रशासनिक तथा उपभोग खर्च | ३४७४५००.०० | ३०२२८८५.६० | ३७११४८०.०० | ४०४१०००.०० |
| १.१ | तलब | २४५३५००.०० | २२८५५१९.६० | २६२२४८०.०० | २९२००००.०० |
| १.२ | भ्रमण खर्च | ५००००.०० | ६५००.०० | ५००००.०० | ५००००.०० |
| १.३ | संस्था व्यवस्थापन खर्च | २०५०००.०० | १२४४००.०० | २२००००.०० | २२५०००.०० |
| १.४ | पोषाक | ५००००.०० | ५००००.०० | ६००००.०० | ६००००.०० |
| १.५ | महंगी खर्च | १८००००.०० | १६२०००.०० | २५००००.०० | २५००००.०० |
| १.६ | ओभरटाइम | ५००००.०० | ०.०० | ५००००.०० | ५००००.०० |
| १.७ | प्रोत्साहन | २५००००.०० | २३४०००.०० | २२००००.०० | २३००००.०० |
| १.८ | काउण्टर खर्च | ६०००.०० | ६०००.०० | ६०००.०० | ६०००.०० |
| १.९ | खाताबन्दी | ३००००.०० | १२०७०.०० | ३००००.०० | ३००००.०० |
| १.१० | संचित विदा | १५००००.०० | १४२३९६.०० | १५००००.०० | १६००००.०० |
| १.११ | क्षमता विकास तालिम | ५००००.०० | ०.०० | ५३०००.०० | ६००००.०० |
| २ | कार्यालय सञ्चालन खर्च | ५२०७२००.०० | ४३६५२०४.३० | ४९६८२००.०० | ५०४००००.०० |
| २.१ | छपाइ तथा मसलन्द | २०००००.०० | १०६३६४.०० | २०००००.०० | १५००००.०० |
| २.२ | विद्युत, पानी महशुल | २२५०००.०० | १५२२६४.३० | २२५०००.०० | २३००००.०० |
| २.३ | टेलिफोन इन्टरनेट प्राविधिक | ३२००००.०० | २०५७१३.०० | २१००००.०० | २२००००.०० |
| २.४ | पुस्तक, पत्रपत्रिका तथा विज्ञापन | ३००००.०० | १७६९०.०० | ३००००.०० | ३००००.०० |
| २.५ | साधारणसभा परिवहन | १४२५०००.०० | १३१५८८६.०० | १३५५०००.०० | १३८००००.०० |
| २.६ | ऋण मूल्यांकन खर्च | १५००००.०० | १२९५८०.०० | १५००००.०० | १५००००.०० |
| २.७ | इन्धन खर्च | ५००००.०० | ११५०५.०० | ३००००.०० | ३००००.०० |
| २.८ | मर्मत खर्च | १०००००.०० | ९७६५४.०० | १५००००.०० | १७५०००.०० |
| २.९ | ह्रास खर्च | ५५००००.०० | ४८७५६४.०० | ५५००००.०० | ६०००००.०० |
| २.१० | संचालक बैठक भत्ता | ३०००००.०० | २५३२००.०० | २८००००.०० | ३०००००.०० |
| २.११ | लेखा परीक्षण शुल्क | ७५०००.०० | ७५०००.०० | ७५०००.०० | ७५०००.०० |
| २.१२ | साधारणसभा खर्च | ५५००००.०० | ४६३५६७.०० | ४७००००.०० | ४५००००.०० |
| २.१३ | सहकारी अध्ययन तथा सूचना केन्द्र संचालन | ५००००.०० | १४७६०.०० | १०००००.०० | १०००००.०० |
| २.१४ | पदाधिकारी व्यवस्थापन खर्च | ५५७२००.०० | ५५३२००.०० | ५२३२००.०० | ४७००००.०० |
| २.१५ | अन्य खर्च | ६२५०००.०० | ४८१२५७.०० | ६२००००.०० | ६८००००.०० |
| २.१३.१ | विविध फूटकर | १०००००.०० | ४८५३३.०० | ७५०००.०० | ८००००.०० |
| २.१३.२ | चिया खाजा तथा खाना | १२००००.०० | १०५५०५.०० | ११००००.०० | १२५०००.०० |
| २.१३.३ | कर्मचारी चिया खाजा | ११५०००.०० | ९०८३५.०० | १०००००.०० | ११००००.०० |
| २.१३.४ | अतिथि सत्कार | ५००००.०० | ७५८१.०० | २५०००.०० | ३००००.०० |
| २.१३.५ | दिवस खर्च | २००००.०० | १९६५०.०० | २५०००.०० | ३००००.०० |
| २.१३.६ | घर जग्गा मातपोत कर | ७००००.०० | ७००००.०० | ११५०००.०० | १२५०००.०० |
| २.१३.८ | सरसफाइ | ११००००.०० | १०९२४०.०० | १२००००.०० | १३००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१३.९ | पुजा, उपाहार, नविकरण | ४००००.०० | २९९१३.०० | ५००००.०० | ५००००.०० |
| ३ | वित्तिय खर्च | ३७३४९०००.०० | **३६०९७४३७.६६** | ३१६०००००.०० | ३२००००००.०० |
| ३.१ | पुँजीको आधारमा शिक्षा स्वास्थ्य खर्च | ७५०००००.०० | ७११७३२४.०० | ५६०००००.०० | ७००००००.०० |
| ३.२ | निक्षेपमा ब्याज खर्च | २९८४९०००.०० | २८९८०११३.६६ | २६००००००.०० | २५००००००.०० |
| ३.३ | ऋणमा ब्याज खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | संस्था विकास तथा प्रबर्द्धन खर्च | ११९००००.०० | **४३०३८८.००** | ९०००००.०० | ७८५०००.०० |
| ४.१ | अतिरिक्त क्रियाकलाप | ३७००००.०० | २१०५४७.०० | २४००००.०० | १२५०००.०० |
| ४.२ | व्यवसाय प्रबर्द्धन तालिम | ४५००००.०० | १२०००.०० | ३०००००.०० | ३०००००.०० |
| ४.३ | सामाजिक कार्य | २७००००.०० | १२६७४०.०० | २६००००.०० | २५००००.०० |
| ४.४ | विमा खर्च | १०००००.०० | ८११०१.०० | १०००००.०० | ११००००.०० |
| ४.५ | ढुवानी ज्याला खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | स्थगन कर खर्च | ०.०० | **०.००** | ०.०० | ०.०० |
| ५.१ | स्थगन कर खर्च | ०.०० | **०.००** | ०.०० | ०.०० |
| ६ | कोष व्यवस्थापन खर्च | १९०००००.०० | **३०४६५४.००** | २०००००.०० | २५००००.०० |
| ६.१ | जोखिम कोष | १०००००.०० | ०.०० | ०.०० | १०००००.०० |
| ६.२ | परिवार राहत कार्यक्रम | २०००००.०० | १५००००.०० | २०००००.०० | १५००००.०० |
| ६.३ | जगेडा कोष | २०००००.०० | ०.०० | ०.०० | ०.०० |
| ६.४ | खाताबन्दी कोष व्यवस्थापन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६.५ | अन्य कोष व्यवस्थापन खर्च | १४०००००.०० | १५४६५४.०० | ०.०० | ०.०० |
| | जम्मा खर्च | ४९१२०७००.०० | ४४२२०५६९.५६ | ४१३७९६८०.०० | ४२११६०००.०० |

प्रबन्धक     सचिव     उपाध्यक्ष     अध्यक्ष

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर

## नाफा नोक्सान हिसाव

## लक्ष्य, प्रगति र संशोधित र अनुमानित बजेट

| क्र.सं. | विवरण | संशोधित लक्ष्य | वार्षिक प्रगति | संशोधित लक्ष्य | अनुमानित बजेट |
|---|---|---|---|---|---|
| | | आ.व. ०८२.८३ | आ.व.०८२.८३ | आ.व.०८३.८४ | आ.व.०८४.८५ |
| **१** | **आम्दानी हिसाव** | **५१५०५०००.००** | ४६०७८९९८.४३ | **४३५२८७८८.००** | **४४२१००००.००** |
| १.१ | ऋण कारोबारबाट | ४५७८००००.०० | **३९८७७३६४.००** | ३६९७८७८८.०० | ३७१५००००.०० |
| १.२ | संचालन आम्दानी | ५७२५०००.०० | **६१९१६९३.२७** | ६५५००००.०० | ७०६००००.०० |
| १.३ | अन्य आम्दानी | ०.०० | **९९४१.१६** | ०.०० | ०.०० |
| २ | **खर्च हिसाव** | **४९१२०७००.००** | ४४२२०५६९.५६ | **४१३७९६८०.००** | **४२११६०००.००** |
| २.१ | प्रशासनिक तथा उपभोग खर्च | ३४७४५००.०० | **३०२२८८५.६०** | ३७११४८०.०० | ४०४१०००.०० |
| २.२ | कार्यालय संचालन खर्च | ५२०७२००.०० | **४३६५२०४.३०** | ४९६८२००.०० | ५०४००००.०० |
| २.३ | वित्तिय खर्च | ३७३४९०००.०० | **३६०९७४३७.६६** | ३१६००००००.०० | ३२००००००.०० |
| २.४ | संस्था विकास तथा प्रवर्द्धन खर्च | ११९००००.०० | **४३०३८८.००** | ९०००००.०० | ७८५०००.०० |
| २.५ | कोष व्यवस्थापन | १९०००००.०० | **३०४६५४.००** | २०००००.०० | २५००००.०० |
| २.६ | स्थगन कर खर्च | ०.०० | **०.००** | ०.०० | ०.०० |
| **२.७** | **संचालन बचत** | २३८४३००.०० | १८५८४२८.८७ | **२१४९१०८.००** | **२०९४०००.००** |

प्रबन्धक        सचिव        उपाध्यक्ष        अध्यक्ष

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर

## नगद प्रवाह (प्राप्ती-भुक्तानी)

## लक्ष्य, प्रगति र संशोधित र अनुमानित बजेट

| क्र.सं. | विवरण | संशोधित लक्ष्य | वार्षिक प्रगति | संशोधित लक्ष्य | अनुमानित बजेट |
|---|---|---|---|---|---|
| | | आ.व. ०८२.८३ | आ.व.०८२.८३ | आ.व. ०८३.८४ | आ.व. ०८४.८५ |
| **१** | **अ.ल्या. मौज्दात** | **१११८१३००६.४८** | **१११८१३००६.४८** | **१६४६३१६३२.२८** | **१६१९९७७६९.२८** |
| १.१ | अ.ल्या. नगद | ८९४८२०.०० | ८९४८२०.०० | ८६५५०३.०० | १०००००.०० |
| १.२ | अ.ल्या. बैंक | ११०९१८१८६.४८ | ११०९१८१८६.४८ | १६३७६६१२९.२८ | १६०९९७७६९.२८ |
| **२** | **नगद प्राप्त (आय)** | **५४८६४०४३९.२०** | **६९०६४५५०८.९७** | **८१९२४५८१७.००** | **८८९२८४६७६.००** |
| २.१ | शेयर विक्री | ७५०००००.०० | ५५३८७००.०० | ६५०००००.०० | ७००००००.०० |
| २.२ | कोष प्राप्त | ४००००००.०० | २४१६५०८.८२ | ३००००००.०० | १६२४८९२.०० |
| २.३ | निक्षेप (बचत) | २०००००००.०० | ३०२२७३२९२.४४ | ३४००००००.०० | ३६१८९९७८४.०० |
| २.४ | ऋण लिएको | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २.५ | अन्य दायित्व प्राप्त | ३७००००००.०० | ४१०४४०८३.७९ | ४९२०००००.०० | ४९२५००००.०० |
| २.६ | लगानी हिसाव | २०००००००.०० | २०००००००.०० | ७०००००००.०० | ९०००००००.०० |
| २.७ | लगानी सम्पत्ति हिसाव | १०००००.०० | १९४९६६.०० | ०.०० | ०.०० |
| २.८ | ऋण असुल | २०००००००.०० | २५३९०८३४७.०० | २८००००००.०० | ३०५७०००००.०० |
| २.९ | पाउनुपर्ने प्राप्त | २०००००००.०० | १२२९२६८८.१३ | १६००००००.०० | १७२०००००.०० |
| २.१० | जायजेथा उपकरण | ५०००००.०० | २७८२५३.०० | ३००००००.०० | ३८०००००.०० |
| २.११ | अमूर्त सम्पत्ति | ५००००.०० | १४३४५.०० | ०.०० | ०.०० |
| २.१२ | अन्य सम्पत्ति | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २.१३ | सदस्य सुरक्षा कोष प्राप्त | ४०००००.०० | १७६०००.०० | ३०००००.०० | ३५००००.०० |
| २.१४ | व्यवसाय हिसाव प्राप्त | ७५०००००.०० | ६२७८४७५.०० | ७५०००००.०० | ८००००००.०० |
| २.१५ | भुक्तानी दिनुपर्ने अन्य | ५००००.०० | १२२५००.०० | २०००००.०० | २५००००.०० |
| २.१६ | स्थगन कर दायित्व प्राप्त | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २.१७ | स्थगन कर सम्पत्ति प्राप्त | ३५४३९.२० | २८३५१.३६ | १७०२९.०० | ०.०० |
| २.१८ | कुल आम्दानी | ५१५०५०००.०० | ४६०७८९९८.४३ | ४३५२८७८८.०० | ४४२१००००.०० |
| **क** | **कुल जम्मा प्राप्ती** | **६६०४५३४४५.६८** | **८०२४५८५१५.४५** | **९८३८७७४४९.२८** | **१०५१२८२४४५.२८** |
| | | | | | |
| **३** | **नगद खर्च (व्यय)** | **५७६८४६१३९.२०** | **६३७८२६८८३.१७** | **८२१८७९६८०.००** | **८७८७२८४४६.००** |
| ३.१ | शेयर फिर्ता | १५०००००.०० | १९६९७००.०० | २००००००.०० | २५०००००.०० |
| ३.२ | कोष फिर्ता | ४००००००.०० | ४३७३७६९.०८ | २६०००००.०० | ३००००००.०० |
| ३.३ | निक्षेप फिर्ता | १८००००००.०० | २६०२५९७३०.४३ | ३०००००००.०० | ३२२३०००००.०० |
| ३.४ | ऋण तिरेको | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३.५ | अन्य दायित्व फिर्ता | ५०००००.०० | ४०९७४१७५.७७ | ४९००००००.०० | ४८२०००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.६ | लगानी हिसाव | ६००००००००.०० | ४००३०४३५.३२ | ८००००००००.०० | १०००००००००.०० |
| ३.७ | लगानी सम्पत्ति हिसाव | ०.०० | ५०००००.०० | ५०००००.०० | ६०००००.०० |
| ३.८ | ऋण लगानी | २५००००००००.०० | २२१८२२८१५.०० | ३२००००००००.०० | ३३१९१२४४६.०० |
| ३.९ | पाउनुपर्ने फिर्ता | २००००००००.०० | १४२२८९४१.४९ | १५०००००००.०० | १६०००००००.०० |
| ३.१० | जायजेथा उपकरण | ४००००००.०० | ३४८४०६२.०० | ३५०००००.०० | ३७०००००.०० |
| ३.११ | अमूर्त सम्पत्ति | २००००.०० | ०.०० | ०.०० | ०.०० |
| ३.१२ | अन्य सम्पत्ति | ७०८७.८४ | ०.०० | ०.०० | ०.०० |
| ३.१३ | परिवार सुरक्षा कोष फिर्ता | १२००००.०० | १२८०००.०० | १५००००.०० | १५००००.०० |
| ३.१४ | व्यवसाय हिसाव फिर्ता | ७५०००००.०० | ६२७४८९२.०० | ७५०००००.०० | ८००००००.०० |
| ३.१५ | भूक्तानी दिनुपर्ने अन्य | ५००००.०० | २१५००.०० | २५००००.०० | २५००००.०० |
| ३.१६ | स्थगन कर सम्पत्ति फिर्ता | ०.०० | ९९४१.१६ | ०.०० | ०.०० |
| ३.१७ | स्थगन कर दायित्व फिर्ता | २८३५१.३६ | २८३५१.३६ | ०.०० | ०.०० |
| ३.१८ | कूल खर्च | ४९१२०७००.०० | ४४२२०५६९.५६ | ४१३७९६८०.०० | ४२११६०००.०० |
| **४** | **मौज्दात हिसाव** | **८३६०७३०६.४८** | **१६४६३१६३२.२८** | **१६१९९७७६९.२८** | **१७२५५३९९९.२८** |
| ४.१ | नगद मौज्दात | १००००००.०० | ८६५५०३.०० | १००००००.०० | १००००००.०० |
| ४.२ | बैंक मौज्दात | ८२६०७३०६.४८ | १६३७६६१२९.२८ | १६०९९७७६९.२८ | १७१५५३९९९.२८ |
| **ख** | **कुल जम्मा भूक्तानी** | **६६०४५३४४५.६८** | **८०२४५८५१५.४५** | **९८३८७७४४९.२८** | **१०५१२८२४४५.२८** |

प्रबन्धक    सचिव    उपाध्यक्ष    अध्यक्ष

**प्रदेश सहकारी ऐन २०७६ को दफा ४ को उपदफा (१) अनुसार एकिकरण सर्त तथा कार्यविधि सम्बन्धी २१ बुँदे सहमती पत्र**

**अनुसूची १**

**दफा ४ को उपदफा १ को खण्ड घ, दफा ८ को उपदफा १ को खण्ड क र दफा १२ को उपदफा १ को खण्ड झ संग सम्बन्धित एकिकरणका शर्त तथा कार्यबिधि ।**

प्रदेश सहकारी ऐन नियम तथा संघ संस्थाको बिनियममा भएको व्यवस्था अनुसार राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. बिराटनगर ९ मोरंग र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. ईटहरी १ सुनसरीको एकीकरण गर्दा शर्त र कार्यबिधि खोली एकीकरण प्रकृयालाई अघि बढाउनु पर्ने भएकाले निम्न लिखित शर्त र कार्यबिधिका अधिनमा रहि एकीकरण कार्य सम्पन्न गर्ने यस साधारण सभाले गरेको निर्णय कार्यान्वयनका लागि प्रदेश सहकारी रजिष्ट्रार कार्यालय ईनरूवा सुनसरीमा अनुरोध गर्ने समेत निर्णय गरियो ।

| क्र.सं. | बिषय | एकीकरण शर्त | एकीकरणको कार्यबिधि | कैफियत |
|---|---|---|---|---|
| १ | नाम | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. (दर्ता नं ५१(१४२)०५५।५६ डि.स.का. मोरंग) र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. (दर्ता नं १२४/०६४/०६५) रहेकोमा दुवै संघ / संस्थालाई एकिकृत गरी राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. कायम गर्ने । | दुवै संस्थाको साधारण सभाबाट पारित गराई कोशी प्रदेश सहकारी रजिष्ट्रार कार्यालय ईनरूवा सुनसरीबाट एकिकरणको स्वीकृति लिई संस्था "राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि." को नामबाट सहकारी सञ्चालन गर्ने । | |
| २ | कार्यालय | दुवै संस्थाको कार्यालय एउटै बनाउने । | एकीकृत संस्था राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय बिराटनगर ९ मोरंग स्थित संस्थाको नाममा रहेको राष्ट्रसेवक भवनबाट सञ्चालन गर्ने । | |
| ३ | कार्यक्षेत्र | दुवै संस्थाको कार्यक्षेत्र एकीकृत रूपमा रहने र कार्यक्षेत्रमा आफ्नो सदस्यहरूलाई सेवा प्रदान गर्ने | एकीकृत हुने सस्थाको कार्यक्षेत्र राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्थाको मोरंग जिल्ला भरि र पेशागत बचत तथा ऋण सहकारी संस्थाको ईटहरी उपमहानगरपालिका का सबै वडाहरू भएको हुनाले एकीकरण पश्चात सोही बमोजिम कायम हुने । | |
| ४ | बिनियम | दुवै संघ संस्था एकीकृत भएपछि एउटा मात्र संघ संस्थाको बिनियम स्वीकार गरिने । | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. को विनियम स्वीकार गरी सोही विनियम अनुसार कार्य सञ्चालन गर्ने । | |
| ५ | शेयर रकम | दुवै संघ संस्थाको शेयर रकम एकीकृत गर्ने । यस बर्षको एकीकृत हुन आउने रकम पनि संयुक्त रूपमा समावेश गर्ने । | दुवै संघ संस्थाको पछिल्लो लेखापरीक्षण प्रतिवेदन अनुसारको शेयर रकम जम्मा गरि संस्थामा समावेश गर्ने ।<br>१) राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. को शेयर पुजी रू ७,५९,६०,९००। (२०८३ असार मसान्तको)<br>२) पेशागत बचत तथा ऋण सहकारी संस्था लि. को शेयर पुजी रू ३६,६९,६००। (२०८३ असार मसान्तको)<br>३) जम्मा शेयर पुजी रू ७,९६,३०,५००। | |

Page 1

| क.सं. | बिषय | एकीकरण शर्त | एकीकरणको कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| ८ | लगानी हिसाब | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. र को नाममा छाता संघहरूमा रहेको लगानी हिसाब एकिकृत गरि राष्ट्रसेवक बचत तथा ऋण सहकारीको नाममा कायम गर्ने । फिर्ता गर्नुपर्ने रकम सम्वन्धित छाता संघवाट फिर्ता लिई आम्दानी वाध्ने । | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. को नाममा छाता संघहरूमा रहेको लगानी हिसाब एकिकृत गरि राष्ट्रसेवक बचत तथा ऋण सहकारीको नाममा कायम गर्ने । फिर्ता गर्नुपर्ने रकम सम्वन्धित छाता संघवाट फिर्ता लिई आम्दानी वाध्ने र सो कार्यका लागि छाता संघहरूमा पत्राचार गर्ने ।<br>लगानी भएको संघ सस्था जिल्ला सहकारी संघ लि., राष्ट्रिय सहकारी बैंक लि., नेप्सकुन, जिल्ला र प्रदेश बचत संघ | |
| ९ | ऋण लगानी | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. ले आफ्ना शेयर सदस्यहरूलाई लगानी गरेको ऋण रकम एकिकृत गरि राष्ट्रसेवक बचत तथा ऋण सहकारीको नाममा कायम गर्ने । | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. एकिकरण भए पछि सदस्यलाई लगानी भएका ऋण राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. को नाममा कायम गर्ने । यसका लागी २०८४ पौष मसान्त सम्म समय दिने व्याज मात्र बुझाएर ऋणी सदस्यहरूको ऋण राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. बाट उपलब्ध गराउने व्यवस्था मिलाउने । | |
| १० | बचत हिसाब | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. ले सबै खालका बचतहरू एकिकृत रूपमा समावेश गर्ने । | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. द्वारा संचालित बचत कार्यक्रमहरू राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्यहरूको नाममा समावेश गरिराख्ने । | |
| ११ | सदस्यता | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. दुवै संस्थाका सदस्यहरूलाई एकिकृत संस्थामा समावेश गर्ने । | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. दुवै संस्थाका सदस्यहरूको सदस्यता एकिकृत संस्थामा कायम गर्दा एकीकरणको मितिमा रहेका राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्थाका सदस्यको नंबर पछि पेशागत बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरूको सदस्यता कायम गर्ने । | |
| १२ | नीतिहरू | संघ संस्था सञ्चालन नीति लागु गर्ने सन्दर्भमा दुवै संस्थामा हाल लागु भएका एकै किसिमका नीतिहरू भए लागु गर्ने र नभएका नीतिहरूको सन्दर्भमा भने राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. हालका राष्ट्रसेवक नीतिहरूलाई नै एकीकृत संस्थाको नीतिको रूपमा लागु गर्ने । | हाल रहेका निम्न नीतिहरू कायम राखि संस्था सञ्चालन गर्ने<br>१) आर्थिक प्रशासन निर्देशिका<br>२) कर्मचारी प्रशासन निर्देशिका<br>३) सम्पति शुद्धिकरण निवारण कार्यविधि<br>४) ऋण लगानी तथा असुली कार्यविधि<br>५) बचत संकलन तथा परिचालन कार्यविधि<br>६) आन्तरिक नियन्त्रण कार्यविधि<br>७) लेखा नीति<br>८) निर्वाचन निर्देशिका<br>९) सहकारी अध्ययन तथगा सुचना केन्द्र संचालन कार्यविधि | |

Page 3

| क्र.सं. | विषय | एकीकरण शर्त | एकीकरणको कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| १३ | बैंक खाता र नगद जिम्मेवारी | दुवै संस्थाको बैंक कारोबार र नगद एकीकृत गर्ने । | दुवै संस्थाको नाममा रहेको बैंक र नगद हस्तान्तरण गरि एकिकृत रुपमा राखि उपयोग गर्ने । | |
| १४ | संस्था सञ्चालन प्रकृया | हाल कायम रहेको दुवै संस्थाका वर्तमान सञ्चालक, लेखा सुपरिवेक्षण समिति तथा सल्लाहकार समिति एवं उपसमितिहरू मिलाएर विनियममा व्यवस्था भए बमोजिम बाकी अवधि सम्मका लागी कायम गर्ने । | एकीकृत संस्थामा हालको राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिलाई मान्ने तथा सल्लाहकार र अन्य समिति उपसमितिमा बाकी अवधि सम्मका लागी पुन गठन गरि कार्य गर्ने । | |
| १५ | लिनु दिनु पर्ने बाकी ऋण तथा सम्पति | दुवै संस्थाको एकीकरण गरी संयुक्त रूपमा राख्ने । | दुवै संस्थाले बुझाउनुपर्ने बाकी ऋण भए सयुक्त रूपमा राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. को नाममा स्थानान्तरण गरि बुझाउने र लिनु पर्ने भए पनि यहि कार्यविधि अपनाई असल उपर गर्ने । | |
| १६ | केन्द्रिय जिल्ला विषयगत संघको प्रतिनिधि | दुवै संस्थाबाट प्रतिनिधित्व गर्ने केन्द्रिय, जिल्ला र विषयगत संघको प्रतिनिधि गर्ने सम्वन्धमा एकिकृत संस्थाको तर्फबाट पनि निरन्तरता दिने र दुवै संस्थाका केन्द्रिय प्रतिनिधिलाई भने | संस्था एकीकरण भए पश्चात दुवै संस्थाबाट प्रतिनिधित्व गर्ने केन्द्रिय, जिल्ला र विषयगत संघको प्रतिनिधिलाई फेरवदल गर्ने । | |
| १७ | कर्मचारी | दुवै संस्थाका कर्मचारीलाई यथावत कामकाज लगाउने । | दुवै संस्थाका कर्मचारीहरूलाई एकीकृत संस्थामा यथावत राख्ने र कामकाज लगाउने । | |
| १८ | पान नं. | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. को पान नं. ३०१९२०१६६ स्वीकार गर्ने र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. को पान नं. ३०३८६४९६७ रद्ध गर्ने सोका लागी सम्वन्धित निकायहरूमा जानकारी गराउने । | आन्तरिक राजश्व कार्यालय विराटनगर मोरंगमा दर्ता भएको राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. को पान नं. ३०१९२०१६६ लाई प्रयोग गर्ने । | |
| १९ | नगद र ढुकुटीको बीमा गर्ने | एकीकृत संस्था राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. को नगद र ढिकुटी (सेफ) को बीमा गराई सञ्चालन गर्ने । | उपयुक्त बीमा कम्पनी संग आवश्यक सम्झौता गरी नगद र ढिकुटी बीमा गर्ने व्यवस्था मिलाउने । | |
| २० | एकीकरण पछिको विवाद सम्वन्धि | एकीकरण पश्चात कुनै विषयमा विवाद उठेमा विवाद मिलाउन पाँच सदस्यीय समिति निर्माण गर्ने र विवादको टुंगो लगाउने । | विवाद समाधान समितिमा एकिकृत हुने दुवै संस्थाको तर्फबाट निम्न सदस्यहरूलाई जिम्मेवारी दिने र उक्त समितिले गरेको निर्णय संचालक समितिले अनुमोदन गरेपछि लागु हुनेगरि निर्णय गर्ने ।<br>१) संयोजक श्री प्रभुनारायण चौधरी<br>२) सदस्य श्री तुलसीनारायण अधिकारी<br>३) सदस्य श्री सिताराम साप्कोटा<br>४) सदस्य श्री गीतादेवी दाहाल खत्री<br>५) सदस्य सचिव श्री कृष्ण भट्टराई | |

| क्र.सं. | बिषय | एकीकरण शर्त | एकीकरणको कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| ६ | संस्थाका कोषहरू | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. कोषको रकम एकीकृत गरी समावेश गर्ने । वितरण गर्न मिल्ने कोषहरू सदस्यहरूलाई वितरण गर्ने र वितरण गर्न नमिल्ने कोषहरू यथावत राखि एकिकृत गर्ने । यसरी एकीकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने । | वितरण गर्न मिल्ने कोषहरू सम्बन्धित संस्थाका सदस्यहरूलाई वितरण गर्ने, कर्मचारीलाई वितरण गर्ने कोष पनि वितरण गर्ने र बाकी कोषहरू नियमानुसार उपयोग गर्ने ।<br>वितरण गर्न मिल्ने कोषहरूको विवरण र सोको नाम<br>क) राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. को वितरण योग्य कोष वितरण भईसकेको छ ।<br>१) शेयर लाभांश कोष<br>२) संरक्षित पुजी फिर्ता कोष<br>३) कर्मचारी वोनष कोष<br>ख) पेशागत बचत तथा ऋण सहकारी संस्था लि. को वितरण योग्य कोषहरू वितरण भईसकेको छ ।<br>१) शेयर लाभांश कोष<br>२) संरक्षित पुजी फिर्ता कोष<br>३) कर्मचारी वोनष कोष<br>ग) एकिकृत संस्थामा राख्ने कोषहरूको नाम र विवरण<br>१) जगेडा कोष<br>२) शेयर लाभांश कोष<br>३) संरक्षित पुजी फिर्ता कोष<br>४) सहकारी शिक्षा कोष<br>५) संस्था बिकास कोष<br>६) घाटा पुर्ती कोष<br>७) कर्मचारी बोनष कोष<br>८) जोखिम सुरक्षण कोष<br>९) सहकारी प्रवर्द्धन कोष<br>१०) सामुदायिक बिकास कोष<br>११) अन्य जोखिम कोष<br>१२) अन्य कोष | |
| ७ | दायित्व | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. ले चुक्ता गर्नुपर्ने दायित्व एकिकरण पश्चात दायित्वको जिम्मेवारी एकीकृत संस्थामा रहने । | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र पेशागत बचत तथा ऋण सहकारी संस्था लि. को दायित्व एकीकृत गरी राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. बाट फछ्यौट गर्ने । | |

Page 2

| क्र.सं. | विषय | एकीकरण शर्त | एकीकरणको कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| २१ | विनियममा संसोधन र परिमार्जन गर्ने समिति | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर ९ मोरंगको विनियममा हालको परिवर्तित अवस्थामा कतिपय विषयहरू थपघट, परिमार्जन गरी समयानुकुल वनाउनु पर्ने भएकाले व्यापक अध्ययन गरी आवश्यक्ता अनुसार परिमार्जन गर्न पाच सदस्यीय समितिलाई जिम्मा दिने । | आवश्यक्ता अनुसार विनियम संसोधन र परिमार्जन गर्दा निम्नानुसारको समिति निर्माण गरी जिम्मेवारी दिने ।<br>१) संयोजक श्री ओमराज सुवेदी<br>२) सदस्य श्री मातृकाप्रसाद बजगाई<br>३) सदस्य श्री जयप्रसाद काफ्ले<br>४) सदस्य श्री लेखनाथ गौतम<br>५) सदस्य सचिव श्री कृष्ण भट्टराई | |

दस्तखत ..........................................

प्रभुनारायण चौधरी
अध्यक्ष
पेशागत बचत तथा ऋण सहकारी संस्था लि. ईटहरी सुनसरी

संस्थाको छाप

दस्तखत ..........................................

जीवन काफ्ले
अध्यक्ष
राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. बिराटनगर मोरंग

संस्थाको छाप

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.

**विराटनगर-९, मोरङ**

## २८औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन २०८३

**सभाका अध्यक्षज्यू,**

प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू तथा यस गरिमामय सभामा उपस्थित सम्पूर्ण आदरणीय शेयर सदस्यज्यूहरूमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक न्यानो अभिवादनसहित सादर स्वागत व्यक्त गर्दछौं। राष्ट्रको उन्नति, प्रगति एवम् समाज रुपान्तरणको लागि आफ्नो जीवनको बलिदान दिनुहुने ज्ञात अज्ञात सहिदहरु र स्थापना कालदेखि संस्थाको विकास सहकार्यमा निरन्तर साथमा रहँदै गर्दा दिवंगत हुनु भएका शेयर सदस्यहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

**"सबैका लागि एक र एकका लागि सबै"** सहकारीको मूल मर्म हो । सामूहिकता सहकारीको मूल विशेषता हो । राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था न्यून वेतनधारी समूहको आपसी हकहित र सहकारिताको भावनाबाट स्थापित संस्था भएकोले स्थापना कालदेखि नै सामूहिकता, इमान्दारिता, पारदर्शीता, लगनशिलताका साथ शेयर सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक समृद्धितर्फ सफलताका साथ अगाडि बढिरहेको यहाँहरु सवैमा विदितै छ । यसै कुरालाई आत्मसात गर्दै,

**आदरणीय शेयर सदस्यज्यूहरु,**

सहकारी क्षेत्रमा देखिएका विभिन्न चुनौतीका बीच पनि संस्थाले सदस्य सेवा, वित्तीय अनुशासन तथा संस्थागत सुशासनलाई प्राथमिकतामा राखी आफ्नो गतिविधि सञ्चालन गर्दै आएको छ । नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको सन्दर्भमा संस्थाले प्रचलित सहकारी ऐन, नियमावली, विनियम तथा सहकारीका मूल सिद्धान्त अनुसार कार्य सञ्चालन गर्नुपर्ने आवश्यकता अझ बढेको छ। यसै अनुरूप संस्थाले सदस्यहरूलाई बचत, ऋण तथा अन्य आवश्यक सेवाहरू उपलब्ध गराउँदै सदस्यको आर्थिक क्षमता अभिवृद्धि र आत्मनिर्भरता तर्फ योगदान पुऱ्याउँदै आएको सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई अनुरोध गर्दछौं ।

### १. अघिल्लो साधारणसभाको निर्णय कार्यान्वयनको अवस्था

अघिल्लो साधारण सभाबाट पारित नीति, कार्यक्रम तथा निर्णयहरूलाई कार्यान्वयन गर्दै संस्थाले नियमित गतिविधिहरू सञ्चालन गरेको पाइयो। निर्णयहरूको कार्यान्वयन अवस्थालाई व्यवस्थापन तथा सम्बन्धित समितिहरूबाट निरन्तर अनुगमन गरिएको छ।

### २. आर्थिक वर्ष २०८२/०८३ मा संचालक समितिको वसेको वैठक संख्या, निर्णयहरू र कार्यान्वयनको अवस्था

आर्थिक बर्ष २०८२/८३ मा सञ्चालक समितिले १३ नियमित बैठकहरू सञ्चालन गरी संस्थाको दैनिक प्रशासन, सदस्य सेवा, बचत तथा ऋण कारोबार, नीतिगत विषय र संस्थागत व्यवस्थापनसम्बन्धी आवश्यक निर्णयहरू गरेको छ । बैठकका निर्णयहरू कार्यान्वयनमा समेत आवश्यक ध्यान दिइएको देखिन्छ ।

### ३. ऋण लगानीको प्रकृया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था

३.१ ऋण लगानीका सन्दर्भमा संस्थाद्वारा एक जना सदस्यलाई व्यवसायका आधारमा वढीमा ५० लाखसम्म ऋण लगानी गर्ने गरेको छ, तरलताको अवस्था हेरी समयानुकुल निर्णय लिने गरिएको छ ।

३.२ ऋण लगानी गर्दा धन जमानत र धितो जमानतका आधारमा मात्र लगानी गर्ने गरिएको छ ।

३.३ धितो मुल्याङ्कन गर्दा चलनचल्ती र मालपोत कार्यालयले तोकेको दरभाउलाई हेरी ४० देखी ६० प्रतिशत सम्ममात्र लगानी गर्ने गरिएको छ ।

३.४ ऋण लगानीमा संचालक समिति, ऋण उप-समिति र प्रवन्धकलाई ऋण लगानीको प्रकृति र सिमा आधारमा अधिकार बाँडफाँड गरि सिघ्र ऋण लगानीको व्यवस्था गरिएको ।

३.५ ऋणी सदस्यसँग नियमित सम्पर्क, समन्वय तथा कर्जा असुलीका लागि आवश्यक पहल गरिएको छ।

**४. सहकारी विभागवाट जारी गरिएका मापडण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण**

सहकारी विभागवाट जारी मापडण्डलाई पूर्णरुपमा अवलम्वन गर्ने गरिएको छ ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन र सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू**

प्राप्त सुझावहरुलाई कार्यान्वयन गरिएको ।

**६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरणः**

६.१ पदाधिकारीलाई पारिश्रमिकको व्यवस्था नभएको ।

६.२ सञ्चालक समिति तथा अन्य समितिका बैठकमा सहभागी पदाधिकारीहरूलाई संस्थाको स्वीकृत व्यवस्था बमोजिम बैठक भत्ता प्रदान गर्ने गरिएको छ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु**

७.१ साधारण सभाबाट स्वीकृत कर्मचारी प्रशासनसम्बन्धी नीति तथा नियमअनुसार कर्मचारी व्यवस्थापन गरिएको छ।

७.२ संस्थाको कार्यक्षेत्र, कार्यबोझ तथा आवश्यकताका आधारमा कर्मचारी दरबन्दी निर्धारण गरी नियुक्ति तथा परिचालन गर्ने व्यवस्था रहेको छ।

७.३ कार्यरत कर्मचारीहरूको जिम्मेवारी र कार्यबोझबीच उपयुक्त समन्वय कायम गरिएको छ।

७.४ व्यवस्थापन प्रमुखको योग्यता, क्षमता तथा जिम्मेवारीलाई ध्यानमा राखी संस्थाको व्यवस्थापन सञ्चालन गरिएको छ। आगामी दिनमा कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि थप क्षमता विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ।

७.५ संस्थामा जम्मा पाँच जना नियमित रुपमा कर्मचारी कार्यरत रहेका छन् सो मध्ये तीन जना स्थायी र दुइ जना अस्थायी रहेका छन् । सो बाहेक आंशिक रुपमा सुरक्षा सहयोगी एक, सरसफाइकर्मी एक र ग्याँस ढुवानीकर्ता एक जना रहेका छन् ।

८. लेखा सुपरिवेक्षण समितिको काम कर्तब्य अधिकार तथा लेखापरीक्षणको सिमा परिधि अन्तर्गत रहि दिइएका त्रैमासकि प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था

कार्यान्वयन गर्नुपर्ने विषयहरूलाई प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिएको तथा अन्य सुझावहरूलाई आवश्यकता अनुसार कार्यान्वयन गर्ने प्रक्रिया अघि बढाइएको ।

**संस्थाको अभिलेख तथा नीतिगत व्यवस्थापनमा भएका कार्यहरुको विवरण यस सम्मानित सभामा प्रस्तुत गरेकाछौं ।**

**क) अभिलेख व्यवस्थापन**

१. संस्थाले आर्थिक कारोवार, खाता, पत्र तथा अन्य विवरणहरु अध्यावधिक प्रविष्टी गरेको पाइन्छ ।

२. प्रत्येक शेयर सदस्यहरुको व्यक्तिगत विवरण स्पष्ट देखिने गरी छुट्टाछुट्टै फाइलको व्यवस्था गरी सुरक्षित राखिएको ।

३. सदस्यहरुलाई प्रदान गर्ने शेयर प्रमाणपत्रको कार्यालयप्रति सम्बन्धित शेयर सदस्यको व्यक्तिगत फाइलमा सुरक्षित राखिएको ।

४. संस्थाको आर्थिक कारोबारलाई विश्वसनिय बनाउन सफ्टवेयर प्रयोग गरी हिसाव अध्याबधिक राखिएको ।

५. संस्थाको कागजपत्रको राम्रोसँग फाइलिङको व्यवस्था मिलाइएको ।

६. संस्थाको आम्दानी, खर्च र सम्पत्ति दायित्व जस्ता विवरण सदस्यले देख्ने गरी डिजिटल डिस्प्ले बोर्ड, सूचना पाटी र वेवसाइटबाट सूचना प्रवाह गरिएको ।

७. साधारणसभाको निर्णय, लेखापरीक्षण प्रतिवेदन, निरीक्षण पुस्तिकाहरु सुरक्षित राखिएको ।

८. प्रत्येक वार्षिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन सुरक्षित राखिएको ।

९. हरेक महिनाको अन्त्यमा खाताबन्दी गरी मासिक प्रगति विवरण तयार पार्ने गरिएको ।

**ख) नीतिगत व्यवस्थापन**

**१. क्रमागत बचत :**

क्रमागत बचत खातामा न्यूनतम रु. ४०,००० मौज्दात कायम रहने व्यवस्था रहेको र सोभन्दा माथिको रकम सदस्यको आवश्यकताअनुसार झिक्न सकिने सुविधा प्रदान गरिएको छ।

**२. ऋण सुविधा :**

क्रमागत बचत तथा आवधिक बचतलाई धितो सुरक्षणका रूपमा स्वीकार गरी सदस्यले खरिद गरेको शेयर समेतलाई हेरी सदस्यहरूलाई आवश्यकता अनुसार सुरक्षणको अधिकतम् ९० प्रतिशतसम्म ऋण सुविधा उपलब्ध गराउने व्यवस्था रहेको छ। बचत सुरक्षण ऋणमा बचतमा संस्थाले दिने ब्याज भन्दा थप दुई प्रतिशत बढी ब्याज लिने गरेको छ ।

**३. अचल धितोमा ऋण लगानी :**

अचल सम्पत्ति धितोमा ऋण प्रवाह गर्दा बजार मूल्य, सरकारी मूल्य तथा स्थलगत मूल्यांकनलाई आधार बनाई औसत मूल्य कायम गर्ने गरिएको छ । साथै, सदस्यको कारोबार तथा सक्रियतालाई समेत विचार गरी मूल्यांकन रकमको ४० प्रतिशतदेखि ६० प्रतिशतसम्म ऋण लगानी गर्ने व्यवस्था रहेको छ ।

**४. विभिन्न प्रयोजनका ऋण :**

सम्बन्धित मालपोत कार्यालयबाट संस्थाको नाममा धितोबन्धक कायम गरी बढीमा ५ वर्ष अवधिका लागि शैक्षिक ऋणमा ९ प्रतिशत, कृषि ऋणमा ९ प्रतिशत तथा अन्य सबै प्रकारका ऋणमा ११ प्रतिशत ब्याजदर कायम गरिएको छ । आवश्यक कागजात तथा छुट्टै तमसुकको व्यवस्था पूरा गरी प्रति सदस्य अधिकतम रु. ५० लाखसम्म ऋण लगानी गर्ने व्यवस्था रहेको छ।

**५. सदस्य राहत सुविधा :**

सदस्यहरूको सामाजिक सुरक्षालाई समेत ध्यानमा राखी सदस्य सुरक्षा कोष सञ्चालन गरिएको छ । शेयर सदस्यको मृत्यु भएमा राहत स्वरुप निजको परिवारलाई रु. १५,०००/-, असाध्य तथा जटिल रोगको अवस्थामा सदस्यलाई रु. ७,०००/- तथा महिला शेयर सदस्य सुत्केरी हुँदा दुई बालबालिकाको शिशुपोषणका लागि रु. ५,०००/- सम्म सहयोग उपलब्ध गराउने व्यवस्था रहेको छ। त्यसैगरी ७५ वर्ष उमेर पुरा भएका ज्येष्ठ शेयर सदस्यलाई वार्षिक रु.२०००/- औषधि खर्च उपलब्ध गराइएको छ ।

६. **कर्जा सुरक्षण बचत :**

ऋण कारोबार गर्ने शेयर सदस्यहरूलाई कर्जासम्बन्धी दायित्व तथा ब्याज भुक्तानीमा सहजता प्रदान गर्ने उद्देश्यले कर्जा सुरक्षण बचत खाता सञ्चालनमा रहेको छ।

७. **प्रविधिमैत्री सदस्य सेवा :**

संस्थाका सम्पूर्ण कारोबारहरू अनलाइन सफ्टवेयरमार्फत सञ्चालन गरी सदस्यको कारोबारसम्बन्धी जानकारी अटो एस.एम.एस.मार्फत उपलब्ध गराउने गरिएको छ । साथै, मोबाइल एप प्रयोग गर्ने सदस्यहरूले आफ्ना खाताको विवरण हेर्न, बचत खातामार्फत युटिलिटी पेमेन्ट गर्न, क्यूआर स्क्यानमार्फत भुक्तानी गर्न तथा बैंक ट्रान्सफर गर्न सक्ने गरी २४ घण्टा सेवा उपलब्ध गराइएको छ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

**उल्लेख्य अन्य विवरणहरु**

**कार्यालय संचालन तथा सेवा प्रवाहः**

१. हप्ताको पाँच दिन सोमबार देखि शुक्रबारसम्म बिहान ११ बजेदेखि बेलुका ६ बजेसम्म कार्यालय खोल्ने र सेवा दिने गरिएको ।

२. पहिला आउनेलाई पहिला सेवा दिने पद्दती अन्तर्गत पालैपालो सदस्यलाई सेवा प्रदानगर्नेगरिएको ।

**श्रोत व्यवस्थापन र उपयोग :**

१. वचतमा नियमित, आवधिक, साधारण ऐच्छिक बचत लगायतका बचत खाताहरु खोली बचत राख्ने व्यवस्था भएको ।

२. निश्चित शर्त पुरा गरी बचत फिर्ता लिन पाउने ब्यवस्था ।

३. संस्थाले आफ्ना सदस्यहरुलाई शेयर लगानीका आधारमा शेयर लाभांश, कारोवारका आधारमा संरक्षित पूंजिफिर्ताकोषवाट रकम वितरण गरेको ।

४. **संस्थाको आ.व. ०८२/८३ को संक्षिप्त आर्थिक विश्लेषण निम्नानुसार रहेको छ :**

१. संस्थाको शेयर पूँजी कुल सम्पत्तिमा १२.२६ प्रतिशत, कुल निक्षेपमा १५.६१ प्रतिशत रहेको ।

२. संस्थाको दीर्घकालिन पूँजिकोषको रुपमा रहेको जगेडाकोष कुल दायित्व तथा सम्पत्तिको ६.१३ प्रतिशत रहेको ।

३. संस्थाको निक्षेप कुल सम्पत्ति दायित्वको ७९.४९ प्रतिशत रहेको छ भने ऋण लगानी ५२.७४ प्रतिशत रहेको छ ।

४. कुल सम्पत्तिमा आयआर्जन नगर्ने तरल सम्पत्ति ०.१४ प्रतिशत र संचालन खर्च कुल खर्चमा १६.७१ प्रतिशत र औसत सम्पत्ति दायित्वको १.२४ प्रतिशत रहेको ।

५. कुल सम्पत्तिमा १९.४८ प्रतिशत र निक्षेपमा २५.१६ प्रतिशत तरलता कायम रहेको छ ।

६. संस्थाको कुल सम्पत्ति दायित्वको प्राथमिक पुँजीकोष १८.३९ र कुल पुँजीकोष १९.२७ प्रतिशत रहेको ।

**आदरणिय शेयर सदस्यज्यूहरु,**

संस्थाको कारोबारमा रुपमा सुधार गर्दै लैजानका लागि लेखा सुपरिवेक्षण समितिको तर्फबाट निम्नानुसारका सुझावहरु प्रस्तुत गरेका छौं ।

१. सदस्यहरूको वित्तीय ज्ञान, सहकारी शिक्षा तथा उद्यमशीलता क्षमता अभिवृद्धिमा निरन्तर जोड दिनुपर्ने।

२. आधुनिक प्रविधिको प्रयोग विस्तार गरी सेवा प्रवाहलाई थप प्रभावकारी र सहज बनाउँदै लैजानु पर्ने।

३. पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने।

४. संस्थाका नीति, कार्यविधि तथा निर्देशिकाबारे कर्मचारीलाई थप अभिमुखीकरण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने।

५. ऋण लगानी तथा असुली प्रक्रियालाई थप सुरक्षित र व्यवस्थित बनाउन सम्बन्धित कर्मचारीको दक्षता अभिवृद्धि गर्नुपर्ने।

६. संस्थाको वित्तीय अवस्थाअनुसार तरलता व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने।

७. बचतमा सदस्यहरूको आकर्षण र नियमितता कायम गर्न समयानुकूल नीति तथा सुविधाको समीक्षा गर्दै लैजानु पर्ने।

८. महत्वपूर्ण कागजात, सम्पत्ति तथा जिन्सी सामग्रीको सुरक्षित भण्डारण, अभिलेखीकरण तथा नियमित भौतिक परीक्षणमा ध्यान दिनुपर्ने।

९. आवश्यक सेवा तथा सामग्रीको पूर्वयोजना बनाई पारदर्शी र प्रतिस्पर्धात्मक प्रक्रियाबाट खरिद व्यवस्थापन गर्नुपर्ने।

१०. कर्मचारीको कार्यसम्पादन मूल्यांकन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लैजानुपर्ने।

११. नियमनकारी निकायमा पेश गर्नुपर्ने विवरण तथा कागजात समयमै उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिनुपर्ने।

१२. प्रवाहित कर्जाको प्रयोजन तथा सदुपयोगको नियमित अनुगमनलाई थप प्रभावकारी बनाउँदै लैजानुपर्ने।

१३. सम्भावित नयाँ क्षेत्र पहिचान गरी सुरक्षित तथा उत्पादनमुखी ऋण लगानीको दायरा विस्तार गर्नुपर्ने।

१४. संस्थाको दीर्घकालीन लक्ष्य हासिल गर्न रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा जोड दिनुपर्ने।

१५. आवश्यकताको पहिचान तथा स्वीकृत निर्णयका आधारमा मात्र सामान खरिद गर्ने व्यवस्थालाई निरन्तरता दिनुपर्ने ।

१६. निर्माण तथा ठूला खरिद कार्यमा पूर्वनिर्णय, पारदर्शिता तथा प्रचलित प्रक्रियालाई निरन्तर अबलम्बन गर्नुपर्ने ।

१७. पेश्की, भुक्तानी तथा फछ्र्यौटसम्बन्धी अभिलेखलाई थप व्यवस्थित र अद्यावधिक राख्नुपर्ने।

१८. सम्पत्ति शुद्धीकरणसम्बन्धी प्रचलित कानून तथा निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्दै समयानुकूल समीक्षा गर्नुपर्ने।

१९. स्वीकृत बजेट भन्दा बढी खर्च भएको अवस्थामा साधारणसभाबाट आवश्यक अनुमोदन गराई नियमित गर्न तथा आगामी दिनमा स्वीकृत बजेटको सिमा भित्र खर्च व्यवस्थापन गर्न सुझाव गरिन्छ ।

२०. संचालक समितिबाट ऋणको ब्याजदर कायम गर्दा संस्थागत हितलाई सर्वोपरी राखी प्रचलित निर्णय तथा तथा स्वीकृतिको प्रकृयाको पालना गर्न सुझाव गरिन्छ ।

२१. प्रचलित कानून, विनियम तथा लेखापरीक्षणबाट प्राप्त सुझावहरूको कार्यान्वयनलाई निरन्तरता दिँदै संस्थागत सुशासनमा विशेष ध्यान दिनुपर्ने। **साथै,**

२२. **वर्तमान वित्तीय बजारको अवस्था तथा सम्भावित जोखिमलाई मध्यनजर गर्दै आर्थिक गतिविधिहरू विवेकपूर्ण, सन्तुलित र सावधानीपूर्वक सञ्चालन गर्दै लैजान उपयुक्त देखिन्छ।**

**अन्त्यमा,**

लेखा सुपरिवेक्षण समितिको काम कर्तब्य अधिकार तथा लेखापरिक्षणको सिमा परिधि अन्तर्गत रहि हेर्दा संस्थामा कायम सम्पूर्ण लेखा–हिसाब, बिल–भरपाई तथा वित्तीय अभिलेखहरू प्रचलित दोहोरो लेखा प्रणाली, NFRS, सहकारी ऐन, नियम विनियम बमोजिम पारदर्शी, व्यवस्थित र नियमसंगत ढंगले राखिएको पाइयो। साधारण सभाबाट पारित नीति,

कार्यक्रम तथा बजेटलाई संस्थाको कार्यदिशाका रूपमा आत्मसात् गरी कार्यान्वयन गर्दै आएको देखिन्छ। शेयर सदस्यहरूको क्षमता विकासका लागि प्रशिक्षण तथा संस्थागत गतिविधिबारे सुसूचित गराउन सूचना प्रविधिको प्रभावकारी प्रयोगले संस्थाको सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाएको छ। सदस्यहरूको आवश्यकता पूर्ति गर्ने उद्देश्यले सञ्चालन गरिएको ग्याँस कारोबारको सकारात्मक प्रयासले संस्थाको कारोबार र सदस्य विश्वासमा क्रमिक वृद्धि ल्याउन सहयोग पुऱ्याएको देखिन्छ। सहकारी अध्ययन तथा सूचना केन्द्र स्थापना संस्थाको दीर्घकालीन सोच, संस्थागत प्रतिबद्धता र गौरवको विषयका रूपमा लिन सकिन्छ। त्यसैगरी, सामाजिक, सांस्कृतिक तथा सार्वजनिक जीवनमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मान गर्ने तथा शेयर सदस्य र तिनका सन्ततिहरूको शैक्षिक उपलब्धिलाई कदर गर्दै सम्मान तथा पुरस्कार प्रदान गर्ने कार्यले संस्थाको सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धता स्पष्ट गरेको छ।

सहकारी क्षेत्रमा देखिएका विविध चुनौतीका बाबजुद पनि संस्था निरन्तरता, अनुशासन र सदस्यकेन्द्रित सेवाका साथ सफलतापूर्वक सञ्चालन भई शेयर सदस्यहरूलाई लगानीमा प्रतिफल प्रदान गर्न सक्षम भएको देखिन्छ। **"एकतामा बल हुन्छ"** भन्ने मान्यतालाई आत्मसात् गर्दै संस्था र शेयर सदस्यबीचको सहकार्य, विश्वास र सहभागिताले संस्थालाई थप सुदृढ बनाउँदै लैजाने विश्वास लिएका छौं।

संस्थालाई सफलतापूर्वक सञ्चालन गर्न निरन्तर इमान्दारिता, लगनशीलता, जिम्मेवारीबोध तथा शेयर सदस्यप्रतिको उत्तरदायित्वका साथ योगदान पुऱ्याउनुहुने सञ्चालक समिति, अन्य बिषयगत समितिहरु तथा सम्पूर्ण कर्मचारीहरूलाई लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछौं। आगामी दिनमा समेत शेयर सदस्यहरूको हित, संस्थाको दिगो विकास तथा सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई केन्द्रमा राखी संस्था अझ प्रभावकारी रूपमा अघि बढ्ने विश्वास लिएका छौं। **"जहाँ इच्छा, त्यहाँ उपाय"** भन्ने भावलाई आत्मसात् गर्दै आगामी यात्रामा पनि संस्थाले नयाँ सम्भावनाको खोजी गर्दै उपलब्ध अवसरलाई सदुपयोग गर्ने अपेक्षा गर्दछौं।

यसै विश्वासका साथ यहाँहरूको राय, सुझाव र सल्लाहलाई आत्मसात् गर्दै प्रस्तुत प्रतिवेदनलाई यस सभाबाट अनुमोदन तथा पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

**धन्यवाद**
**जय सहकारी**

| | | |
|---|---|---|
| रोशनकुमार पोखरेल | चोमेशकुमार पोखरेल | अन्तिमकुमार आचार्य |
| सदस्य | सदस्य | संयोजक |

**पि. चौधरी एण्ड कम्पनी**
बिराटनगर १२, मोरंग
लेखा व्य.प्र.प.नं. ४७६४
पेशागत प्रमाण पत्र नं.: १४१०
पान नं. ३०१०२३३४८

## स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन ।

श्री शेयर सदस्य महानुभावहरू
राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर ९, मोरंग ।
(स्थायी लेखा नं. ३०१९२०१६६)

लेखापरीक्षकीय मन्तव्य

हामीलाई यस राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. बिराटनगर ९, मोरंगको २७औं बार्षिक साधारणसभाको स्वीकृत साथै मिति २०८३ श्रावण २९ गते बसेको सञ्चालक समितिले बैठकले आ.व. २०८२/८३ को वार्षिक लेखापरीक्षण गर्न नियुक्त गरेकोमा संस्थाको व्यवस्थापन पक्षले तयार पारी प्रस्तुत गरेको आ.व. २०८२/८३ को आर्थिक प्रतिवेदनको आधारमा निष्पक्ष स्वतन्त्रपूर्वक लेखापरीक्षण सम्पन्न गरेकाछौं ।

आर्थिक विवरणहरू सारभुत रूपमा गलत आंकडा रहित छन् भन्ने कुरामा विश्वस्त हुनका लागि यी आर्थिक विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणहरूलाई पुष्ट्यांई गर्ने प्रमाणको छड्के परीक्षण गरिएकोछ । लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं । परीक्षण गरिएका आर्थिक विवरणका आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं ।

१. हाम्रो राय:

हामीले राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. बिराटनगर ९, मोरंगको संलग्न वित्तीय विवरणहरू जसमा २०८३ असार ३२ सम्मको वित्तीय स्थिति विवरण तथा सो वर्षको अन्त्य सम्मको नाफा नोक्सानको हिसाब, बृहत आय विवरण, ईक्विटी र नगद प्रवाहमा परिवर्तन तथा महत्वपुर्ण लेखा नीतिहरूको सारांश वित्तीय विवरणहरूमा टिप्पणीहरू समावेश गरिएकोछ सोको लेखापरीक्षण गरेका छौं ।

हाम्रो बिचारमा संलग्न वित्तीय विवरणहरूले नेपाल वित्तीय प्रतिवेदन मापदण्ड अनुसार राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. बिराटनगर ९, मोरंगको २०८३ असार ३२ सम्मको आर्थिक स्थिति, यसको वित्तीय कार्यसम्पादन र सो वर्षको अन्त्य सम्मको नगद प्रवाह विवरणले उचित तथा यथार्थ चित्रण गर्दछ ।

२. रायका आधारहरू:

लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मान मापदण्डको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ । ती मापदण्डहरू अन्तर्गत हाम्रा जिम्मेवारीहरू हाम्रो प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणको लागी लेखापरीक्षकको जिम्मेवारीमा थप बर्णन गरिएकोछ । हामी संस्थासंग स्वतन्त्र छौ र हामीले व्यवसायिक लेखाकारहरूका लागी आईक्यानको कोडअफ ईथिक्सको ह्यान्डवुक अनुसार हाम्रा अन्य नैतिक जिम्मेवारीहरू पुरा गरेका छौं, हामी बिश्वास गर्छौ कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो रायका लागि आधार प्रदान गर्न पर्याप्त र उपयूक्त छन् ।

P. Chaudhary & Co. Biratnagar Registered Auditors

1

३. लेखापरीक्षणका मुख्य बिषयहरू:

लेखापरीक्षणका मुख्य विवरणहरू हाम्रो निर्णयमा आधारित बिषयहरू हुन जुन बर्तमान अवधिको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण छ जसलाई समग्र रूपमा अन्तिम विवरणहरूको लेखापरीक्षणको सन्दर्भमा र त्यसमा हाम्रो राय निर्माण गर्न सम्बोधन गरिएकोछ । हामी यी बिषयहरूमा अलग राय प्रदान गर्दैनौ । तलका बिषयहरू सम्बोधन गर्नका लागि लागू गरिएका प्रकृयाहरू तथा हाम्रो लेखापरीक्षण प्रकृयाका नतिजाहरूले संलग्न वित्तीय विवरणहरूमा हाम्रो लेखापरीक्षण रायको लागि आधार प्रदान गर्दछ ।

ऋण नोक्सानी कोषको व्यवस्था:

समीक्षा अवधिको अन्त्यमा सहकारी संस्थाले शेयर सदस्यहरूलाई लगानी गरेको खुद ऋण रकम कूल सम्पतिको ५८.१२% रहेकोछ । कूल ऋण रकम रू ३५,४९,३२,१६४।६६ को १% ले हुने रकम रू ३२,६७,८७४।६२ ऋण नोक्सानी कोषमा व्यवस्था गरिएकोछ । अग्रीम रकम बापत यस व्यवस्थालाई प्रमुख लेखापरीक्षण मुद्दाको रूपमा पहिचान गरिएको थियो र यो व्यवस्थापन निर्णयको हदसम्म विचारणीय थियो र नियामक निकायहरूद्वारा जारी गरिएका निर्देशनहरू र परिपत्रहरूको पालना गरिएको थियो ।

हाम्रो लेखापरीक्षणमा बिषयहरूको सम्बोधन:

हामीले ऋण नोक्सानी सम्वन्धि व्यवस्थाको पुन: प्रमाणिकरणमा निम्न प्रकृयाहरू लागू गर्यौं ।

क. ऋण फायलहरूको समिक्षा: जसमा ऋणीहरूले संस्थामा ऋण रकम फिर्ता गर्ने र व्याज तिर्ने साथै तमशुकको म्याद भित्र सम्पूर्ण रकम चुक्ता गर्ने व्यवहारको मूल्याङकन, उपलब्ध वित्तीय विवरणहरूको आधारमा आर्थिक सामर्थ्यको मूल्याङकन, सुरक्षणमा राखिएको धितोको पर्याप्तता, आवश्यक कानूनि कागजातहरू प्राप्ती र विवेकपूर्ण नियमहरूको पालना संलग्न छन् ।

ख. तथ्यांक संकलनको आधारमा लगानी भएका ऋण फायलहरूको छड्के निरिक्षण ।

ग. सदस्यलाई लगानी ऋण रकमको सहकारी प्राधिकरणबाट जारी मापदण्डका आधारमा ऋण बर्गिकरण गरी ऋण नोक्सानी कोषमा रकम छुट्याए नछुट्याएको सम्वन्धि समिक्षा ।

घ. सदस्यलाई लगानी ऋण रकमको सहकारी प्राधिकरणबाट जारी मापदण्डका आधारमा ऋण बर्गिकरण गरी ऋण नोक्सानी कोषमा रकम छुट्याए नछुट्याएको सम्वन्धि समिक्षा ।

ङ. ऋणीहरूको सक्रिय ऋणको व्यवस्थापनद्वारा गरिएको विषयगत निर्णयको उपयूक्तताको मूल्याङकन गरिएको ।

च. ऋण लगानीको लागी राखिएको धितो मूल्याङकन सम्वन्धि मूल्याङकन समितिको मूल्याङकन, ऋण उपसमितिको लगानी सम्वन्धि सिफारीस र संचालक समितिको निर्णयको समिक्षा ।

छ. सहकारी संस्थाले गरेको ऋण नोक्सानी कोषको व्यवस्था स्वीकार्य मानिन्छ ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र समितिको उत्तरदायित्वहरू:

नेपाल लेखामान, सम्वन्धित ऐन र अन्य प्रचलित नियम, कानून, अभ्यास अनुरूप विवरण तयार पार्ने तथा यथोचित प्रस्तुतिकरण गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा निहित रहेकोछ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरू तयार पार्ने तथा वित्तीय विवरणहरूको प्रस्तुतीकरण संग सम्वन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार पार्ने तथा, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरू पर्दछन । यस अर्न्तगत वित्तीय विवरणहरू गलत आँकडा, जालसाजी वा त्रुटीरहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसंग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अध्यावधिक बनाई राख्ने उपयुक्त लेखा नीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरू समेत पर्दछन् ।

५. लेखापरीक्षकको उत्तरदायित्व:

प्रस्तुत वित्तीय विवरणहरू माथि लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

P. Chaudhary & Co. Biratnagar Registered Auditors

2

६. वित्तीय स्थिति विवरणको प्रस्तुतीको आधार:

६.१ सम्बन्धित मानहरूको पालना:

संस्थाले नेपाल लेखामान बोर्डद्वारा जारी गरिएका र नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले लागु गरेका नेपाल लेखामान सिद्धान्तको आधारमा मझौला निकायको लागि नेपाल वित्तीय प्रतिवेदनमान (NFRS For SME) लागु गरेकोछ र सोहि अनुसारको लेखा नीति समेत निर्माण गरेकोछ । संस्थाको वार्षिक प्रतिवेदन प्रमुख लेखा नीतिमा अन्यथा उल्लेख भएको अवस्था बाहेक संस्थाको कारोबार नेपाल लेखामान, मझौला निकायको लागि नेपाल वित्तीय प्रतिवेदनमान, सहकारी मूल्य मान्यता सिद्धान्त, सहकारी ऐन नियम, संस्थाको विनियम, बचत तथा ऋण कार्यविधि, साधारणसभाबाट पारित नीति, कार्यक्रम र बजेट, संचालक समितिको निर्णय, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा तयार पारिएकोछ । संस्थाको संचालक समितिको बैठकको निर्णयअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरण अनुमोदन गरेकोछ ।

६.२ मापनको आधार:

संस्थाको वित्तीय विवरणहरू ऐतिहासिक लागत मूल्यको आधारमा तयार गरिएकोछ साथै विशेष रूपमा खुलासा गरिएकोछ ।

६.३ लेखा नीतिहरूमा भएको परिवर्तन र खुलासाहरू:

संस्थाले अन्यथा स्पष्टिकरण नदिएसम्म लेखा नीतिहरूलाई अघिल्लो आर्थिक वर्ष अनुसार नियमित रूपमा लागू गरिएको छ/निरन्तरता दिएकोछ । वित्तीय विवरणहरूमा दुरगामी प्रभाव पर्नेगरी यस आर्थिक वर्षमा लेखा नीतिहरूमा परिवर्तन भए/गरेको छैन ।

६.४ महत्वपूर्ण लेखा निर्णय, अनुमान र पूर्वानुमानहरू:

वित्तीय विवरण तयार गर्दा केहि महत्वपूर्ण लेखा निर्णय तथा अनुमानहरूको प्रयोग गर्न आवश्यक पर्दछ । यस प्रक्रियामा लेखा नीतिहरू लागू गर्दा व्यवस्थापनले विवेक अपनाउन जरूरी हुन्छ । व्यवस्थापनले भविश्यमा आउन सक्ने अवस्थाहरूलाई ध्यानमा राखेर सो अनुमान तथा पूर्वानुमानहरू गरिएको हुन्छ । यी अनुमान र निर्णयको विगतका अनुभव तथाअन्य कारकहरूको आधारमा निरन्तर समिक्षा गरिन्छ, जसमा भविश्यमा आउन सक्ने अवस्थाहरूको यथार्थपरक अपेक्षाहरू समेत समावेश हुन्छन् । यद्यपि, भविश्यमा वास्तविक परिणामहरू यी अनुमान र निर्णयहरू भन्दा फरक हुन सक्नेछन् । संस्थामा यस सँग सम्बन्धित महत्वपूर्ण लेखा निर्णय, अनुमान र मान्यताहरू कार्यान्वयन भए/गरेको छैन ।

६.५ अविच्छिन्न संचालन:

संस्थाको वित्तीय विवरणहरू समेटिएको लेखापरीक्षण प्रतिवेदन अविच्छिन्न संचालन निकायको अवधारणालाई आधार मानी तयार गरिएकोछ ।

## प्रमुख लेखा नीति:

७. सम्पति तथा जायजेथाहरू:

७.१ नगद र नगद सरह:

नगद र नगद सरह मा संस्थाको भल्टमा भएको नगद, बैंकबाट प्राप्त गर्नुपर्ने रकम र तीन महिनाभन्दा छोटो अवधिको मुद्धती निक्षेपहरूलाई समावेश गरिएकोछ । संस्थाको नगद व्यवस्थापनको अभिन्न भागको रूपमा प्रस्तुत गरिएका मागको आधारमा भुक्तानी गर्नुपर्ने बैंकका ऋणहरूलाई नगद प्रवाह विवरणमा नगद र नगद सरहको रूपमा समावेश गरिन्छ ।

७.२ बैंक मौज्दात:

संस्थाको नाममा बैंक र वित्तीय संस्थामा रहेको बैंक मौज्दातलाई समाबेश गरिएकोछ ।

७.३ लगानी:

सहकारी ऐनले निर्धारण गरेको नियमित रूपमा ब्याज तथा लाभांश आर्जन गर्ने गरी विभिन्न निकाय र सहकारी संस्थाका छाता संघ संस्थामा लगानी गरेको शेयर, नियमित बचत र सहकारी बैंकमा जम्मा गरेको लामो अवधिको आवधिक बचत रकमलाई समाबेश गरिन्छ ।

P. Chaudhary & Co. Biratnagar Registered Auditors

3

७.४ लगानी सम्पति हिसाब:

संस्थाले व्यवसायिक रूपमा उपयोग गर्ने र भविश्यमा बिक्री गरी मुनाफा प्राप्त गरी सदस्यहरूलाई बितरण गर्ने उद्धेश्यले खरिद गरेको व्यवसायिक जग्गा र घर लगानी सम्पतिमा समाबेश गरिएकोछ ।

७.५ ऋण लगानी हिसाब:

संस्थाले ऋण लगानी तथा असुली कार्यबिधि अनुसार सदस्यलाई स्वीकृत गरिएको मिति देखी असुली नभए सम्म कूल ऋण तथा सापटीमा सो बापत राखिएको ऋण नोक्सानी कोषमा रहेको रकम नघटाई वित्तीय स्थिति विवरणको कूल ऋण लगानी हिसाबमा लेखांकन गरिएकोछ ।

७.६ पाउनुपर्ने हिसाब:

यस अर्न्तगत संस्थाले अन्य निकायमा राखेको धरौटी रकम, संस्थाले कर कार्यालयमा भुक्तानी गरेको अग्रिम आयकर, बैंक तथा वित्तीय संस्थाको तर्फबाट श्रोतमा अग्रिम करकट्टी गरेको रकम र संस्थाले बिभिन्न व्यक्ति र निकायहरूबाट पाउनुपर्ने रकमहरू समावेश छन् ।

७.७ जायजेथा, प्लाण्ट र उपकरण:

संस्थाको स्वामित्वमा रहेको भवन तथा जग्गा, कार्यालय उपकरण तथा फर्निचर, सवारी साधन, वहालमा लिएको भवनमा बिकास गरिएको सम्पति तथा निर्माणाधिन अवस्थामा रहेको सम्पतिको लागत गणना गर्दा खरिद मुल्य देखि जडान र संचालनको अवस्था सम्म आउँदा हुने लागतको गणना गरी पुँजीकृत लेखांकन गरिएकोछ । एक बर्ष पछिसम्म पनि आर्थिक लाभ दिने अनुमान भएको र रू १०,०००। माथिको उपकरण खरिद वा खर्चलाई मात्र पुँजीकरण गर्ने नीति रहेकोछ । सम्पत्तिको प्रारम्भिक लेखांकन पश्चात जायजेथा, प्लान्ट र उपकरणहरूको मूल्यबाट ह्रासकट्टी र क्षयिकरण **(Impairment)** गरिन्छ । सो पश्चात हुने खर्चलाई जायजेथा, प्लान्ट र उपकरणको भविश्यमा क्षमता वृद्धि गरेमा मात्र पुँजीकृत गरिन्छ । अन्य सबै खर्चहरू आय र व्ययमा खर्चको रूपमा लेखांकन गरिन्छ ।

७.८ अमुर्त सम्पति हिसाब:

संस्थामा रहेको अमुर्त सम्पतिलाई लागत मुल्यमा लेखांकन गरिन्छ, सफ्टवेयरको ह्रासकट्टी स्ट्रेट लाईन विधि अनुसार नगरी दर प्रणाली अनुसार नै गरिएको छ । अमुर्त सम्पतिको किताबी मूल्यलाई निसर्गका बखत वा सो सम्पतिको प्रयोगबाट भविष्यमा आर्थिक लाभ प्राप्त हुन सक्ने/नसक्ने अवस्था आंकलन गरी अपलेखन गरी नाफा नोक्सान हिसाबमा लेखांकन गरिएकोछ ।

७.९ स्थगन कर सम्पति:

संस्थाको जायजेथा तथा उपकरण र लगानी सम्पतिको आयकर ऐन अनुसार र समदर प्रणाली अनुसार ह्रासकट्टी गर्दा उत्पन्न हुने स्थगन कर सम्पतिलाई समाबेश गरिएकोछ ।

७.१० अन्य सम्पति:

संस्थामा ग्यास व्यवसाय संचालन गर्ने प्रयोजनको लागि खरिद गरिएको सम्पति सामानको रकम समावेश गरिएकोछ ।

८ पुंजी तथा दायित्वहरू:

संस्थामा रहेको पुंजी तथा दायित्वहरूलाई निम्नानुसार लेखांकन गरिएकोछ ।

८.१ निक्षेप:

संस्थाका शेयर सदस्यहरूले बिभिन्न शिर्षकमा निश्चित व्याज पाउने गरी संस्थामा जम्मा गरेको बचत रकमलाई समावेश गरिएकोछ । सदस्यहरूले विभिन्न बचत खाताहरूमा रहेको स्वदेशी मुद्राका निक्षेपहरू संस्थामा जम्मा गरेको मितिमा लेखांकन गरी नियमानुसार मासिक अर्धबार्षिक र बार्षिक रूपमा तोकिएको व्याज उपलब्ध गराईनेछ ।

८.२ ऋण लिएको हिसाब:

संस्थाको तरलता व्यवस्थापन गर्न निश्चित व्याज बुझाउने र निश्चित समयमा फिर्ता गर्नेगरी विभिन्न निकाय, बैंक तथा वित्तीय संस्थाहरूबाट संस्थाले लिएको ऋण रकमलाई देखाईएकोछ ।

P. Chaudhary Biratnagar Registered Auditors

4

८.३ भुक्तानी दिनुपर्ने हिसाब:
संस्थाले भविश्यमा भुक्तानी गर्ने गरी लिईएको लागत रहित रकमलाई राखिएकोछ ।

८.४ अन्य दायित्व हिसाब:
संस्थाले निकायमा तिर्न बाँकी कर, दिनुपर्ने लेखापरीक्षण शुल्क, तिर्नबाँकी बिभिन्न दायित्वहरू साथै कर्मचारी लाभ सम्बन्धि अल्पकालीन र दिर्घकालीन दायित्व जस्तै प्रोत्साहन, उपादान दायित्व, लामो सेवा बिदाको दायित्व, खर्चगर्न बाँकी ब्याज दायित्वहरू यस शिर्षकमा उल्लेख गरिएकोछ । लामो सेवा बिदा अर्न्तगत बिरामी बिदा र बार्षिक बिदा पर्दछन ।

८.५ स्थगन कर दायित्व:
संस्थाको जायजेथा तथा उपकरण र लगानी सम्पतिको आयकर ऐन अनुसार र समदर प्रणाली अनुसार ह्रासकट्टी गर्दा उत्पन्न हुने स्थगन कर दायित्वलाई समावेश गरिएकोछ ।

८.६ शेयर पुंजी:
शेयरपुंजीको लेखांकन प्रतिकित्ता रू १००। रहने, चुक्ता भएको आधारमा लेखांकन हुनेछ ।

८.७ कोष:
संस्थाको बार्षिक मुनाफालाई सहकारी ऐन, नियम र संस्थाको बिनियममा उल्लेखित दरमा बाँडफाँड गरी बितरण गरिएको रकम र विभिन्न निकायबाट प्राप्त पुंजीगत अनुदान र संस्थाले शेयर सदस्यहरूको सामूहिक हित अनुकुल खर्च गर्ने गरी खडा गरिएका बिभिन्न लागत रहित अल्पकालिन र दिर्घकालीन दायित्वहरूलाई समावेश गरिएकोछ । संस्थाले बार्षिक मुनाफाबाट निम्नानुसार कोषमा रकम बाँडफाँड गर्ने गरेकोछ ।

| | |
|---|---|
| १। शेयर बोनस कोष | ७० प्रतिशत |
| २। सहकारी शिक्षा कोष | ५ प्रतिशत |
| ३। सहकारी संस्था बिकास कोष | ५ प्रतिशत |
| ४। घाटापुर्ति कोष | ५ प्रतिशत |
| ५। सामूदायिक बिकास कोष | ५ प्रतिशत |
| ६। स्थिरीकरण कोष | ५ प्रतिशत |
| ७। अन्य जोखिम कोष | ५ प्रतिशत |

९. अनुदानमा प्राप्त सम्पति:
प्रतिबन्धित कोषमार्फत परियोजनाको उपयोगको लागि खरिद गरिएको सम्पत्ति, प्लान्ट र उपकरणलाई सुरूमा परियोजना खर्चको रूपमा लेखाङकन गरिन्छ र सोही बराबरको आम्दानीलाई पनि संगै लेखाङकन गरिन्छ । यदि परियोजनाको समाप्तिमा, उक्त सम्पत्ति दाताको अनुमतिबाट संस्थालाई हस्तान्तरण भएमा, उक्त सम्पत्तिको मूल्याङकन गरी वित्तीय विवरणमा सम्पत्ति, प्लान्ट र उपकरणमा लेखांकन गरिन्छ र सोहि बराबरको पुंजीकोष पनि लेखाङकन गरिन्छ । यसरी हस्तान्तरण भएर आएका सम्पत्तिहरूको मूल्य ह्रास पुंजीकोषमा लेखांकन गरिनेछ । ह्रासको उद्धेश्यका लागि वित्तीय विवरणमा समावेश गर्नको लागि मुल्यांकनको मितिलाई खरिदको मिति मानिन्छ ।

१०. मौज्दात:
जिन्सी मौज्दातको लागत वा खुद वास्तविक मूल्यमा **(Net Realizable Value)** जुन कम हुन्छ, सोही मूल्यमा मूल्यांकन गरिन्छ । खुद वास्तविक मूल्य भन्नाले जिन्सीको बजार मूल्यमा बिक्री गर्दा लाग्ने अपेक्षित लागत घटाएर आएको मुल्यलाई बुझिन्छ ।

जिन्सी मौज्दातको लागतलाई **First-in First-out (FIFO)** विधिमा निर्धारित गरिन्छ र सो लागतमा जिन्सीलाई हालको स्थान तथा अवस्थासम्म ल्याउन लागि लागेका खर्चहरू समेत समावेश गरिएको हुन्छ । वितरण तथा पुन: विक्रीको लागि अनुदानमा प्राप्त जिन्सीलाई वित्तीय विवरणमा सो जिन्सीहरू वितरण तथा पुन: विक्री नभएसम्म समावेश गरिदैन ।

११. व्यवस्थाहरू:
विगतका घटनाले भविश्यमा कानूनत: दायित्व सिर्जना हुन्छ र सो रकमलाई सजिलै अनुमान गर्न सकिन्छ भने सो रकमको लागि खर्चको व्यवस्था गरी वित्तीय विवरणमा समावेश गर्नुपर्दछ र खुलासा पनि गर्नुपर्दछ ।

संस्थाले हालमा भए गरेका गतिविधिवाट भविष्यमा सिर्जना हुन सक्ने कानुनी दायित्वहरूको अनुमान र सोको लागि व्यवस्था गरेको छैन ।

P. Chaudhary Biratnagar Registered Auditors

5

१२. तिर्नुपर्ने दायित्वहरू:

संस्थाले ऋण तथा दायित्वको लेखाङ्कन लागत मूल्यमा गर्ने नीति लिएकोछ ।

१३. अनुदान र सब्सिडीहरू:

अनुदानहरूलाई उचित मूल्यमा (Fair Value) वित्तीय विवरणहरूमा लेखाङ्कन गरिन्छ । जब अनुदान वा सब्सिडी खर्चसंग सम्बन्धित हुन्छ, यसलाई व्यवस्थित आधारमा क्षतिपूर्ति गर्ने उद्धेश्यले लेखा वर्षहरूमा लागत संग मेल हुने गरी स्थगन आयको रूपमा लेखाङ्कन गरिन्छ ।

जायजेथा, प्लान्ट र उपकरणको रूपमा प्राप्त अनुदान र सब्सिडीहरूलाई वित्तीय स्थिति विवरणमा स्थगन आयको रूपमा लेखाङ्कन गरिन्छ र सो सम्पत्तिको उपयोगी जीवनको आधारमा प्रत्येक वर्ष आयव्यय विवरणमा स्थगित आयलाई क्रेडिट गरिन्छ र सो सँग मेल हुनेगरी ह्रासकट्टी खर्चलाई डेबिट गरिन्छ ।

अनुदानमा प्राप्त परियोजनामा यदि सम्पत्तिको खरिद पनि संलग्न भएमा, यस्तो सम्पत्तिको खरिद गर्दाको लागतलाई परियोजना खर्चको रूपमा लेखाङ्कन गरिन्छ र सोहि वर्षमा खर्च बराबरको अनुदान वापतको रकमलाई आय व्यय विवरणमा आयको रूपमा पनि लेखाङ्कन गरिन्छ । परियोजनाको अन्त्यमा, आय र व्यय विवरणमा प्रस्तुत गरिएको सम्पत्तिहरूलाई उचित मूल्यमा पुन: सम्पत्ति, प्लान्ट र उपकरणको रूपमा लेखाङ्कन गरी सोहि बराबरको पुँजीकोष पनि खडा गरिन्छ । प्रत्येक वर्ष सम्बन्धित सम्पत्तिको उपयोगी जीवनको आधारमा ह्रासकट्टी गरिन्छ र सोहि बराबरको रकमलाई पुँजीकोषबाट पनि घटाईन्छ ।

संस्थाले संस्थामा प्राप्त भएको नगद अनुदान सम्बन्धित आर्थिक वर्षमा भएको खर्चको रकमसम्म सोहि वर्ष आम्दानी लेखाङ्कन र बाँकी रकमलाई स्थगन आम्दानीमा लेखाङ्कन गर्ने नीति रहेकोछ । गैह्नगद अनुदानको हकमा, उचित मूल्यमा, सम्बन्धित आर्थिक वर्षमा नै खर्च लेखिने रकमलाई आम्दानी जनाईनेछ र स्थिर सम्पतिमा लेखाँकन हुनेलाई स्थिर सम्पतिमा लेखाङ्कन गरी पुँजीकृत कोषमा लेखाङ्कन गर्ने नीति रहेकोछ ।

१४ आम्दानीको लेखाङ्कन:

१४.१. आम्दानी/आयका श्रोतहरू (Contributions / Incoming Sources)

प्रतिबन्धित कोषबाट प्राप्त आयलाई कोष प्राप्त गर्नका लागि सबै शर्तहरू पुरा भएको निश्चित भई अपेक्षित खर्च भए गरे पश्चात आय र व्ययको विवरणमा लेखाङ्कन गरिन्छ । प्रयोग नगरिएको रकम वित्तीय स्थिति विवरणमा आगामी वर्षको लागि अघि सारिन्छ । जिन्सीको रूपमा प्राप्त चन्दा र उपहारहरू लाभार्थीहरूलाई प्रदान गरेपश्चात वा पुन: बिक्रीको लागि प्राप्त भएको भए सोको विक्री पश्चात प्राप्त आम्दानीको साथ उचित मूल्यमा लेखाङ्कन गरिन्छ । बिक्री वा वितरण नगरिएका वस्तुहरू जिन्सीको रूपमा राखिन्छ तर वित्तीय विवरणमा लेखाँकन गरिदैनन् । अन्य सबै आम्दानीलाई संस्था कानुनी रूपमा त्यस्तो कोषको प्रयोगको हकदार हुँदा लेखाङ्कन गरिन्छ । यसमा चन्दा संकलन कार्य र उपहारको रूपमा प्राप्त आयलाई पनि समावेश गरिन्छ ।

१४.२ वित्तीय आय:

ऋणमा प्राप्त हुने व्याज र अन्य प्राप्त हुने सुनिश्चित भएमा आर्जित व्याज र अन्य आम्दानीलाई प्राप्तीका आधारमा लेखाङ्कन गरिन्छ । लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि प्राप्त हुने लाभांशलाई लेखाँकन गरिन्छ । प्रदान गरिएका सेवाहरूबाट आर्जित आय सेवा प्रदान गरेपछि ग्राहकहरूले स्वीकार गरे पश्चात सोहि लेखा अवधिमा लेखाङ्कन गरिन्छ । जायजेथा, प्लान्ट र उपकरण र लगानी लगायत अन्य गैह्-चालु सम्पत्तिको निसर्गमा भएको नाफा वा नोक्सानलाई सोको निसर्गबाट प्राप्त आय, सो सम्पत्तिको बाँकी मौज्दात तथा विक्री खर्चलाई घटाई आय तथा व्यय विवरणमा प्रस्तुत गरिन्छ ।

१४.३ अन्य आय:

अन्य आम्दानीलाई नगद आधारमा लेखाङ्कन गरिन्छ । संस्थाले गरेका आम्दानीहरूको लेखाङ्कन नगद/प्रोदभावी आधारमा गर्ने नीति रहेकोछ ।

P. Chaudhary & Co. Biratnagar Registered Auditors

१५ खर्चको लेखांकन:

१५.१ वित्तीय खर्च:

सदस्यहरूको निक्षेपमा भुक्तानी भएको ब्याज र संस्थाले बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जामा पाकेको ब्याजलाई पाकेको आधारमा लेखाङकन गरिएकोछ ।

१५.२ कर्मचारी खर्च:

संस्थाले कर्मचारीहरूलाई भुक्तानी गरेको तलब, चाडपर्व खर्च, बिदाको रकम तथा बोनस खर्चको लेखाङकन गरिएकोछ र सोमा १% करकट्टी गरी भुक्तानी गर्ने गरिएकोछ ।

१५.३ लागत खर्च (Borrowing Costs):

निर्माणाधिन सम्पत्तिको (Qualifying Asset) को खरिद, निर्माण तथा उत्पादन गर्दा लाग्ने लागत खर्चलाई आय-व्यय विवरणमा खर्चको रूपमा लेखाङकन गरिएकोछ । अन्य लागत खर्चलाई खर्च भएको अवधिमा नै खर्चको रूपमा लेखाङकन गरिएकोछ ।

१५.४ ह्रासकट्टी खर्च:

सबै जायजेथा, प्लान्ट तथा उपकरणहरूको घट्दो ह्रास प्रणाली (Diminishing Balance Method) अनुसार ह्रासकट्टी गरिएकोछ । जग्गा बाहेक अन्य सबै सम्पत्ति, प्लान्ट तथा उपकरणको ह्रासकट्टी सो सम्पत्तिको लागतमा गणना गरिएकोछ । सो सम्पत्तिलाई अनुमानित उपयोगी जीवनमा निश्कासन (Dispose) गर्नको लागि सम्पत्तिको टर्मिनल मूल्य घटाएर लागतमा गणना गरिएकोछ । ह्रासकट्टी गणनाको लागि संस्थाले कुनै महिनाको जुनसुकै दिनमा खरिद गरेको भए पनि उक्त महिनाको अन्तिम दिनमा खरिद भएको मान्ने नीति लिईएकोछ ।

संस्थाद्वारा हाल प्रयोग भईरहेको ह्रासकट्टीका वार्षिक दरहरू निम्न रहेका छन्:
उल्लेखित सम्पत्तिको अवधि साधारण गणनाको लागि दिईएकोछ । सम्पत्तिको प्रयोग अवधि उल्लेखित अवधि भन्दा फरक हुन सक्नेछ र सोको विवरण सम्पत्तिको दर्ता किताबमा उल्लेख गरिएकोछ ।

संस्थाले स्थिर सम्पतिको ह्रासकट्टी आयकर ऐन २०५८ अनुसार देहाय बमोजिम गरेकोछ ।

| स्थिर सम्पतीको विवरण | वर्ग | ह्रासकट्टी दर (प्रतिशत) | |
|---|---|---|---|
| जग्गा जमिन | क | ० | |
| भवन | क | ५ | |
| फर्निचर सामान र सुचना यन्त्र कम्प्यूटर | ख | २५ | |
| सुरक्षण सामान | ग | ५ | |
| कार्यालय सामान | घ | १५ | |
| अमुर्त सम्पति | ङ | १० | |

१६. आय कर:

संस्थाले चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ को संसोधितमा गरिएको व्यवस्था बमोजिम यस बर्षको नाफालाई आधार मानी गणना गरिएकोछ । आयकर खर्चमा यस बर्षको कर, स्थगन कर तथा बिगत बर्षको कुनै थप कर आएमा सो समेत समाबेश गरिएकोछ ।

१७. कोष व्यवस्थापन:

प्रदेश सहकारी ऐन २०७६ को दफा ५५, ५६ र ५७ मा व्यवस्था भएको कोषहरू सोहि ऐनको दफा ६५(२) बमोजिम कर व्यवस्थापन पछि गरिएकोछ, साथै संस्थाको विनियममा उल्लेख भएका कोषहरूमा समेत कर व्यवस्थापन पछि तोकिएको दरमा कोष बाँडफाँड गरिएकोछ भने संस्थाको विकास तथा प्रवर्द्धनका लागि छुट्याईएका संस्थागत कोषहरू पनि समावेश गरिएकोछ । सदस्यहरूलाई बितरण गरेको शेयरको प्रतिफलको पनि ADD BACK गरी कर व्यवस्था गरिएकोछ ।

P. Chaudhary Biratnagar Registered Auditor

१८. सम्भाव्य दायित्वहरू:

सम्भाव्य दायित्व भन्नाले विगतका घटनाहरूबाट उत्पन्न हुन सक्ने सम्भावित दायित्वलाई बुझिन्छ जसको अस्तित्व कुनै एक वा एक भन्दा बढी अनिश्चित भविष्यका घटनाहरूमा आधारित हुन्छन् र यी घटनाहरू संस्थाको पूर्ण नियन्त्रणमा हुदैनन् । यो विगतका घटनाहरूबाट वर्तमान दायित्व पनि सिर्जना हुन सक्छन्, जसमा आर्थिक लाभ बाहिरिने सम्भावना छैन अथवा पुर्ण रूपमा सोको लागतलाई मापन गर्न सकिदैन । यस्ता सम्भाव्य दायित्वहरू नोटमा खुलासा गरिन्छ । सम्भाव्य दायित्वको रूपमा रिपोर्ट गरिएका केहि संचालन सम्बन्धि दावीहरूलाई सो दावीहरूको प्रकृति तथा अनिश्चितताको कारण सम्भाव्य दायित्वको रूपमा खुलासा गर्न व्यवहारिक हुदैन ।

१९. सम्पति तथा दायित्वलाई चालु र गैह्चालुमा वर्गिकरण:

संस्थाको वित्तीय स्थिति विवरणमा आधारित भएर सम्पति तथा दायित्वलाई चालु र गैह्चालुमा बिभाजन गरी प्रस्तुत गरिएकोछ ।

२०. विगतका भुलसुधार, समायोजन र शिर्षक स्थानान्तरण:

संस्थाले सम्पति दायित्व हिसाबमा विगत बर्षहरूमा भएका भुलहरू हाल पत्ता लागेको अवस्थामा र पुस्ट्याई हुने पर्याप्त प्रमाणहरूका आधारमा समायोजन गरी वित्तीय विवरणमा समावेश गर्ने नीति लिईएकोछ । साथै सम्पति दायित्व र आम्दानी खर्चका कतिपय शिर्षकहरू कूल रकममा फरक नपर्ने गरी स्थानान्तरण गरिएकोछ ।

२१. लेखापरीक्षकको राय तथा सुझावहरू:

१। गत आ.व.को लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षकले औंल्याएका सुझावहरू कार्यान्वयन गरेको पाईयो । साथै आन्तरिक लेखा सुपरीवेक्षण समितिले त्रैयामासिक रूपमा संस्थाको लेखापरिक्षण गर्दा दिएका सुझावहरू समेत कार्यन्वयन गरेको पाईयो ।

२। आगामी दिनमा रू ५०,०००। माथिको खर्चको भुक्तानी गर्दा चेकबाट गर्ने कार्यलाई निरन्तरता दिन सुझाव दिन चाहन्छौं ।

३। सदस्यहरूलाई रू ५,००,०००। भन्दा माथिको रकम बचत फिर्ता गर्दा र ऋण लगानी गर्दा अनिवार्य चेक मार्फत गर्ने कार्यलाई निरन्तरता दिन सुझाव दिन चाहन्छौं ।

४। सदस्यहरूको व्यक्तिगत विवरण अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिनुहुन अनुरोध छ ।

५। सम्पति शुद्धिकरण बिभाग, सहकारी बिभाग, नियमन प्राधिकरण, कोशी प्रदेश रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय र अन्य नियमनकारी निकायबाट समय समयमा जारी निर्देशनहरू पुर्ण रूपमा कार्यान्वयन गर्न सुझाव दिन चाहन्छौं ।

६। संस्थामा सदस्यहरूबाट प्राप्त बचतको अनुपातमा ऋण लगानीको प्रतिशत कम देखिएको साथै तरलता बढी देखिएको हुनाले आगामी दिनमा ऋण लगानीका क्षेत्रहरू पहिल्याई सुरक्षित ऋण लगानी गर्दै ऋण लगानी बृद्धि गर्ने तर्फ थप पहल गर्नुपर्ने देखिन्छ ।

७। संस्थाको लेखा मझौला निकायको लागि नेपाल वित्तीय प्रतिवेदनमान (NFRS For SME) अनुसार राख्न सुरू गरिएको हुनाले परिवर्तित लेखामानका सम्बन्धमा संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र कर्मचारीहरूलाई लेखा तथा क्षमता बिकास तालिम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिन सुझाव दिन चाहन्छौं ।

८। संस्था सञ्चालनमा सहजताका लागि नयाँ सहकारी ऐन, नियममा भएका प्रावधान साथै नियमनकारी निकायहरूद्वारा जारी निर्देशिकाहरूको नियमित अध्ययन गर्नुहुन अनुरोध छ ।

९। संस्थामा रहेको फर्निचर तथा फर्निसिडको कोडिङ गरी व्यवस्थित गर्न सुझाव दिन चाहन्छौं ।

P. Chaudhary & Co. Registered Biratnagar

## अवस्था, व्यवस्था:

संस्थाको नाम : श्री राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.,
ठेगाना : बिराटनगर ९, मोरंग,
स्थायी लेखा नं. : ३०१९२०१६६

१। संस्थामा शेयर पुँजी कूल सम्पतिमा १२.२६% र कूल बचतमा १५.६१% रहेको देखिन्छ ।

२। दिर्घकालिन पुँजीको रूपमा रहेको जगेडाकोष कूल सम्पतिमा ६.१३% रहेको देखिन्छ ।

३। संस्थामा रहेको लागत रहित दायित्व तथा कोषहरू कूल सम्पतिमा ९.२४% रहेको देखिन्छ भने प्रत्यक्ष रूपमा आयआर्जन नगर्ने सम्पति ८.१७% रहेको पाईयो ।

४। संस्थामा शेयर सदस्यहरूले मासिक रूपमा जम्मा गर्ने क्रमागत बचत रकम कूल सम्पति दायित्वको २१.५०% र कूल बचतको २७.३९% रहेको देखिन्छ ।

५। यस बर्ष ऋण लगानीको अनुपातमा ऋण असुली ८७.३६% र निक्षेप प्राप्तको अनुपातमा निक्षेप भुक्तानी ६६.१०% रहेको देखिन्छ ।

६। संस्थाका सदस्यहरूको शेयर, बचत र संस्थाले लिएको ऋणको अनुपातमा आयआर्जन क्षेत्रमा ऋण लगानी ५८.१२% रहेकोछ भने सोही अनुपातमा तरलता २९.२८% रहेको पाईयो ।

७। संस्थावाट सदस्यहरूलाई ऋण लगानी गर्नासाथ जोखिम वढ्ने हुँदा ऋण नोक्सानी कोषको व्यवस्था गरिएकोछ । हाल संस्थामा निष्क्रिय ऋण नरहेकोले संस्थाको कूल सक्रिय ऋण लगानीको १% ले हुने रकम ऋण नोक्सानी कोषमा रहेकोछ । लगानी भएको ऋणलाई बर्गिकरण गरी ऋण नोक्सानी कोप र अन्य ऋण सुरक्षण कोपलाई आधार मानी नियमानुसार ऋण नोक्सानी कोषको व्यवस्था गरेको पाईयो ।

८। सम्पतिको खास मूल्य सामान्यतया १००% भन्दा तल रहेको स्थिति छ भने सम्पतिले दायित्व भुक्तान गर्न नसक्ने अवस्था हुन्छ । तर संस्थाको हालको सम्पतिको खास मूल्य १०९.४५% रहेको हुनाले स्थिति सन्तोषजनक रहेको देखिन्छ ।

९। संस्थाले आवश्यक नीति, निर्देशिका र कार्यविधिहरू तयार गरी कार्यान्वयन गरेको देखिन्छ ।

१०। औसत सम्पतिमा प्रतिफल ७.७२% र औसत ऋणमा प्रतिफल ११.६३% रहेको देखिन्छ ।

११। बचतमा लागत ५.९५% रहेको देखिन्छ । यस आ.व.मा बाह्यऋण लिएको पाईएन ।

१२। संस्थाको कुल कर्जाको अनुपातमा निष्क्रिय कर्जा ०% रहेको देखिन्छ ।

१३। आ.व. २०८२/८३ को संस्था संचालन खर्च औसत सम्पतिमा १.२४% रहेको पाईयो ।

१४। संस्थाको औसत वित्तीय लगानीबाट आम्दानी ६.६७% रहेको देखिन्छ भने कुल सम्पतिको अनुपातमा आय आर्जन नगर्ने तरल सम्पती ०.१४% रहेको पाईयो ।

१५। संस्थाको यस आ.व.मा गैरवित्तीय लगानीबाट ०.१८% आम्दानी भएको देखिन्छ । औसत शेयर पुँजीको १०.३८% ले हुने रकम शेयर प्रतिफल बितरण गर्ने स्थिति रहेको देखिन्छ ।

P. Chaudhary & Co. Biratnagar Registered Auditors

9

**१६। सामाजिक सुरक्षा कोष :**
संस्थाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्धता गरी रकम जम्मा गरेको पाईयो ।

**१७। फायल र खाताहरू:**
प्रत्येक सदस्यहरूको सम्पुर्ण विवरण देखिने गर शेयर, बचत र ऋणका व्यक्तिगत फायल र खाताहरू राखिएकोछ । सम्पति दायित्वको मुख्य र सहायक खाताहरू राख्नुको साथै संस्थाको सम्पुर्ण कारोबार अनलाईन कम्प्युटर सफ्टवेयर प्रणालीबाट लेखाङकन गरिएकोछ । ग्याँस व्यवसायको बासलात, आम्दानी, खर्चको अलग खाता रहेकोछ । व्यवसाय र लगानी कारोबारको कम्पायल आय विवरण तयार गरी नाफा नोक्सान विवरण तयार पारेको देखिन्छ ।

**१८। परिबार राहत कोष:**
सदस्य बन्दा एक पटक रू ५,००। परिबार राहत शुल्क लिने गरेकोछ । संस्थाबाट यो आर्थिक बर्षमा रू १,५०,०००। उक्त कोषमा राखेको देखिन्छ । सदस्यको मृत्यु भएमा निजका आश्रित परिवारलाई परिबार राहत स्वरूप रू १५,०००। र सदस्य सुत्केरी हुँदा दुई बच्चासम्म शिशुपोषण खर्च रू ५,०००। उपलब्ध गराउनुका साथै दिर्घरोग लागेमा बिरामी शेयर सदस्यलाई भेट्न जाँदा रू ७,०००। फलफूल खर्च उपलब्ध गराउने गरेको देखिन्छ ।

**१९। ऋण लगानी:**
(क) संस्थाबाट सदस्यलाई साधारण ऋण, आवधिक धितोऋण, हायरपर्चेज ऋण र बिभिन्न शिर्षक मा धितो ऋण लगानी गर्ने गरेको देखिन्छ ।
(ख) सदस्य वा निजको श्रीमान/श्रीमतीको नाममा रहेको स्थिर सम्पती घर जग्गा धितोबन्धक पास गरी एक सदस्यलाई बढीमा रू ५०,००,०००। (रू पचास लाख) ऋण दिने गरेको पाईयो ।
(ग) ऋणको भाखा अवधि ५ बर्ष र ब्याज ६.५% देखि ११% सम्म कायम गरेको देखिन्छ ।
(घ) धितो मुल्याकन उपसमितिले पेश गरेको मुल्याकन प्रतिवेदन ऋण उपसमितिले स्वीकृत गरेपछि बढीमा रू ३०,००,०००। (रू तीस लाख) सम्म संस्थाको अध्यक्ष/कार्यकारी निर्देशक र सोदेखी माथि सञ्चालक समितिबाट ऋण फायल स्वीकृती गरी मालपोत कार्यालयमा धितोबन्धक पास गरी नियमानुसार ऋण लगानी गर्ने गरेको पाईयो ।
(ङ) संस्थाको प्राथमिक पुंजीकोष (शेयर र जगेडाकोष) को १५% रू १,७०,९५,६६४।२६ हुने भएता पनि कुनै सदस्यले एकल वा संयुक्त रूपमा व्यवसाय गर्ने गरी व्यवसायिक परियोजना प्रस्ताव गरेमा सञ्चालक समितिको निर्णयानुसार धितो राखी एक सदस्यलाई संस्थाबाट लगानी गरिने ऋणको अधिकतम सिमा रू १,००,००,०००। (रू एक करोड) सम्म कायम गरेको पाईयो ।

**२०। कम्पाइल आय बिवरण:**
संस्थाले गरेको वित्तीय र व्यवसायिक कारोबारको कम्पाइल आय विवरण बनाएको पाईयो ।

**२१। संस्थाले गरेका प्रबिधि मैत्री कार्यहरू:**
(क) संस्थाले सिनर्जी टेक सफ्टवेयर ललितपुरको अनलाईन सफ्टवेयर खरिद गरी सोही सफ्टवेयर मार्फत सम्पुर्ण कारोबारको लेखा राख्ने व्यवस्था मिलाएको देखिन्छ ।
(ख) संस्थामा सदस्यले गरेको कारोबारको नगदी रसिद उपलब्ध गराउनुका साथै कारोबारको SMS मार्फत सदस्यलाई जानकारी समेत गराउने गरेको देखिन्छ ।
(ग) मोवाइल फाईनान्स कम्पनी ललितपुरबाट एप्स खरिदगरी राष्ट्रसेवक मोवाइल एप्प सञ्चालनमा ल्याएको पाईयो । एप्स मार्फत सदस्यले संस्थामा रहेको बचतखाताको विवरण हेर्ने तथा बचत खातामा रहेको रकम मार्फत मोवाइल रिचार्ज गर्ने, टेलिफोन साथै बिजुलीको बिल बुझाउने लगायत **UTILITY PAYMENT** को काम गर्ने र संस्थामा रहेको आफ्नो बचत खाताको रकम अन्य बैंकमा **BANK TRANSFER** को व्यवस्था मिलाएको पाईयो ।

Biratnagar Registered Auditors

10

२२। बिदा संचित कोष:
कर्मचारीहरूको बार्षिक रूपमा खर्च भएर बचेको संचित घरबिदा र बिरामी बिदाको रेकर्ड राखिएको छ । संचित बिदा कोषको व्यवस्था गरी भविष्यमा भुक्तानीको लागि यस आ.व.मा रू १,४२,३९६। मात्र रकम कर्मचारी बिदा संचित कोषमा थप व्यवस्थापन गरेको देखिन्छ ।

२३। शेयर बोनस र संरक्षित पुंजीफिर्ता कोष:
गत बर्षको शेयर बोनस र संरक्षित पुंजीफिर्ता कोषमा छुट्याईएको रकमहरू सहकारी ऐन र नियमानुसार सदस्यहरूको बार्षिक कारोबारलाई आधार मानी बितरण गरेको देखिन्छ ।

२४। शेयरको अधिकतम सिमा निर्धारण:
शेयरको स्तर समान रूपमा कायम राख्न सदस्यहरूले शेयर खरिद गर्दा एक जना सदस्यलाई अधिकतम ५,००० (पाँच हजार) कित्ता सम्म मात्र शेयर बिक्री गर्ने गरेको देखिन्छ ।

२५। सामाजिक कार्य:
(क) संस्थाले मासिक रूपमा साहित्य सृजना र सम्वाद कार्यक्रम संचालन गर्ने गरेको पाईयो ।
(ख) ७५ बर्ष नाघेका सदस्यलाई बार्षिक रू २,०००। औषधी उपचार खर्च बापत साधारण सभामा नगदै दिने व्यवस्था मिलाएको पाईयो ।
(ग) शेयर सदस्यलाई सहभागी गराई सदस्य सहकारी शिक्षा तालिम, वित्तीय बिश्लेषण कार्यक्रमहरू सञ्चालन तथा संस्थाका कर्मचारीलाई तालिमको व्यवस्था गरेको पाईयो ।
(घ) संस्थाका जेष्ठ सदस्यहरूलाई धार्मिक स्थलमा भ्रमण गराउने गरेको पाईयो ।
(ङ) संस्थाबाट संचालित राष्ट्रसेवक जेष्ठ नागरिक समाजलाई सहयोग प्रदान गरेको देखिन्छ ।
(च) सदस्यको परिवारमा परेको दुखमा सहानुभूती र समवेदना व्यक्त गर्न जाने गरेको देखिन्छ साथै सदस्यहरूले गर्ने सामाजिक कार्यक्रममा सहभागी हुने गरेको देखिन्छ ।
(छ) बनभोज कार्यक्रम, रमाईलो तिज कार्यक्रम लगायत सदस्यहरूको लागत सहभागीतामा बिभिन्न भौगोलिक धार्मिक क्षेत्र र सहकारीहरूको अध्ययन अवलोकन भ्रमण गराउने गरेको पाईयो ।

२६। व्यवसाय हिसाब:
ग्याँस व्यवसायको खरिद, बिक्री, आम्दानी, खर्च, वासलात, सन्तुलन परीक्षण र नाफा नोक्सान को हिसाव राखिएकोछ ।

२७ बिबिध:
गत आ.व.को लेखापरीक्षण प्रतिवेदनको सम्पति' दायित्व, आम्दानी खर्चको रकमको कूल अंकमा फरक नपर्ने गरी सम्पति, दायित्व, आम्दानी र खर्चका शिर्षकका सहायक खाता स्थानान्तरण गरी लेखा राखेको पाईयो ।

मिति: २०८३/०५/११

प्रकाश नारायण चौधरी
पि. चौधरी एण्ड कम्पनी
दर्तावाला लेखापरिक्षक
बिराटनगर १२ मोरंग

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.

## विराटनगर, मोरंग

## २०८३ असार मसान्तको

## वित्तीय स्थिति विवरण

| सि.नं. | विवरण (हिसाब खाता) | लेखा टिप्पणी | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ | कैफियत |
|---|---|---|---|---|---|
| १ | सम्पति तथा जायजेथा खाता | | | | |
| | नगद हिसाब | ४.१ | ८६५५०३।०० | ८९४८२०।०० | |
| | बैंक हिसाब | ४.२ | १६३७६६१२९।२८ | ११०९१८१८६।४८ | |
| | लगानी हिसाब | ४.३ | ६२५९८७०१।१४ | ४२५६८२६५।८२ | |
| | लगानी सम्पति हिसाब | ४.४ | २१९५३३२२।०० | २२१४८२८८।०० | |
| | ऋण लगानी हिसाब | ४.५ | ३२६७८७४६२।०० | ३५८८७२९९४।०० | |
| | पाउनुपर्ने हिसाब | ४.६ | ३९८५२७२।३५ | २०४९०१८।९९ | |
| | जायजेथा तथा उपकरण हिसाब | ४.७ | ३८८७८८१०।७० | ३५६७३००१।७० | |
| | अमुर्त सम्पति हिसाब | ४.८ | १२९०९५।०० | १४३४४०।०० | |
| | स्थगन कर सम्पति हिसाब | ४.९ | १७०२९।०० | ३५४३९।२० | |
| | अन्य सम्पति हिसाब | ४.१० | ५५४०००।०० | ५५४०००।०० | |
| | जम्मा सम्पति तथा जायजेथा | | ६१९५३५३२४।४७ | ५७३८५७४५४।१९ | |
| २ | पुंजी तथा दायित्व खाता | | | | |
